सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

३० कात्तिक २०८३, सोमबार (16 Nov 2026, Monday) ■ नेपाल संवत् ११४७ ■ वर्ष २० ■ अंक २०५ ■ पृष्ठ १२ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

हात्तीको हन्जा नेपाल छिर्ने प्रयास



एक सयभन्दा धेरै हात्ती नेपाल प्रवेश गर्न निरन्तर प्रयास गरेपछि धानबाली जोगाउन मेची नदीमा जाग्राम बस्छन् स्थानीय

● **अर्जुन कार्की**, वडाध्यक्ष, मेचीनगर-४



“०८० यता हात्तीको ठुलो हन्जा नेपाल प्रवेश गर्न पाएको छैन। अहिले सयभन्दा धेरै हात्ती नेपाल प्रवेश गर्न निरन्तर प्रयास गरिरहेका छन्। यहाँका स्थानीय, आरआरटी, सशस्त्र प्रहरी र वनका कर्मचारीले रातभर रुँगेर हात्ती छिर्न दिएका छैनन्। यो हन्जा नेपाल प्रवेश गऱ्यो भने बाहुनडाँगी मात्रै होइन, पश्चिम कोशी नदीसम्मको क्षेत्रमा ठुलो क्षति पुऱ्याउँछ।

(विस्तृत पृष्ठ ३)

छठको रौनक अस्ताउँदो सूर्यलाई दिइयो अर्घ्य



(विस्तृत पृष्ठ ४)

कारागारका पर्खालबाहिरको जीवन



अग्रलेख

● वीणा झा

सजाय भोगिरहेको व्यक्ति भएकै कारण उसको अवस्था जाँच्न, उसको अधिकार रक्षा गर्न वा सम्भावित अन्याय सच्याउन राज्य उदासीन हुन मिल्दैन

(पृष्ठ ५)

बिमाका मुद्दा फर्स्योटमा २१३ प्रतिशतको वृद्धि

नेपाल बिमा प्राधिकरणको तथ्यांकअनुसार असोज मसान्तसम्म प्राधिकरणले ७५ वटामा फैसला र १९ वटामा सहमति गराएर कुल ९४ वटा मुद्दाको फर्स्योट गरेको छ। गत आव ०८२/८३ को पहिलो त्रैमासमा ३० वटा मात्रै मुद्दा फर्स्योट भएका थिए।

तीन महिनामा ७४ उजुरी दर्ता, अब २९९ फर्स्योट हुन बाँकी

(विस्तृत पृष्ठ ९)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

एमाले नेतृ भण्डारीलाई राष्ट्रिय सेनाको सुरक्षा किन ?

क्याप्टेनको नेतृत्वमा ११ जनाको सैनिक टोली विद्यादेवी भण्डारीको सुरक्षामा, सेनाको पछुवा गाडीले गर्छ स्कर्टिङ, पूर्वराष्ट्रप्रमुख पदको मर्यादा र दलीय राजनीतिमा सक्रिय नेताको हैसियतबिचको सीमारेखा स्पष्ट पार्न र भण्डारीको सुरक्षामा खटाइएका सैनिक फिर्ता गर्न विज्ञहरूको सुझाव

पर्शुराम काफ्ले/नयाँ पत्रिका

पूर्वराष्ट्रप्रमुख पदको गरिमाविपरीत एमालेमा दोस्रो वरीयतासहित सक्रिय राजनीतिमा होमिएकी पूर्वराष्ट्रपति विद्या भण्डारीलाई राज्यले अहिले पनि राष्ट्रिय सेनाको सुरक्षा दिइरहेको छ। उनी पार्टी कार्यालय वा पार्टीका कार्यक्रममा जाँदा पनि सैनिक खटिँदै आएका छन्, जसलाई विज्ञहरूले अस्वाभाविक भनेका छन्। सरकारले यसमा पुनर्विचार गर्दै सैनिक सुरक्षा फिर्ता बोलाउनुपर्ने उनीहरूको सुझाव छ।

दुई कार्यकाल राष्ट्रपति बनेकी भण्डारी गत २२ असोजमा एमाले वरिष्ठ नेताको शपथ लिएर पुनः राजनीतिमा सक्रिय भएकी हुन्। 'विशिष्ट व्यक्तिहरूको सुरक्षा व्यवस्थापनसम्बन्धी कार्यविधि २०८१' अनुसार पूर्वराष्ट्रपतिको हैसियतमा भण्डारीको सुरक्षामा सेनाको भिभिआइपी सुरक्षा निर्देशनालयबाट एकजना सहसेनानी (क्याप्टेन)को नेतृत्वमा सैनिक टोली खटिएको छ। सेनाको पछुवा गाडीले उनको सुरक्षा स्कर्टिङ गर्दै आएको छ।

पूर्वराष्ट्रपति पदको मर्यादा र दलीय राजनीतिमा सक्रिय नेताको हैसियतबिचको सीमारेखा स्पष्ट नभएको भन्दै भण्डारीको सुरक्षामा सेना खटाइएको विषयमा प्रश्न उठ्दै आएको छ। कार्यविधि संशोधन गरेर उनको सुरक्षामा खटाइएका सैनिक फिर्ता बोलाउनुपर्ने विज्ञहरूको भनाइ छ।

नेपाली सेनाका पूर्वउपरथी पूर्ण सिलवाललले पूर्वराष्ट्रपतिहरू सक्रिय राजनीतिमा नफर्किने परिकल्पना गरेर बनाइएको सुरक्षा कार्यविधि अब परिवर्तन गर्नुपर्ने बताए। 'पदबाट बिदा भइसकेपछि सक्रिय राजनीतिमा नफर्किने र सक्रिय राजनीतिमा फर्किने पूर्वराष्ट्रपतिहरूको सुरक्षा प्रबन्धको अलग-अलग सुरक्षा मापदण्डसहितको कार्यविधि बनाएर सुरक्षाको निर्णय लिइनुपर्छ,' उनले भने, 'राजनीतिक दलको क्रियाशील पदमा फर्केकी पूर्वराष्ट्रपति भविष्यमा कुनै जुलुसमा जानुपर्ला, त्यसवेला हुलदंगा हुने अवस्थामा उहाँको सुरक्षामा खटिएको सेनाले के गर्ने ? सैनिकबाट गोली चल्यो भने सेनामाथि प्रश्न उठ्छ।' यो विषयमा सेना आफैंले निर्णय

» पृष्ठ ११ मा क्रमशः



गत २२ असोजको एमाले स्थायी कमिटी बैठकमा सहभागी हुन राष्ट्रिय सेनाको सुरक्षासहित पार्टी कार्यालय च्यासल पुगेकी एमाले वरिष्ठ नेता तथा पूर्वराष्ट्रपति विद्यादेवी भण्डारी

'सुरक्षाबाहेकका सरकारी सुविधा परित्याग'

सक्रिय राजनीतिमा जाने निर्णयसँगै १८ असार ०८२ देखि विद्यादेवी भण्डारीले पूर्वराष्ट्रपतिका रूपमा पाउने सरकारी सुविधा नलिएको सचिवालयले जनाएको छ। करिब डेढ वर्षदेखि पूर्वराष्ट्रपति भण्डारीले सुरक्षाबाहेक कुनै पनि प्रकारको सरकारी सुविधा नलिएको स्वकीय सचिव राजकुमार राईले बताए। 'सरकारले नै आवश्यक ठानेर उहाँको शान्ति-सुरक्षाको संवेदनशीलताका आधारमा सेना खटाएको हुन सक्छ। उहाँले गत वर्षदेखि नै राज्यबाट प्राप्त हुने बाँकी सबै सुविधा त्यागुभएको हो,' उनले भने।

■ सरकार र सेनालाई विज्ञहरूको सुझाव-

विद्यमान कार्यविधिमा जेसुकै भए पनि पदको मर्यादा नराखेका पूर्वराष्ट्रपतिको सुरक्षामा सेना खटिनुहुँदैन



● **पूर्ण सिलवाल**, पूर्वउपरथी

पदबाट बिदा भइसकेपछि राजनीतिमा नफर्किने र सक्रिय राजनीतिमा लाग्ने पूर्वराष्ट्रपतिहरूको सुरक्षा प्रबन्धको अलग-अलग सुरक्षा मापदण्डसहितको कार्यविधि बनाएर निर्णय लिइनुपर्छ। दलको क्रियाशील पदमा फर्केकी पूर्वराष्ट्रपति भविष्यमा कुनै जुलुसमा जानुपर्ला, त्यसवेला हुलदंगा हुने अवस्थामा सुरक्षामा खटिएको सेनाले के गर्ने ? सैनिकबाट गोली चल्यो भने सेनामाथि प्रश्न उठ्छ।



● **डा. इन्द्र अधिकारी**, सुरक्षा मामिला जानकार

पूर्वराष्ट्रपतिका रूपमा मात्रै कायम रहँदा आउने सुरक्षा चुनौती र राजनीतिक कार्यकर्ता भएर दलमा फर्केपछि आउने सुरक्षा चुनौतीका आयाम फरक हुन्छन्। राजनीतिक कार्यकर्ता भएबापत उत्पन्न हुने सुरक्षा चुनौतीका सन्दर्भमा सुरक्षा दिने दायित्व नेपाल प्रहरी वा सशस्त्रको हुनुपर्छ, राष्ट्रिय सेनाको होइन। पदको गरिमाबाट च्युत भएर राजनीतिमा लागेका पूर्वराष्ट्रपतिहरूको सुरक्षामा आज मात्र होइन, भविष्यमा पनि सैनिक टोली र सेनाको गाडी दुरुपयोग गरिनुहुँदैन।



● **होमनाथ दवाडी**, पूर्वउपरथी

पूर्वराष्ट्रपतिको मर्यादाबाट राजनीतिक कार्यकर्ताको मर्यादामा झरेका व्यक्तिलाई सेनाको सुरक्षा दिइनु कुनै पनि हालतमा उपयुक्त हुँदैन। विद्यमान कार्यविधिमा जेसुकै भए पनि पदको मर्यादा नराखेका पूर्वराष्ट्रपतिको सुरक्षामा सेना खटिनुहुँदैन। सरकारले कार्यविधि तत्कालै सच्याएर सेना फिर्ता गरिहाल्नुपर्छ।

■ सेनाका प्रवक्ता राजाराम बस्नेत भन्छन्-

हामीले गृहको कार्यविधिअनुसार सुरक्षा दिएका हौं



विशिष्ट व्यक्तिहरूको सुरक्षाका लागि गृह मन्त्रालयले 'विशिष्ट व्यक्तिहरूको सुरक्षा व्यवस्थापनसम्बन्धी कार्यविधि २०८१' बनाएको छ। त्यसकै आधारमा हामीले पूर्वराष्ट्रपतिहरूलाई सुरक्षा दिएका हौं। पूर्वउपराष्ट्रपतिको सुरक्षामा चाहिँ सेना हुँदैन।

■ बिचौलिया-न्यायाधीश 'साँठगाँठ' प्रकरण

अध्ययन समिति पुनर्गठन गर्ने बारको तयारी

नयाँ पत्रिका

सर्वोच्चका न्यायाधीशहरू र बिचौलिया इनम सापकोटाको सम्बन्धबारे अध्ययन गर्न नेपाल बार एसोसिएसनले बनाएको अध्ययन समिति पुनर्गठन हुने भएको छ। अध्यक्षसहित दुई सदस्यले समितिमा बस्न नसक्ने बारलाई जानकारी गराएपछि पुनर्गठन गर्न लागिएको हो।

१६ कात्तिकमा बारले पूर्वअध्यक्ष चण्डेश्वर श्रेष्ठको अध्यक्षतामा 'हालको प्रकरणमा तथ्य संकलन र समग्र न्याय क्षेत्रको उन्नयनका लागि आवश्यक सुझावका लागि' भनेर समिति गठन गरेको थियो। श्रेष्ठसहित समितिका सदस्य पूर्णमान शाक्य तथा सुरेन्द्रकुमार महतोले समेत समितिमा रहन नसक्ने जानकारी गराएका छन्।

श्रेष्ठ र महतोले त्यस प्रकरणमा जोडिएका व्यक्तिको मुद्दामा बहस गरेकाले समितिमा बस्न असमर्थ रहेको जनाएका छन्। उनीहरूले दीपक भट्ट तथा उनको समूहका व्यक्तिको मुद्दामा बहस गरेका थिए। सोही कारण निष्पक्षता र नैतिकताको दृष्टिकोणले उक्त जिम्मेवारी लिन उपयुक्त नहुने श्रेष्ठले शुक्रबार बारलाई बुझाएको पत्रमा उल्लेख छ।

शाक्यले भने यो समितिको वैधतामै प्रश्न उठाएका छन्। सर्वोच्चको पूर्ण बैठकले 'सम्बन्धित निकाय'लाई छानबिनको जिम्मा दिइसकेको अवस्थामा बारको यस्तो समितिको वैधता नहुने भन्दै उनले समितिमा नबस्ने उल्लेख गरेका हुन्।

बिचौलिया इनम सापकोटासँग सर्वोच्चका न्यायाधीश हरि प्रसाद फुयालको च्याट र भेटघाट बाहिरिएपछि न्याय क्षेत्रमा छानबिन र सुधारको माग भइरहेको छ। फुयालले बिचौलिया सापकोटासँग आफूले मात्र नभई अन्य न्यायाधीशले समेत भेटेको बताएका छन्। सर्वोच्च अदालतको पूर्ण बैठकले नै संसदीय छानबिन उपयुक्त हुने निर्णय गरिसकेको छ। सत्तारूढ रास्वपाले पनि संसदीय समितिमार्फत छानबिन गर्ने निर्णय गरिसकेको छ। तर, प्रक्रियामा भने ढिलाइ भइरहेको छ।

■ कागजमै सीमित डिजिटल हेल्थ प्रणाली

अधिकांश सरकारी अस्पतालको सर्भर सिस्टमसमेत छैन भरपर्दो

स्वास्थ्य मन्त्रालयलाई नै पत्तो छैन कहाँ छ ०७६ मै बनेको डिजिटल हेल्थ निर्देशिकाको मस्यौदा

■ अस्पताललेबिरामीलाई कार्ड दिन्छन्, त्यसमा बिरामीको रेकर्ड हुन्छ, फाइल तथा कागज बोकेर हिँडिराख्नुपर्दैन। बिरामी जहाँ गए पनि उसको रेकर्ड डिभाइस र कार्डमै हुन्छ। त्यसो हुँदा एउटै जाँच अस्पतालैपिच्छे गराउनुपर्दैन।



■ **सरकारको १०० दिने १०० कार्यसूचीमै थियो डिजिटल हेल्थ कार्यान्वयन** : बिरामीको उपचार इतिहास, रेफरल, पुनः सेवा र क्लिनिकल फलोअप व्यवस्थित गर्न अभिलेख प्रणालीका लागि डिजिटल, एकीकृत र अन्तरआबद्ध स्वास्थ्य सूचना प्रणाली विकास तीन महिनाभित्र गर्ने। अनावश्यक निजी अस्पताल रिफर गर्ने प्रवृत्ति नियन्त्रण गर्न स्पष्ट रेफर प्रोटोकल लागू गर्ने।



● **डा. समीर अधिकारी**
सहप्रवक्ता, स्वास्थ्य मन्त्रालय


हाल वीरको सबैभन्दा राम्रो टेलिमेडिसिन सेवा छ, तर अनलाइन स्वास्थ्य प्रणाली समग्रमा व्यवस्थित हुने क्रममै छ।
टेलिमेडिसिनबाट सहिद धर्मभक्त अंग प्रत्यारोपण केन्द्रले पनि मिर्गौलासम्बन्धी परामर्श दिइरहेको छ।

शिवहरि घिमिरे/नयाँ पत्रिका

सरकारले डिजिटल हेल्थमा जोड दिने भन्दै ०७६ मा डिजिटल हेल्थ निर्देशिकाको मस्यौदा बनायो। तर, उक्त मस्यौदा अघि बढ्न सकेन। लज्जास्पद त यो छ कि स्वास्थ्य प्रणालीलाई सहज र प्रविधिमैत्री बनाउन सात वर्षअघि नै ल्याएको डिजिटल हेल्थ निर्देशिकाको मस्यौदाको कपीसमेत कहाँ छ भन्ने स्वास्थ्य मन्त्रालयलाई नै अत्तोपत्तो छैन।

हालसम्म पनि नेपालको स्वास्थ्य प्रणाली पूर्ण रूपमा भौतिक र कागजमै सीमित छ। बिरामीले हरेक जाँचको रिपोर्ट बोक्नपर्ने, बिरामी पुर्जा बोक्नुपर्नेदेखि डाक्टरलाई भेट्न तथा टोकन

» पृष्ठ ११ मा क्रमशः



२२ करोडको हेरोइनसहित अन्तर्राष्ट्रिय गिरोहका सदस्य पक्राउ

नयाँ पत्रिका

२२ करोड रुपैयाँबराबरको लागुऔषधसहित एक भारतीय नागरिक पक्राउ परेका छन् । थाइल्यान्डको बैंककबाट आएका भारतको पुने घर भएका रिवाराज तिघारेलाई साढे पाँच किलो सेतो हेरोइनसहित लागुऔषध नियन्त्रण ब्युरोले शनिबार त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट पक्राउ गरेको हो ।

उनले खरायो तथा बिरोलाको खानाको प्याकेटभित्र लुकाएर हेरोइनको तस्करी गरेको प्रहरीले जनाएको छ । 'उनी भरिया नभई लागुऔषध कारोबार गर्ने अन्तर्राष्ट्रिय समूहका सदस्य भएको प्रारम्भिक अनुसन्धानमा खुलेको छ,' ब्युरोका एसएसपी सुवासचन्द्र बोहराले भने, 'उनले यसअघि तीनपटक नेपाल हुँदै भारतमा लागुऔषध तस्करी गरिसकेको देखिन्छ ।'

यसपटक पनि तिघारेले हेरोइन नयाँदिल्ली लिएर जाने तयारी गरेका थिए । जुन लाओसबाट थाइल्यान्ड हुँदै नेपाल ल्याइएको प्रहरीको आकलन छ । नेपालको कानुनअनुसार उनलाई यस्तो अपराधमा २५ वर्षसम्म कैद सजाय हुन सक्छ । पहिलोपटक उनी गत वर्ष कात्तिकमा लाओसबाट काठमाडौं हुँदै दिल्ली



गएका थिए । दोस्रोपटक गत वर्ष माघमा नेपाल आएको प्रहरीले जनाएको छ । त्यति वेला पनि उनले लागुऔषध नै ओसारेको प्रहरी दाबी छ ।

अध्ययनले मेकानिकल इन्जिनियर रहेका तिघारे एक दशकदेखि नै यस्तो अपराधमा संलग्न रहेको एसएसपी बोहराले बताए । उनी विगतमा जिम्बावे, सुडान, भियतनाम, बंगलादेश, कम्बोडियाजस्ता देशमा यात्रा गरेका छन् । लागुऔषध कारोबारकै लागि उनी त्यहाँ पुगेको आशंका छ ।

बरामद भएको हेरोइन लाओस हुँदै थाइल्यान्डबाट नेपाल आएको प्रहरी अधिकारी बताउँछन् । जुन रुट नयाँ भने होइन । विगतमा पनि ती क्षेत्रबाट नेपाल हुँदै विभिन्न देशमा हेराइनको ओसारपसार हुने गर्दथ्यो । म्यानमार, लाओस र थाइल्यान्डलाई लागुऔषधको उत्पादन तथा ओसारपसारमा 'गोल्डेन ट्र्याङ्गल'का रूपमा चिनिन्छ । अफगानिस्तान, पाकिस्तान र इरानमार्फत हुने कारोबारलाई 'गोल्डेन क्रिसेन्ट' भनेर चिनिन्छ । दुवै रुटबाट नेपाल हुँदै तेस्रो मुलुकमा लागुऔषधको कारोबार हुने गरेको प्रहरी अधिकारी बताउँछन् ।

थाई गाँजासहित भारतीय नागरिक विमानस्थलबाट पक्राउ



यस्तै, लागुऔषध नियन्त्रण ब्युरोले साढे तीन किलोग्राम अवैध लागुऔषध थाई गाँजासहित एक भारतीय नागरिकलाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा भारतको उत्तर प्रदेश ठेगाना भएका २२ वर्षीय सलमान रहेका छन् । हवाई मार्ग हुँदै नेपाल प्रवेश गर्ने शंकास्पद यात्रुहरूको निगरानी गर्ने क्रममा ब्युरोको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल शाखा कार्यालय गौचरणबाट खटिएको प्रहरी टोलीले उनलाई पक्राउ गरेको हो ।

गत शनिबार भारतको दिल्लीबाट नेपाल आएका सलमानमाथि शंका लागी चेकजाँच गर्दा उनले साथमा ल्याएको झोलाभित्र प्लास्टिकको प्याकेटमा लुकाएर राखेको अवस्थामा ३.५ किलोग्राम थाई गाँजा बरामद भएको ब्युरोले जनाएको छ । प्रहरीले उनको साथबाट एक थान राहदानी (पासपोर्ट) र एक थान मोबाइलसमेत बरामद गरेको छ। पक्राउ परेका उनलाई नियन्त्रणमा लिई लागुऔषध नियन्त्रण ब्युरो, कोटेश्वरबाट थप अनुसन्धान भइरहेको ब्युरोका प्रवक्ता तथा सूचना अधिकारी दुर्गाराज रेग्मीले जारी गरेको विज्ञप्तिमा उल्लेख गरिएको छ ।

Himal Dolakha Hydropower Company Ltd.

Kalopul-7, Kathmandu, Nepal, Phone : 01-4562844
Email : info@himaldolakhahydropower.com

Unaudited Financial Statements for the First Quarter

on Ashwin 31, 2083 (17 Oct, 2026)

Statement of Financial Position as at Ashwin 31, 2083 (17 Oct, 2026)

Particulars	Upto 1st Quarter 2083-84 (Unaudited)	Upto 4th Quarter 2082-83 (Unaudited)
Assets		
Non-Current Assets		
Net Fixed Assets	1,809,489,013.80	1,832,393,938.03
Financial Assets		
Investments	570,000,000.00	570,000,000.00
Other Non-Current Assets	-	-
Total Non-Current Assets	**2,379,489,013.80**	**2,402,393,938.03**
Current Assets		
Advance, Loan and Deposits	52,554,543.83	42,054,543.83
Cash and Bank Balance	2,985,014.69	10,492,514.78
Total Current Assets	**55,539,558.52**	**52,547,058.61**
Total Assets	**2,435,028,572.32**	**2,454,940,996.64**
Equity and Liabilities		
Equity		
Equity Share Capital	2,800,000,000.00	2,800,000,000.00
Retained Earnings	(820,105,443.69)	(784,731,479.55)
Total Equity	**1,979,894,556.31**	**2,015,268,520.45**
Liabilities		
Non-Current Liabilities		
Financial Liabilities		
Long Term Loan	192,572,015.68	192,572,015.68
Total Non-Current Liabilities	**192,572,015.68**	**192,572,015.68**
Current Liabilities		
Trade and Other Payables	85,858,099.71	108,796,559.89
Financial Liabilities	146,703,900.62	138,303,900.62
Short Term Borrowings	30,000,000.00	-
Total Current Liabilities	**262,562,000.33**	**247,100,460.51**
Total Equity & Liabilities	**2,435,028,572.32**	**2,454,940,996.64**

Income Statement for the Period ended on Ashwin 31, 2083 (17 Oct, 2026)

Particulars	Upto 1st Quarter 2083-84 (Unaudited)	Upto 4th Quarter 2082-83 (Unaudited)
Income from Power Sales	-	69,600,796.42
Less: Project Expenses	2,885,750.60	28,081,336.71
Less: Royalty Expenses	312,500.00	2,642,282.35
Gross Profit	**(3,198,250.60)**	**38,877,177.36**
Add: Other Income	-	-
Less: Operating Expenses		
Administrative Expenses	4,833,386.00	14,714,902.75
Operating Profit	**(8,031,636.60)**	**24,162,274.61**
Non Operating Expenses		
Financial Cost	4,437,403.31	27,766,341.33
Depreciation	22,904,924.23	91,619,696.90
Profit Before Tax & Bonus	**(35,373,964.14)**	**(95,223,763.62)**
Provision for Bonus	-	-
Profit / (Loss) Before Tax	**(35,373,964.14)**	**(95,223,763.62)**
Current Tax	-	-
Deferred Tax	-	-
Profit After Tax	**(35,373,964.14)**	**(95,223,763.62)**
Provision for Staff Bonus	-	-
Profit / (Loss) after Bonus	**(35,373,964.14)**	**(95,223,763.62)**
Current Tax	-	-
Profit After Tax	**(35,373,964.14)**	**(95,223,763.62)**
Profit / (Loss) Appropriation		
Profit / (Loss) for the period	(35,373,964.14)	(95,223,763.62)
Retained Earnings at the Beginning	(817,174,129.73)	(721,950,366.11)
Auction Share Premium Reserve	32,442,650.18	32,442,650.18
Add: Right Share Application money	-	-
Less: Right Shares Expenses	-	-
Less: Application money transferred to Equity	-	-
Less: Cash for Dividend Tax	-	-
Balance Carried to Retained Earnings	**(820,105,443.69)**	**(784,731,479.55)**

Note: *The figures presented above may vary pending the completion of the statutory audit, if instructed by the statutory auditor. The figures have been reinstated where necessary.*

धितोपत्र दर्ता तथा निष्कासन नियमावली
२०७३ को अनुसूची१४, नियम २६ को उपनियम(१) संग सम्बन्धित

आ. व. २०८३/०८४ को पहिलो त्रैमासिक प्रतिवेदन

१. **वित्तीय विवरण :**

(क) त्रैमासिक अवधिको वासलात नाफा नोक्सान विवरण :

यस त्रैमासिक अवधिसम्मको अपरिष्कृत वासलात, नाफा नोक्सान विवरण यसै साथ पेश गरिएको छ ।

(ख) प्रमुख वित्तीय अनुपातहरू/परिसूचकहरू :

प्रतिशेयर आम्दानी (वार्षिकीकरण)	(५.०५)	पी. ई. रेसियो (वार्षिकीकरण)	(४३.६३)
प्रति शेयर नेटवर्थ	७०.७१	तरलता अनुपात	०.२१
प्रति शेयर कुल सम्पत्तिको मूल्य	८६.९७		

नोट : प्रति शेयर आम्दानी (ई.पी.एस) तथा पी. ई. रेसियो त्रैमासिक आम्दानीलाई वार्षिकीकरण गरी गरिएको हो ।

२. **व्यवस्थापकीय विश्लेषण :**

(क) त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भए सोको प्रमुख कारण सम्बन्धी विवरण :

यस त्रैमासिक अवधिमा गत असोज १८ गते इलामको माईखोलामा आएको भीषण बाढीले क्षतिग्रस्त भएका आयोजनाहरूको मर्मत तथा पुनःनिर्माण कार्य जारी रहेकाले विद्युत उत्पादन हुन नसकी विद्युत बिकीबाट आम्दानी हुन सकेको छैन ।

(ख) व्यवस्थापनको विश्लेषणात्मक विवरण :

आगामी अवधिमा क्षतिग्रस्त आयोजनाको मर्मत तथा पुनःनिर्माण गरी सम्पूर्ण शेयरधनीको हितमा काम गर्दै अगाडी बढाउने कम्पनी व्यवस्थापन कटिबद्ध रहेको व्यहोरा अनुरोध छ । साथै, माई साना जलविद्युत आयोजना (४.५ मेगावाट) को मर्मत कार्य सम्पन्न भई मंसिर महिनाको पहिलो हप्ताबाट पुनः सञ्चालनमा आउने व्यहोरा जानकारी गराइन्छ ।

३. **कानूनी कारवाही सम्बन्धी विवरण :**

(क) यस अवधिमा संगठित संस्थाले वा संस्थाको विरुद्ध कुनै मुद्दा दायर नभएको ।

(ख) संगठित संस्थाको संस्थापक वा सञ्चालकले वा संस्था सञ्चालकको विरुद्ध प्रचलित नियमको अवज्ञा वा तौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको भए: कम्पनीको जानकारीमा नआएको ।

(ग) कुनै संस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर नभएको ।

४. **संगठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण :**

(क) शेयरको मूल्य तथा कारोबारमा बजारले निर्धारण गर्ने हुँदा यस संस्थाको व्यवस्थापन शेयर मूल्य तथा कारोबार प्रति तटस्थ छ । तर प्रचलित कानून अनुसार लगानीकर्ता तथा सम्बद्ध निकायहरूलाई उपलब्ध गराउनु पर्ने सूचना तथा जानकारी भने संस्थाले उपलब्ध गराएको छ ।

(ख) यस त्रैमासिक अवधिमा शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोबार भएको कुल दिन तथा कारोबार संख्या : नेपाल स्टक एक्सचेञ्जको वेबसाइट www.nepalstock.com.np अनुसार

शेयरको अधिकतम मूल्य	२३९.०
शेयरको न्यूनतम मूल्य	१८७.२
शेयरको अन्तिम मूल्य	२२०.५
कारोबार भएको कुल संख्या	१,२१,७९,३८५
कारोबार भएको कुल दिन	६१

५. **समस्या तथा चुनौती :**

(क) परियोजना स्थलमा गत असोज महिनामा आएको बाढी तथा पहिरोले गर्दा परियोजना स्थलको भौतिक संरचनामा भएको क्षतिको मर्मत, पुनःनिर्माण तथा मेशिनमा आउने समस्याहरू ।

(ख) पावर हाउस र इन्टेकमा आउन सक्ने समस्याहरू ।

६. **संस्थागत सुशासन :**

प्रचलित कानून बमोजिमका प्रक्रिया पूरा गरी कम्पनीको संस्थागत सुशासन कायम गर्ने ।

७. **सत्य तथ्यताको सम्बन्धमा अध्यक्ष/कार्यकारी प्रमुखको उद्घोषण :**

आजको मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरूको शुद्धताको सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायी छु । साथै मैले जानेबुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरण सत्य, तथ्य र पूर्ण छन्, र लगानीकर्ताहरूलाई सुसूचित निर्णय लिन आवश्यक कुनै विवरण सूचना तथा जानकारीहरू लुकाइएको छैन भनी उद्घोषण गर्दछु ।

Dordi Khola Jal Bidyut Company Limited

Bluestar Complex, Tripureshwor-11, Kathmandu
Phone : 01-5332749

UNAUDITED FINANCIAL STATEMENTS

FIRST QUARTER ENDED (FISCAL YEAR 2083/084)
AS AT ASHOJ END, 2083 (October 17, 2026)

Figures In NPR

Statement of Financial Position	This Year First Quarter Ending Ashoj End, 2083	Previous Quarter Ending Ashadh End, 2083	Corresponding Previous Year First Quarter Ending Ashoj End, 2082
Assets			
Non-Current Assets			
Property, Plant & Equipment	2,574,918,536	2,603,557,340	2,672,040,221
Project Assets under development and Investments	798,313,089	795,739,589	513,730,682
Total Non-Current Assets	**3,373,231,625**	**3,399,296,929**	**3,185,770,903**
Current Assets			
Inventories	12,586,578	11,771,523	10,653,272
Financial Assets			
Trade Receivables	248,859,284	223,031,323	218,716,929
Cash and Cash Equivalents	60,632,682	41,604,781	7,170,639
Other Financial Assets	294,722,014	276,240,046	41,562,578
Other Current Assets	295,765,669	327,219,433	34,857,521
Current Tax Assets (Net)	6,352,138	5,685,349	3,208,225
Total Current Assets	**918,918,365**	**885,552,455**	**316,169,164**
Total Assets	**4,292,149,990**	**4,284,849,384**	**3,501,940,067**
Equity & Liabilities			
Equity			
Equity Share Capital	2,108,520,800	2,108,520,800	2,108,520,800
Other Equity	166,507,909	132,799,460	112,730,542
Total Equity	**2,275,028,709**	**2,241,320,260**	**2,221,251,342**
Liabilities			
Non-Current Liabilities			
Borrowings	925,379,367	944,396,568	622,918,201
Other Financial Liabilities	611,976,492	611,976,492	598,845,729
Deferred Tax	3,291,737	3,333,202	5,201,113
Total Non-Current Liabilities	**1,540,647,596**	**1,559,706,262**	**1,226,965,042**
Current Liabilities			
Borrowings	97,538,960	92,959,865	37,762,565
Trade Payables	135,548	93,638	57,415
Other Financial Liabilities	371,354,368	385,538,675	8,956,315
Other current liabilites	7,444,809	5,230,685	6,947,389
Total Current Liabilities	**476,473,685**	**483,822,863**	**53,723,683**
Total Liabilities	**2,017,121,281**	**2,043,529,124**	**1,280,688,725**
Total Equity & Liabilities	**4,292,149,990**	**4,284,849,384**	**3,501,940,067**

Statement of Profit or Loss and other Comprehensive Income	This Year First Quarter Ending Ashoj End, 2083	Previous Quarter Ending Ashadh End, 2083	Corresponding Previous Year First Quarter Ending Ashoj End, 2082
Revenue	106,505,866	274,553,097	74,601,023
Cost of Sales			
Generation Expenses	14,202,415	43,124,290	8,573,074
Gross profit	**92,303,451**	**231,428,807**	**66,027,949**
Depreciation	29,166,372	115,650,176	28,885,495
Other Income	4,379,835	22,028,388	5,459,187
Administrative & Other Operating Expenses	8,819,099	27,601,669	9,348,295
Profit from Operation	**58,697,814**	**110,205,350**	**33,253,345**
Finance Costs	23,038,503	82,140,739	24,355,742
Profit Before Tax	**35,659,311**	**28,064,611**	**8,897,604**
Income Tax Expenses			
Deferred Tax Credit/Charge	1,969,948	1,908,201	40,290
Profit for the year	**37,629,259**	**29,972,813**	**8,937,894**
Other Comprehensive Gain/(Loss) for The Year, Net of Tax	-	-	-
Total Comprehensive Gain/(Loss) for The Year, Net of Tax	**37,629,259**	**29,972,813**	**8,937,894**

* Previous Year's Figures have been regrouped whenever necessary.
* We have changed reporting format from functional to nature to align quarterly reporting with Nepal Financial Reporting Standards (NFRS).

धितोपत्र दर्ता तथा निष्काशन नियामावली २०७३ (अनूसूची १४, (नियम २६ को उपनियम (१) संग सम्बन्धित)

आ.ब. २०८३/०८४ को पहिलो त्रैमासिक विवरण

१. **वित्तीय विवरण :**

क) आ.व. २०८३/८४ को प्रथम त्रैमासिक विवरण व्यवस्थापन द्वारा तयार गरिएको अपरिष्कृत वित्तीय विवरण (वित्तीय अवस्थाको विवरण तथा आय विवरण) यसै प्रतिवेदनको साथमा प्रकाशन गरिएको छ। त्यसै हाल २०८३ असोज मसान्त सम्मको बिल रकम सहित रु २४,८८,५९,२८४ (अक्षरमा: चौबीस करोड अठासी लाख उन्नानसाठी हजार दुई सय चौरासी रुपैया मात्र) आसामी बापतको रकम नेपाल विद्युत प्राधिकरणको नाममा रहेको छ।

ख) उक्त वासलातको आधारमा कम्पनीको प्रमुख वित्तीय अनुपात निम्नानुसार छ।

अवधी	बार्षिकीकरण गरिएको प्रतिशेयर आम्दानी रु	प्रतिशेयर नेटवर्थ रु	तरलता अनुपात	मूल्य आम्दानी अनुपात	प्रतिशेयर कुल सम्पतीको मूल्य रु.
यस त्रैमासिक अन्त्य सम्मम	७.१४	१०७.९०	१.९३	३७.६८	२०३.५६

२ **व्यवसायिक विश्लेषण :**

यस कम्पनीले थप दुई आयोजनाहरू सुपर इड्खु खोला जलविद्युत आयोजना (२४.४१ मे.वा) र म्याग्दी खोला (ए) जलविद्युत आयोजना (३० मे.वा) को विस्तृत अध्ययन गरिरहेको छ। यस मध्ये कम्पनीले विद्युत विकास विभाग बाट म्याग्दी खोला (ए) जलविद्युत आयोजना (३० मे.वा) को विद्युत उत्पादन अनुमति पत्र माघ ०९, २०८२ मा प्राप्त गरिसकेको छ र सुपर इड्खु खोला जलविद्युत आयोजना (२४.४१ मे.वा) को विद्युत उत्पादन अनुमतिको प्रकृयामा रहेको छ।

जलविद्युतको व्यापारिक उत्पादन सुरु गरेको मितिले पहिलो दश वर्षसम्म पूरै आयकर छुट पाउने र त्यस पछिको पाँच वर्षसम्म पचास प्रतिशत आयकर छुट पाउने व्यवस्था रहेको जानकारी गराउन चाहन्छु।

कम्पनीले दीर्घकालीन ऋण चुक्ता गर्न १:०.५६६२ हकप्रद शेयर जारीको लागि आ.व. २०८१/८२ को वार्षिक साधारण सभाबाट पारित भई विद्युत नियमन आयोगको मिति बैशाख १५, २०८३ को निर्णयानुसार १:०.२८८४७४७४ को अनुपातमा हकप्रद शेयर जारीको लागि अनुमति प्राप्त भई नेपाल धितोपत्र बोर्डमा आबेदन दिने प्रकृयामा रहेको छ।

३. **कानुनी कारवाही सम्बन्धी विवरण :** यस त्रैमासिकमा कम्पनीले कसै विरुद्ध र कसैले कम्पनी विरुद्ध साथै संस्थापक र संचालक विरुद्ध कुनै मुद्धा मामिला परे/गरेको छैन ।

४. **कम्पनीको शेयर कारोबार सम्बन्धी विवरण :** धितोपत्र बजारमा कम्पनीको शेयर कारोबार नियमानुसार सामान्य प्रकृतिबाटै भएको छ। यस त्रैमासिक अवधिमा कम्पनीको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोबार भएको कुल दिन नेपाल स्टक एक्सचेन्ज लि.को वेवसाइट अनुसार :

अधिकतम मूल्य रु	न्यूनतम मूल्य रु	अन्तिम मूल्य रु	कारोबार दिन	कुल कारोबार संख्या
२७१.००	२३२.१०	२६९	६१	८,२३६

५. **समस्या तथा चुनौती :** कम्पनीले वहन गर्नु परेको समस्या तथा चुनौतीहरू बजारमा रहेको यस्तै प्रकृतिको अन्य संस्था सरह नै छन् । अन्य समस्या र चुनौती समाधानका उपायहरू बारेमा संचालक समितिले समय समयमा समिक्षा गरि आवश्यक रणनीति बनाई सो को निराकरणको उपाय अवलम्बन गर्ने गरेको छ। साथै वर्षायाममा नदीमा प्रशस्त पानी भएता पनि नेपाल विद्युत प्राधिकरण (ने.वि.प्रा.) ले जडित क्षमता भन्दा कम विद्युत उत्पादन गर्न निर्देशन दिएकोले आयोजनाले १२ मे.वा. भन्दा कम विद्युत उत्पादन गर्न कम्पनी बाध्य भएको छ जसको असर आम्दानीमा पर्न गएको देखिन्छ ।

६. **सस्थागत सुशासन :** संस्थागत सुशासनका लागि व्यवस्थापनले कर्मचारी नियमावली, आर्थिक विनियमावली बमोजिम कार्यसम्पादन गरिरहेको छ। लेखापरीक्षण समिति र जोखिम व्यवस्थापन समिति गठन गरि समितिहरूले समय समयमा दिएको निर्देशन बमोजिम कामकारवाही गरेको जानकारी गराउन चाहन्छु। संस्थागत विकास तथा कर्मचारीको वृत्ति विकास, आवश्यक कार्यकक्ष र सामाग्रीहरूको समुचित व्यवस्था कार्यका लागि उचित वातावरण तयार गर्ने गरेको छ।

७. **सत्य, तथ्य सम्बन्धमा प्रमुख कार्यकारी अधिकृतको उद्घोषण :** आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरूको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै म यो उद्घोष गर्दछु, कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरू सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरू सु-सूचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरू लुकाइएको छैन ।

Union Hydro Holding Limited

Kathmandu - 1, Naxal
Tel : 01-5425406 , E-mail : unionhppl@gmail.com
Website : www.unionhydropower.com.np

Unaudited Financial Results

(As on Ashoj 31, 2083, 1st Quarter F.Y. 2083/84)

S. N.	Particulars	This Quarter ending As at Ashoj 31, 2083	Previous Quarter ending As at Ashadh 32, 2083	Corresponding Previous Quarter ending As at Ashoj 31, 2082
A	**Source of Fund**			
	Capital and Reserve Fund			
1	Share Capital	750,000,000	750,000,000	750,000,000
2	Reserve Fund	43,879,483	37,619,343	21,290,105
3	**Loan Funds**	**233,194,965**	-	
4	**Total Source of Fund (1+2+3)**	**1,027,074,448**	**787,619,343**	**771,290,105**
B	**Application of Fund**			
1	Property, Plant and Equipment	596,963,699	604,199,525	622,961,702
2	Capital Wok In Progress	72,354,559	77,047,007	72,705,866
3	**Investment**	**292,103,700**	**2,103,700**	**1,000,000**
	Current Assets			
	Cash and Bank	288,121	28,181,383	17,027,402
	Inventory	6,560,164	6,425,362	4,952,436
	Loans, Advances & Deposits	57,749,815	59,039,961	57,510,185
	Receivables	17,721,443	13,775,479	18,320,282
4	**Total Current Assets**	**82,319,543**	**107,422,185**	**97,810,305**
	Current Liabilities and Provisions			
	Short Term Borrowing	14,053,537	-	18,268,966
	Current Liabilities & Payables	2,613,516	3,153,077	4,918,802
5	**Total Current Liabilities**	**16,667,053**	**3,153,077**	**23,187,768**
6	**Net Current Assets (4-5)**	**65,652,490**	**104,269,108**	**74,622,537**
7	Total Application of Fund (1+2+3+6)	**1,027,074,448**	**787,619,343**	**771,290,105**

Profit and Loss Account
(For the Quarter Ending Ashoj 31, 2083)

S. N.	Particulars	This Quarter ending As at Ashoj 31, 2083	Previous Quarter ending As at Ashadh 32, 2083	Corresponding Previous Quarter ending As at Ashoj 31, 2082
A	**Income**			
	Income from Power Sales	27,488,157	81,315,956	27,751,907
	Income from Other Sources	21,281	116,624	250
	Total Income	**27,509,438**	**81,432,580**	**27,752,157**
B	**Direct Expenses**			
C	**Gross Income(A-B)**	**27,509,438**	**81,432,580**	**27,752,157**
	Royalty	624,897	1,926,589	540,914
	Administrative Expenses	5,877,599	16,678,823	4,611,681
D	**Total Indirect Expenses**	**6,502,497**	**18,605,413**	**5,152,595**
E	**Operating Profit(Loss) (C-D)**	**21,006,941**	**62,827,167**	**22,599,562**
	Income from other Investment			
F	**Total Income before Non-Operating Expenses**	**21,006,941**	**62,827,167**	**22,599,562**
G	**Non-Operating Expenses**			
	Interest Expenses	2,353,713	373,271	329,094
	Depreciation	7,422,829	29,014,959	7,369,026
	Bonus	257,304	760,358	298,029
	Total Non-Operating Expenses	**10,033,845**	**30,148,588**	**7,996,149**
	Profit(Loss) before Tax(F-G)	**10,973,096**	**32,678,580**	**14,603,413**
	Less: Provision for Income Tax			
	Profit and Loss After Income Tax	**10,973,096**	**32,678,580**	**14,603,413**
	Profit for Appropriation			
	Add: Previous Year Adjustment	(4,712,956)	(1,745,928)	-
	Add: Reserve and Surplus from Previous period	37,619,343	6,686,691	6,686,691
	Total	**43,879,483**	**37,619,343**	**21,290,105**

Notes:
A. The figures are regrouped and rearranged where necessary.
B. The unaudited financial figures are subject to changes from external auditors and regulatory authorities.

धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ (अनुसूची १४, (नियम २६ को उपनियम (१) संग सम्बन्धित)

आ. व. २०८३/२०८४ को पहिलो त्रैमासिक प्रतिवेदन

१. **वित्तीय विवरण :**

यस आ.व. २०८३/०८४ को पहिलो त्रैमासिक अवधिको वासलात तथा नाफा नोक्सान हिसाबको आधारमा कम्पनीको प्रमुख वित्तीय अनुपात निम्नानुसार छ ।

प्रति शेयर आम्दानी (वार्षिक)	प्रति शेयर नेटवर्थ	तरलता अनुपात	प्रति शेयर कुल सम्पत्तिको मूल्य	मूल्य आम्दानी अनुपात
५.८५	१०५.८५	०.०२	१३९.१७	६१.२८

२. **व्यावसायिक विश्लेषण :**

यस आ.व. २०८३/०८४ को पहिलो त्रैमासिक अवधिमा संस्थाको मौज्दात र तरलतामा उल्लेखनिय परिवर्तन छैन । कम्पनीको व्यावसायिक योजना अनुरुप नै कार्यहरु भईरहेका छन् । यस कम्पनीद्वारा प्रवर्द्धित मिदिम खोला (करापु) जलविद्युत आयोजनाको त्रैमासिक विद्युत उत्पादन अधिल्लो आ.व को सोही अवधीको त्रैमासिक उत्पादनकै हाराहारीमा छ । ने.वि.प्रा.को त्रमौली भोलेटार ३३ के भी प्रसारण लाइनमा वेला वेलामा हुने अवरोधले विद्युत उत्पादनमा प्रत्यक्ष असर पर्ने गरेको छ । यस कम्पनीद्वारा प्रवर्द्धित होड्गु खोला जलविद्युत आयोजना-२८.९ मे.वा. र माथिल्लो तमोर 'ए' जलविद्युत आयोजना-६० मे.वा. को सम्भाव्यता अध्ययन, वातावरणीय प्रभाव मुल्याङ्कन कार्यहरु सम्पन्न भई दुवै आयोजनाको विद्युत उत्पादनको अनुमतीपत्र प्राप्त भईसकेको छ । यी दुवै आयोजना विद्युत खरीद विकि सम्झौताको लागि नेपाल विद्युत प्राधिकरण, विद्युत व्यापार विभागमा प्रकियामा रहेको छ ।

३. **कानुनी कारवाही सम्बन्धी विवरण :**

यस त्रैमासिक अवधिमा संस्थाले कसै विरुद्ध र कसैले संस्था विरुद्ध साथै संस्थापक र संचालक विरुद्ध कुनै मुद्धा मामिला परे/गरेको छैन ।

४. **संस्थाको शेयर कारोबार सम्बन्धी विवरण :**

धितोपत्र बजारमा संस्थाको शेयर कारोबार नियमानुसार सामान्य प्रकृति वाटै भएको छ । यस त्रैमासिक अवधिमा संस्थाको शेयरको अधिकतम, न्युनतम तथा अन्तिम मूल्य, कारोबार भएको कुल दिन, कारोबार संख्या र कारोबार भएको शेयर संख्या नेपाल स्टक एक्सचेन्ज लि. को वेवसाइट अनुसार :

अधिकतम मूल्य रु.	न्यूनतम मूल्य रु.	अन्तिम मूल्य रु.	कारोबार दिन	कारोबार संख्या	कारोबार भएको शेयर संख्या
४०८.४०	३३७	३५८.५०	६१	४,६९३	१०,६०,९८६

५. **समस्या तथा चुनौती :**

संस्थाले वहन गर्नु परेको समस्या तथा चुनौतीहरु बजारमा रहेका अन्य संस्थाहरु सरह नै छन् । आईपर्ने समस्या र चुनौती समाधानका उपायहरु बारे संचालक समितिले समय-समयमा समिक्षा गरि रणनीति बनाई सो को निराकरणको उपाय अवलम्वन गर्ने गरेको छ ।

६. **संस्थागत सुशासन :**

संस्थागत सुशासनका लागि व्यवस्थापनले कर्मचारीको वृद्धि विकाश, आवश्यक कार्यकक्ष र सामाग्रीहरुको समुचित व्यवस्थापनका लागी उचित वातावरण उपलब्ध गराउने गरेको छ ।

७. **सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण :**

आजका मिति सम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु, कि मैले जाने बुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य, पूर्ण छन् र लगानीकर्ताहरुलाई सु-सूचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन ।

नेपाल छिर्ने प्रयासमा हात्तीको हन्जा

सयभन्दा बढी जंगली हात्तीले नेपाल प्रवेश गर्न निरन्तर प्रयास गरेपछि धानबाली जोगाउन मेची किनारमा जाग्राम बस्दै स्थानीय

● मेचीनगर-४ का वडाध्यक्ष अर्जुन **कार्की** भन्छन्-

०८० यता हात्तीको ठुलो हन्जा नेपाल प्रवेश गर्न पाएको छैन । अहिले सयभन्दा धेरै हात्तीले नेपाल प्रवेश गर्न निरन्तर प्रयास गरिरहेका छन् । यहाँका स्थानीय, आरआरटी, सशस्त्र प्रहरी र वनका कर्मचारीले रातभर रुँगेर हात्ती छिर्न दिएका छैनन् । यो हन्जा नेपाल प्रवेश गऱ्यो भने बाहुनडाँगी मात्रै होइन, पश्चिम कोशी नदीसम्मको क्षेत्रमा ठुलो क्षति पुऱ्याउँछ ।





मेची नदीबाट नेपाल छिर्ने प्रयासमा रहेको हात्तीको हन्जा

झापामा **चिरञ्जीवी घिमिरे**

हात्तीको आतंकबाट बर्सेनि आक्रान्त बन्ने मेचीनगर नगरपालिकाको बाहुनडाँगी क्षेत्रमा यस वर्ष पनि भारतीय हात्ती प्रवेशको प्रयास गरिरहेका छन् । निर्वाचनका वेला यस क्षेत्रको मुख्य चुनावी एजेन्डा हात्ती नियन्त्रण हुने भए पनि बर्सेनि भारतबाट आउने हात्तीको हन्जाले बाहुनडाँगीवासीलाई दुःख दिने गरेको छ । किसानले लगाएको धान पाक्ने वेला भएसँगै करिब २० दिनयता भारतबाट हात्तीको हन्जा (हुल) नेपाल प्रवेश गर्ने प्रयास गरिरहेका छन् ।

यस वर्ष करिब एक सयभन्दा बढी हात्ती नेपाल प्रवेश गर्न निरन्तर प्रयास गरेपछि मेचीनगरस्थित बाहुनडाँगीवासी नेपाल-भारत सीमास्थित मेची नदीमा रातभर ड्युटी गरेर बस्नुपर्ने अवस्था आएको हो । मेचीनगर नगरपालिकाको वडा नम्बर १ र ३ मा सबैभन्दा धेरै हात्तीले प्रभाव पार्ने गरेको छ । यस्तै, वडा नम्बर २, ३ र ५ मा समेत हात्तीको प्रभाव रहने गरेको छ ।

भित्र्याउन लागेको धानबाली जोगाउन किसानहरू हात्ती रुँग्न जाग्राम बस्नुपर्ने अवस्था आएको छ । हात्ती नियन्त्रणका लागि खटिँदै आएको स्वयंसेवक टिम च्यापिड रेस्पोन्स टिम (आरआरटी), डिभिजन वन र सशस्त्र प्रहरीको टिमसँगै स्थानीय पनि हात्ती नियन्त्रणमा खटिँदै आएको मेचीनगर ४ का वडाध्यक्ष अर्जुन कार्कीले जानकारी दिए ।

'०८० यता हात्तीको ठुलो हन्जा नेपाल प्रवेश गर्न पाएको छैन । अहिले करिब १४० वटा हात्ती नेपाल प्रवेश गर्ने निरन्तर प्रयास गरिरहेका छन् । यहाँका स्थानीय, आरआरटी, सशस्त्र प्रहरी र वनका कर्मचारीले रातभर रुँगेर हात्ती छिर्न दिएका छैनन्,' कार्कीले भने, 'यो हन्जा नेपाल प्रवेश गऱ्यो भने बाहुनडाँगी मात्रै होइन, पश्चिम कोशी नदीसम्मको क्षेत्रमा ठुलो क्षति पुऱ्याउँछ ।' मेची नदीसम्म आइपुगेका हात्तीलाई स्थानीय, आरआरटी, सशस्त्र प्रहरी र वनका कर्मचारीले मेची नदीबाट फर्काएर भारतमै रोक्ने हालसम्म सफल भएको उनी बताउँछन् ।

'२०/२२ दिनदेखि यसरी भारतबाट प्रवेश गर्न खोजिरहेका छन् । हालसम्म रोक्न सफल भएका छौं,' उनले भने, 'प्रभावित क्षेत्रमा नगरपालिका र वनको चारवटा ट्र्याक्टर छन् । स्थानीय र स्वयंसेवकको बाइक पनि छन् । त्यसले नै हालसम्म रोक्न दिएका छैनौं । तर, हात्ती नियन्त्रणमा न नगरपालिकाको साथ छ न त प्रदेश र संघीय सरकारको नै । वडाले मात्र नियन्त्रण गर्न सम्भाव छैन । हामीले लाइट र साइरन उपलब्ध गराएका छौं । त्यसले नै हात्ती नियन्त्रणको प्रयास भइरहेको छ ।'

भारतीय सीमावर्ती मेचीनगरको नकलबन्दादेखि बाहुनडाँगीसम्म हात्ती नियन्त्रणका लागि ०७२ मा विश्व बैंकको लगानीमा १८ किलोमिटर विद्युतीय तारबार गरिएको थियो । तर, मर्मत अभावमा यो तारबार निष्प्रभावी बन्दै गएको वडाध्यक्ष कार्की बताउँछन् । 'विद्युतीय तारबार १० वर्ष काम गर्छ भनिएको थियो । अहिले १२ वर्ष हुने लाग्यो । अब यो निष्प्रभावी हुँदै गएको छ । हात्ती नियन्त्रण गर्न अब लाइटर र साइरनसहितको विद्युतीय तारबार लगाउनुपर्छ,' उनी भन्छन्, 'हात्ती चलाख भए । यो तारबार सहजै नाघ्न सक्छन् । अब हात्तीभन्दा हामी चलाख भएर त्यहीअनुसार नियन्त्रण गर्नुपर्छ । तारबारका लागि बनाइएको बाटोलाई कालोपत्रे गरेर सवारीसाधन चल्न सक्ने बनाउन सके त्यहाँ मान्छेको आवतजावत बढ्दा हात्ती केही नियन्त्रण हुने थियो ।'

स्थानीयको सक्रियतामा यस वर्ष हात्तीलाई मेची नदी पार गर्नबाट रोक्दा किसानले लगाएको धानबालीमा क्षति नभएको स्थानीय युवाहरूको समूह च्यापिड रेस्पोन्स टिमका संयोजक न्युटन कार्की बताउँछन् । 'विगतमा किसानले लगाएको धानबालीमा ६०/७० प्रतिशत क्षति हुन्थ्यो । अहिले २ प्रतिशत पनि छैन । यसमा हामीसँगै किसानको पनि सक्रियता छ । उहाँहरू रातभर हात्ती नियन्त्रणका लागि बनाएको टुडमा बस्नुहुन्छ । हामीले वायरलेस सञ्चार सेट (वाकिटकी) दिएका छौं । हात्ती आयो भने हामीलाई खबर गर्नुहुन्छ,' उनले भने, 'आरआरटीको टिमसँगै वन र सशस्त्र प्रहरीको टिम पुगेर हामी हात्तीलाई नेपाल प्रवेश गर्न दिँदैनौं । अब किसानले धान थन्क्याउन थाल्नुभएको छ । यसपटक ठुलो क्षति हुँदैन भन्ने आशा गरेका छौं ।'

हात्ती नियन्त्रणमा सरकारले स्थानीयलाई स्रोतसाधन उपलब्ध गराउनुपर्ने उनको भनाइ छ । 'लाइट, साइरन र हात्ती खेदाउन प्रयोग हुने ट्र्याक्टरजस्ता सवारीसाधन सरकारले दिनुपर्छ,' उनले भने ।

हात्ती प्रभावित क्षेत्रमा शुक्रबार झापाका प्रमुख जिल्ला अधिकारी श्रवणकुमार पोखरेलसहित सुरक्षा निकायका प्रमुखहरू पुगेर अनुगमन गरेका छन् । त्यहाँ पुगेका प्रजिअ पोखरेलले किसानलाई पाकेको बाली ढुक्क भएर भित्र्याउने वातावरण बनाइने बताए । उनले बाली नथन्क्याएसम्म थप सुरक्षाकर्मी परिचालन गरी हात्तीको प्रवेश नियन्त्रण गर्ने आश्वासन दिए । स्थानीयले बढीमा पाँच दिन हात्ती नियन्त्रण गर्न सके बाली भित्र्याउन सकिने बताएको प्रजिअ पोखरेलले बताए । यसका लागि नेपाल प्रहरी र सशस्त्र प्रहरीलाई निर्देशन दिइसकेको उनको भनाइ थियो । जिल्लाबाट अतिरिक्त सुरक्षा जनशक्ति खटाई स्थानीय समुदायसँग मिलेर हात्तीको प्रवेश नियन्त्रण गर्न प्रयास गरिने उनको भनाइ छ ।

■ धान काट्न किसानको खेतमै पुगे प्रहरी

हात्तीबाट धानबालीमा हुने क्षति कम गर्न र समयमै बाली भित्र्याउन जनप्रतिनिधि र प्रहरी किसानको खेतमै पुगेका छन् । उनीहरूले किसानलाई धान काट्न सहयोग गरेका हुन् । नेपाल प्रहरी र सशस्त्र प्रहरीका करिब २५ जना र मेचीनगर-४ का वडाध्यक्ष अर्जुन कार्कीसहितको टिम किसानलाई बाली भित्र्याउन सहयोग गर्न धान काट्न खेतमै पुगेका हुन् । सुरक्षाकर्मी र जनप्रतिनिधि स्वतःस्फूर्त रूपमा किसानलाई धान काट्न सघाउन गएको झापाका प्रमुख जिल्ला अधिकारी श्रवणकुमार पोखरेलले बताए । 'हात्तीको प्रवेशद्वार भएकै ठाउँको धान काट्न सुरक्षाकर्मी स्वतःस्फूर्त रूपमा गएका हुन् । जनप्रतिनिधि पनि हुनुहुन्थ्यो,' उनले भने, 'यसले किसानलाई धान भित्र्याउन हातेमालो हुन्छ । नागरिकले जनप्रतिनिधि र सुरक्षाकर्मीलाई फूलमालाले अभिनन्दनसमेत गर्नुभयो ।'

१२ वर्षमा कञ्चनपुरमा हात्तीको आक्रमणबाट १७ जनाले गुमाए ज्यान

कञ्चनपुरमा **मोहन विष्ट**

कञ्चनपुरमा पछिल्ला वर्षमा मानव-वन्यजन्तु द्वन्द्वका घटना बढेका छन् । मानव बस्ती विस्तारसँगै वन्यजन्तुका वासस्थान र हिँड्डुल गर्ने (करिडोर) नासिँदै गएपछि मानिसमाथि आक्रमण गर्नेदेखि अन्नबाली भौतिक संरचनामा समेत क्षति पुगेको छ । एक दशकअघि छिटफुट मात्रै हुने गरेका यस्ता घटना अहिले हरेक वर्ष बढेका छन् ।

कञ्चनपुरमा जंगली हात्तीले मानिसमाथि आक्रमणका साथै बस्ती, अन्नबाली, भौतिक संरचनामाथि समेत क्षति पुऱ्याउँदै आएको छ । ०७१ असोजदेखि ०८३ कात्तिकसम्म कञ्चनपुरमा हात्तीको आक्रमणमा परी १७ जनाले ज्यान गुमाएका छन् । २३ जना घाइते भएका छन् । भौतिक संरचना र अन्नबाली क्षतिको वास्तविक विवरण प्राप्त हुन सकेको छैन ।

भारतीय दुधुवा नेसनल पार्कबाट अन्नबाली सिजनका वेला (कञ्चनपुर) प्रवेश गर्ने हात्तीको बथानले ताण्डव मच्चाउँदै आएका छन् । हात्तीको समूहले पुनर्वासका गाउँबस्ती, लालझाडी, बेलौरी, बेलडाँडी, कृष्णपुर, शुक्लाफाँटा, वेदकोट, भीमदत्त र दोधारा-चाँदनीसम्मै वितण्डा मच्चाउँदै आएको छ ।

११ असोज ०७१ मा भारतको दुधुवा नेसनल पार्कबाट आएको हात्तीको बथान पुनर्वासको विकास बस्तीमा पसेको थियो । हात्तीको बथान धपाउने क्रममा पुनर्वास नगरपालिका- १० का अन्दाजी ४९ वर्षीय गर्भुराम चौधरीले ज्यान गुमाए । २९ असोज ०७३ मा लालझाडी गाउँपालिका- ६, चाँदेवबाट श्रीमानूसँग साइकलमा जाने क्रममा हात्तीको आक्रमण परेर बेलौरी नगरपालिका- ५, रामघाटकी ३५ वर्षीया सुन्दरी चौधरीले ज्यान गुमाइन् । आशाराम चौधरीले भागेर ज्यान जोगाए । २१ माघ ०७३ मा पुनर्वास नगरपालिका- ९, बिचफाँटाका ६० वर्षीय मानबहादुर सुनारको हात्तीको आक्रमणबाट मृत्यु भयो ।

२९ असोज ०७६ मा शुक्लाफाँटा नगरपालिका- १, बन्साहका ६५ वर्षीय बलदेव बोहाराको पनि हात्तीको आक्रमणबाट मृत्यु भयो । घरायसी कामले साइकल चढेर अर्को गाउँ जाने क्रममा उनी हात्तीको सिकार बन्न पुगे । २५ मंसिर ०७६ मा दोधारा-चाँदनी नगरपालिका- २ का ६ जना महिलामाथि हात्तीले आक्रमण गऱ्यो । दोधारा-चाँदनी- २, चाँदनीका ४२ वर्षीया बिस्ना भट्ट (वसन्ती) र ५० वर्षीया भुरी बोहाराले ज्यान गुमाए । चाँदनीकै २४ वर्षीया सुनिला विष्ट, २३ वर्षीया सरस्वती ओझा, ३३ वर्षीया कुमादेवी साउद र ३५ वर्षीया ललिता बोहरा घाइते भए । १३ फागुन ०७७ मा पुनर्वास नगरपालिका- ९ की ६२ वर्षीया धनादेवी थापाको भारतीय दुधुवा नेसनल पार्कमा हात्तीको आक्रमणबाट ज्यान गयो ।

३ कात्तिक ०७८ मा शुक्लाफाँटा नगरपालिका-१२ कालागौडी दुबाहखल्लाका ६६ वर्षीय ध्वजबहादुर कार्की र उनकी श्रीमती ५५ वर्षीया मथुरा कार्कीको हात्तीको आक्रमणमा परी ज्यान गयो । यस्तै, २५ मंसिर ०७८ मा लालझाडी गाउँपालिका- ६, चाँदेवका ४८ वर्षीय खगराज रानाको पनि हात्तीको आक्रमणबाट मृत्यु भयो । रानाले ज्यान गुमाएको एक वर्ष नपुग्दै शुक्लाफाँटा नगरपालिका- ७, सिमलफाँटाकी २२ वर्षीया मिरा जोशीको हात्तीको आक्रमणमा परी मृत्यु भयो । जोशीले ज्यान गुमाएको तीन महिनामै २० मंसिर ०७९ मा वेदकोट नगरपालिका- १, हात्तीथलाकी ७१ वर्षीया हिरादेवी धानुक पनि हात्तीको आक्रमणको सिकार बनिन् । २१ असोज ०८१ मा बेलौरी नगरपालिका- ६, ढक्का चाँदरका २२ वर्षीय उमेश चौधरीले ज्यान गुमाए ।



हात्तीको आक्रमणबाट कञ्चनपुरको शुक्लाफाँटा नगरपालिका- १, तारापुरकी लक्ष्मी डगौराको क्षतिग्रस्त घर ।

२ कात्तिक ०८२ मा ढक्का शिविर जान लागेको अवस्थामा बेलौरी नगरपालिका- ३, बुटाबारीका ६५ वर्षीय श्रीप्रसाद आचार्यको हात्तीको आक्रमणमा परी मृत्यु भयो । आचार्यले ज्यान गुमाएको साता दुई साता नबित्दै ९ कात्तिक ०८२ मा भीमदत्त नगरपालिका- १४, वनकट्टीकी ५४ वर्षीया धना विष्टले समेत हात्तीको आक्रमणमा परेर घरमै ज्यान गुमाइन् ।

२५ माघ ०८२ मा आरक्षपीडित लालझाडी गाउँपालिका- ६, ढक्का चाँदेवकी रोजिना साउदले हात्तीको आक्रमणमा परेर ज्यान गुमाइन् ।

२५ कात्तिक ०८३ मा शुक्लाफाँटा नगरपालिका- १, तारापुरकी ६० वर्षीया आरक्षपीडित लक्ष्मी डगौराले पनि हात्तीको आक्रमणमा परेर ज्यान गुमाएकी छिन् । हात्तीको आक्रमणबाट महावीर क्षेत्री, सुनिता विष्ट, सरस्वती ओझा, कुमादेवी सायद, ललिता बोहरा, जानकी धामी, दुर्गा महरा, सीताराम डगौरा, डम्बरसिंह लुहार, प्रकाशसिंह महता, मानबहादुर कुँवर, राधादेवी बोगटी, ललु सार्की, भागरथीदेवी भट्ट, ज्ञानेन्द्र धानुक, कलावती भाट, जितबहादुर भाट, रत्ना सार्की, लक्ष्मीदेवी जोशी, बाजी राना, जयन्ती भट्ट जोशी, छक्कु डगौरा, पार्वती साउद घाइते भएका थिए ।

संक्षेप

चार दिन एमालेको लगातार भेला र केन्द्रीय बैठक

काठमाडौं/ एमालेले २ देखि ५ मंसिरसम्म लगातार दुई राष्ट्रिय भेला र एउटा बैठक आयोजना गर्ने भएको छ । २ र ३ मंसिरमा राष्ट्रिय कार्यकर्ता भेला सकिएको भोलिपल्ट एमालेले ४ मंसिरमा स्थानीय जनप्रतिनिधिको राष्ट्रिय भेला बोलाएको छ । केन्द्रीय स्थानीय निकाय विभागको आयोजनामा हुने अर्को भेलामा स्थानीय तहमा निर्वाचित जनप्रतिनिधि मात्रै सहभागी हुनेछन् ।

प्रचार विभाग प्रमुख नीरज आचार्यले राष्ट्रिय कार्यकर्ता भेलामा आएका स्थानीय जनप्रतिनिधिलाई छुट्टै प्रशिक्षित र निर्देशित गर्ने गरी अलग्गै राष्ट्रिय भेला तय भएको बताए । स्थानीय जनप्रतिनिधिको भेला पार्टी केन्द्रीय कार्यालय च्यासलमा सम्पन्न हुनेछ । स्थानीय जनप्रतिनिधिको भेला सकिएको भोलिपल्ट अध्यक्ष केपी ओलीले ५ मंसिरमा केन्द्रीय कमिटीको चौथो बैठक पनि आह्वान गरेका छन् । बैठकको एजेन्डा तय नभइसके पनि राष्ट्रिय भेलाबाट पारित प्रस्तावका साथै केन्द्रीय सल्लाहकार कमिटी गठन, केन्द्रीय विभाग गठनलगायत थाती एजेन्डामा छलफल हुन सक्ने नेताहरूको भनाइ छ ।

वडा प्रहरी कार्यालयभित्रै दुई समूहबिच कुटाकुट

कञ्चनपुर/ कञ्चनपुरको भीमदत्त नगरपालिका- ४ स्थित वडा प्रहरी कार्यालयभित्रै आइतबार कुटाकुट भएको छ । दुई पक्षबिच वडा कार्यालयभित्रै रहेको गोलघरमा आपसमा कुटाकुट भएको भिडियो सार्वजनिक भएको छ । गत बिहीबार भीमदत्त नगरपालिका-५ वनगाँउमा दुई पक्षबिच विवाद भएको थियो । रोशन लुहारले आफूमाथि कुटपिट भएको भन्दै प्रहरीमा निवेदन दिएका थिए । त्यही निवेदनबारे प्रहरीले कार्यालयमा दुवै पक्षलाई बोलाएको थियो । छलफलकै क्रममा दुवै पक्षबिच थप असमझदारी बढेपछि कुटपिटमै परिणत भएको थियो । जिल्ला प्रहरी कार्यालय कञ्चनपुरका प्रवक्ता टेकबहादुर रावतले कुटपिट कार्यालयभित्र नभई बाहिर भएको दाबी गरे । उनका अनुसार रोशन लुहारले आफूमाथि कुटपिट गरेको भन्दै राजेश लुहार र विशाल कोलीविरुद्ध निवेदन दिएका थिए । प्रहरीले कुटपिटमा सहभागी दुवै पक्षका ६ जनालाई पक्राउ गरेकोछ । पक्राउ पर्नेमा विशाल ओली, रामबहादुर लुहार, राजेश लुहार, रोहित लुहार, रोहन लुहार र निशा लुहार छन् ।

पेट्रोल छर्केर आगो लगाइएका चौधरीको उपचारका क्रममा मृत्यु

दाङ/ पेट्रोल छर्केर आगो लगाइएका दाङ राजपुर गाउँपालिका- २ का ४९ वर्षीय रूपलाल चौधरीको मृत्यु भएको छ । नेपालगन्जस्थित भेरी अस्पतालमा उपचारका क्रममा उनको मृत्यु भएको हो । शरीरको ८० प्रतिशतभन्दा बढी भाग जलेको उनको उपचारका क्रममा आइतबार बिहान मृत्यु भएको इलाका प्रहरी कार्यालय गढवाका प्रहरी निरीक्षक साहिल बुढाथोकीले बताए । शनिबार दिउँसो करिब साढे २ बजेतिर राजपुर गाउँपालिका- २, खालगैरामा सोही ठाउँका ३८ वर्षीय त्रिलोकसिंह कार्कीले आफ्नै मोटरसाइकलबाट पेट्रोल निकालेर चौधरीको शरीरमा छर्की आगो लगाएको प्रहरीले जनाएको छ । घटनापछि फरार रहेका कार्कीलाई लमही नगरपालिका- ५, रातोडाँडाबाट प्रहरीले नियन्त्रणमा लिएको थियो ।

■ पाथीभरामा एकै दिन ११ हजारले गरे दर्शन



ताप्लेजुङमा **केशवप्रसाद भट्टराई**

प्रसिद्ध धार्मिक तीर्थस्थल पाथीभरामा यस वर्षकै सबैभन्दा धेरै भक्तजनले एकै दिन दर्शन गरेका छन् । शनिबार ११ हजार २७२ जनाले पाथीभराको दर्शन गरेका हुन् । चालू आर्थिक वर्ष सुरु भएयता सात महिनाको अवधिमा शनिबार सबैभन्दा धेरै भक्तजन पाथीभरा पुगेका हुन् । यसअघि १७ कात्तिकमा १० हजार ६१६ जनाले पाथीभराको दर्शन गरेका थिए । गत १७ कात्तिकदेखि मौसम सफा बनेकाले प्रत्येक दिन भक्तजनको संख्या बढिरहेको छ ।

पाथीभरा क्षेत्र विकास समितिका कार्यकारी निर्देशक प्रजिन हाम्बाङले वर्षायामपछि मौसम खुल्दै जानु, यातायात सहज हुनु तथा धार्मिक आस्थाका कारण भक्तजनको आगमन बढेको बताए । यस वर्ष दसैंको नवरात्रमा अपेक्षाकृत रूपमा भक्तजन कम आएको उनको भनाइ छ । समुद्री सतहदेखि करिब ३७९४ मिटर उचाइमा रहेको पाथीभरा नेपालका प्रमुख धार्मिक तथा पर्यटकीय गन्तव्यमा पर्दछ । यहाँ नेपालका विभिन्न जिल्ला तथा भारतको सिक्किम साथै दार्जिलिङबाट समेत भक्तजन आउने गरेका छन् ।

चीन लागे रास्वपा २० सांसद

काठमाडौं/ सत्तारूढ दल राष्ट्रिय स्वतन्त्र पार्टीको २० सदस्यीय प्रतिनिधिमण्डल चीन प्रस्थान गरेको छ । चिनियाँ कम्युनिस्ट पार्टीको निमन्त्रणामा महामन्त्री विपिन आचार्यको नेतृत्वमा २० सांसद आइतबार चीन प्रस्थान गरेका हुन् ।

प्रतिनिधिमण्डलले राजनीतिक सम्बन्ध विस्तारसँगै विपत् व्यवस्थापन र आर्थिक सहकार्यका विषयमा छलफल गर्ने भएको छ । चीन भ्रमणअघि आचार्यले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा पत्रकारसँग कुरा गर्दै भ्रमणको मुख्य उद्देश्य दुई देशका सत्तारूढ राजनीतिक दलबिचको सम्बन्धलाई नयाँ आयाम दिनु रहेको बताए । चिनियाँ कम्युनिस्ट पार्टीले लामो समयदेखि रास्वपाको प्रतिनिधिमण्डललाई चीन भ्रमणको निमन्त्रणा दिँदै आएको पनि उनले बताए

'चिनियाँ कम्युनिस्ट पार्टीले लामो समयदेखि रास्वपाको प्रतिनिधिमण्डललाई चीन भ्रमणको निमन्त्रणा दिँदै आएको थियो । समय र कार्यतालिका मिलेकाले अहिले भ्रमण सम्भव भएको हो,' उनले भने । भ्रमण मुख्यतः तीनवटा विषयमा केन्द्रित हुने उनले बताए । पहिलो, राष्ट्रिय स्वतन्त्र पार्टी र चिनियाँ कम्युनिस्ट पार्टीबिच पारस्परिक सम्बन्ध विस्तार तथा राजनीतिक अनुभव र ज्ञान आदानप्रदान गर्ने तय भएको छ ।

दुई पार्टीबिचको सम्बन्धलाई आधार बनाएर भविष्यमा नेपाल र चीनबिच राज्यका विभिन्न क्षेत्रमा सहकार्यका सम्भावना खोजिने उनले बताए । ज्ञान, अनुभव र प्रविधि आदानप्रदानदेखि अन्य बहुआयामिक क्षेत्रमा सहकार्यका अवसर पहिचान गर्ने भ्रमणको उद्देश्य रहेको उनले जानकारी दिए । दोस्रो प्राथमिकतामा विपत्पछिको व्यवस्थापन रहेको छ । भूकम्प, बाढीपहिरो तथा हिमाली क्षेत्रमा देखिने ठुला प्राकृतिक विपत्को जोखिममा नेपाल रहेको उल्लेख गर्दै आचार्यले चीनले यस्ता विपत्को सामना र व्यवस्थापन कसरी गर्छ भन्ने विषयमा अध्ययन तथा अनुभव आदानप्रदान गरिने बताए ।

गत वर्ष फागुनमा निर्वाचनपछि संसदमा करिब दुईतिहाइ मत ल्याएको रास्वपाको यो स्तरको प्रतिनिधिमण्डल पहिलोपटक चीन भ्रमण गरेको हो । चीन जानुअघि सांसदहरूले शनिबार पार्टी सभापति रवि लामिछाने र शुक्रबार प्रधानमन्त्री बालेन्द्र शाहसँग भेटवार्ता गरेका थिए । प्रतिनिधिमण्डलमा महामन्त्री आचार्यवाहेक नेताहरू गणेश पराजुली, हरि ढकाल, कवीन्द्र बुर्लाकोटी, लिमा अधिकारी आचार्य, समीक्षा बाँस्कोटा, सागर ढकाल, सुशान्त वैदिक, रिमा विश्वकर्मा, रमेशकुमार सापकोटा, डा. धनञ्जय रेग्मी, गजला समिम मिकरानी, श्रीराम न्यौपाने, डा. राम लामा, पुनमकुमारी अग्रवाल, डा. आनन्दबहादुर चन्द, डा. सुजाता तामाङ, पुष्पाकुमारी चौधरी, अरविन्द शाह र रत्ना थापा रहेका छन् ।

खुलामञ्चमा हरियाली फर्काउन दुबो रोप्दै कांग्रेस

प्रेम गौतम/नयाँ पत्रिका

कांग्रेसको १५औं महाधिवेशनका क्रममा क्षति पुगेको काठमाडौंको ऐतिहासिक टुँडिखेलस्थित खुलामञ्चमा दुबो रोप्न सुरु गरिएको छ । खुलामञ्चको हरियाली र सौन्दर्य फर्काउन पार्टीका नेता तथा कार्यकर्ता खटिएको कांग्रेसले जनाएको छ । महाधिवेशनका क्रममा सवारीसाधनको आवतजावत, अस्थायी संरचना निर्माण र ठुलो संख्यामा मानिसको चहलपहलले बिग्रिएको दुबो पुनः रोपण तथा संरक्षण कार्य थालिएको नेताहरूले जनाएका छन् ।

कांग्रेस सहमहामन्त्री प्रतिमा गौतमले टुँडिखेलको ऐतिहासिक पहिचान, प्राकृतिक सौन्दर्य र महत्त्व जोगाउनु पार्टीको साझा दायित्व भएको बताइन् । महाधिवेशनका क्रममा सवारीसाधनको आवतजावतका कारण क्षति पुगेको देखेपछि त्यसलाई सुधार्न पार्टी आफैं सक्रिय भएको उनले बताइन् । 'यो ऐतिहासिक धरोहर हो । काठमाडौंको मुटुमा रहेको टुँडिखेलको आफ्नै महत्त्व छ । यसको अस्तित्व र सौन्दर्य जोगाउनु हाम्रो पनि कर्तव्य हो । कसैले भनेर मात्र होइन, आफ्नो जिम्मेवारी सम्झेर यहाँ आएका हौं,' उनले भनिन् ।

महाधिवेशनका क्रममा खुलामञ्चमा क्षति पुगेपछि त्यसको जिम्मेवारी लिनुपर्ने भन्दै आलोचना भएको थियो । पार्टीले कार्यक्रमअघि नै सार्वजनिक स्थललाई प्रयोगपछि पुरानै अवस्थामा फर्काउने प्रतिबद्धता कांग्रेसले जनाएको थियो । सोही प्रतिबद्धताअनुसार क्षतिग्रस्त क्षेत्रमा नयाँ दुबो रोप्ने, माटो मिलाउने र हरियाली पुनर्स्थापना गर्ने काम सुरु गरिएको कांग्रेसले जनाएको छ ।

आइतबार कांग्रेसका केन्द्रीय पदाधिकारी, केन्द्रीय सदस्य तथा स्थानीय नेता-कार्यकर्ता खुलामञ्च पुगेर दुबो रोप्ने काममा सहभागी भए । क्षति पुगेका स्थानमा चितवनबाट ल्याइएको दुबो रोपिएको छ । केन्द्रीय सदस्य सीता मिजारले महाधिवेशनका क्रममा भएको क्षतिको परिपूर्ति गर्ने प्रतिबद्धताअनुसार पार्टीले काम गरिरहेको बताइन् । 'यो राष्ट्रिय सम्पत्ति हो । यसको संरक्षण गर्नुपर्छ भन्ने उद्देश्यले नेपाली कांग्रेसले आफैं दुबो रोप्ने कार्यक्रम गरेको हो । जति क्षति भएको छ, त्यसको परिपूर्ति गर्छौं भनेर त्यतिवेलै प्रतिबद्धता जनाएका थियौं,' उनले भनिन् ।



केन्द्रीय सदस्य जनक चटौतले महाधिवेशनका क्रममा संरचना निर्माण र ठुला सवारीसाधनको आवतजावतका कारण दुबोलगायतका संरचनामा क्षति पुगेको बताए । महानगरपालिकाबाट क्षतिको विषय उठेपछि पार्टीले बिग्रिएको क्षेत्र पुनर्स्थापना गर्ने प्रतिबद्धता जनाएको र सोहीअनुसार काम अघि बढाइएको उनले बताए । पुनर्स्थापनापछि पनि नियमित सिँचाइ तथा संरक्षणको व्यवस्था गरिने उनले बताए ।

केन्द्रीय सदस्य लेखनाथ न्यौपानेले महाधिवेशनका क्रममा प्रयोग गरिएको सार्वजनिक स्थलमा पुगेको क्षति सुधार गर्नु पार्टीको कर्तव्य भएको बताए । बिग्रिएको दुबोलाई प्राकृतिक रूपमै पुनर्जीवित गर्ने उद्देश्यले चितवनबाट दुबो मगाएर पुनः रोपणको काम अघि बढाइएको उनले बताए ।

कांग्रेस काठमाडौं महानगर समितिका सभापति सुसन वैद्यका अनुसार पछिल्लो एक महिनादेखि नियमित सिँचाइ, मलखाद र मर्मतसम्भारको कामसमेत भइरहेको छ । वैद्यले महाधिवेशनका क्रममा भएको क्षतिलाई पार्टीले आफ्नो दायित्वका रूपमा लिएको बताए ।

कार्यक्रमअघि नै खुलामञ्च जुन अवस्थामा लिइएको हो, त्यही अवस्थामा फर्काएर हस्तान्तरण गर्ने प्रतिबद्धता गरिएको उनले बताए । 'महाधिवेशन स्थलको रूपमा हामीले खुला मञ्च प्रयोग गर्दा वर्षाका कारण अनुमान गरेभन्दा केही बढी क्षति भएको छ । दुई दिन परेको भीषण वर्षा र हजारौं मानिसको आवतजावतका कारण दुबो बिग्रिएको हो । त्यसलाई पुरानै अवस्थामा फर्काउनु हाम्रो जिम्मेवारी हो,' उनले भने । उनले खुलामञ्च कुनै एउटा राजनीतिक दल, महानगरपालिका वा सरकारको मात्र नभई तीन करोड नेपालीको साझा सम्पत्ति भएको उल्लेख गर्दै यसको संरक्षण सबैको दायित्व भएको बताए । सार्वजनिक सम्पत्तिको संरक्षण राजनीतिक मुद्दा मात्र नभई राजनीतिक दलको नैतिक जिम्मेवारीसमेत भएको उनले बताए ।

दुबो पुनः रोपण तथा मर्मतसम्भारको प्राविधिक जिम्मेवारी पाएको माउन्ट एभरेस्ट स्पोर्टस्का थमन भुसालका अनुसार अहिले प्रारम्भिक चरणको रोपण कार्य भइरहेको छ । रोपिएको दुबोलाई आवश्यकताअनुसार थिच्ने, माटो मिलाउने, खनजोत गर्ने र सिँचाइ तथा मलखादको व्यवस्था गरेर अन्तिम रूप दिइनेछ । उनका अनुसार अहिलेको मौसममा दुबोलाई पूर्ण रूपमा स्थापित गरी पुरानै अवस्थामा फर्काउन न्यूनतम ३० दिन लाग्ने अनुमान छ । काम सम्पन्न भएपछि वास्तविक लागत विवरणसमेत तयार गरिने उनले बताए ।

छठ पर्व : अस्ताउँदो सूर्यलाई दिइयो अर्घ्य

आज उदाउँदो सूर्यलाई अर्घ्य दिएपछि छठको समापन



काठमाडौंको गौरीघाटस्थित बागमती नदीमा छठी माताको आराधना गर्दै व्रतालु
तस्बिर : **संजित परियार**/नयाँ पत्रिका



विराटनगरको हाटखोलास्थित सिँघिया नदीमा पूजा आराधना गरिँदै

विराटनगरमा **गणेश लम्साल**
महोत्तरीमा **रञ्जनकुमार भण्डारी**

छठ पर्वको तेस्रो दिन आइतबार तराई-मधेशसहित देशका अधिकांश ठाउँमा व्रतालुले सूर्यदेव र छठी माताको आराधना गरेका छन् । साँझमा नदी, खोला, पोखरीमा अस्ताउँदो सूर्यलाई अर्घ्य दिइयो ।

सोमबार बिहान उदाउँदो सूर्यलाई अर्घ्य दिएपछि यस वर्षको छठ पूजा समापन हुनेछ । छठ पर्वको पहिलो दिन नहाय खाय, दोस्रो दिन खरना र तेस्रो दिन अस्ताउँदो सूर्यलाई अर्घ्य दिने गरिन्छ ।

तराई-मधेशतिर परिवारको सुख, शान्ति, समृद्धि एवं सुस्वास्थ्यको कामना गर्दै मनाइने यो पर्वका अहिले काठमाडौं उपत्यकामा पनि धुमधामसँग मनाइन्छ । उपत्यकाका गुह्येश्वरी, कमलपोखरी, बागमती, विष्णुमती नदी किनारमा व्रतालु जम्मा भएर सूर्यको पूजा-आराधना गरेका छन् ।

यसैक्रममा कोशी प्रदेशको मोरङ, सुनसरी, झापा र उदयपुरमा छठ पर्व धुमधामले मनाइएको छ । विराटनगरको हाटखोलास्थित सिँघिया नदी, पोखरियाको परोपकार घाट, केसलिया घाट, रानीको मण्ठा पोखरी, पुष्पलाल चोक, केसलिया नहरसहित विभिन्न नदी र जलाशयकिनारमा छठ पूजा आयोजना गरिएको छ । सुनसरीमा इटहरीको बुढीखोला, इनरुवाको सुनसरी खोला विभिन्न नहर र जलासयमा छठको पूजा आयोजना गरिएको छ ।

छठ पर्वका अवसरमा आइतबार साँझ प्राकृतिक उत्पादन उखु, केरा, नरिवलसहित विभिन्न, फलफूल, शुद्ध नैवेध र विभिन्न पूजा सामग्री बाँसका ढाकी र कोनियामा राखेर आ-आफ्नो क्षेत्रका नजिकका नदी र जलासयमा पुगेर अस्ताउँदो सूर्यलाई अर्घ्य दिइयो ।

अधिल्ला वर्षहरूझैं यस वर्ष पनि झापा, मोरङ, सुनसरी र उदयपुरमा कतै समिति बनाएर त कतै व्यक्तिगत रूपमा नदी र जलाशयमा सामूहिक पूजास्थल बनाइएको छ । छठ पर्वमा व्रतालुले चार दिनसम्म निराहार व्रत बसेर पूजा गर्छन् । पूजामा विशेषगरी बाँसका सामग्री, शुद्ध बाली उखु, भोगटे, नरिवल, मेवा र अन्नको प्रयोग गरिन्छ । छठमा शुद्ध गहुँको पिठोबाट बनेको ठेकुवा नामको पकुवान खाने विशेष चलन छ । शुद्ध गहुँको पिठोबाट बनेको पकवान (ठेकुवा) देउतालाई चढाउने र प्रसादका रूपमा ग्रहण गरिन्छ । यसबाहेक सिंगो नरिवल, उखु पनि छठ मातालाई चढाउने गरिन्छ ।

घाटमा छठ व्रतालु

मधेशका आठवटै जिल्लाका नदी, खोला, जलाशयमा आइतबार साँझ छठ धुमधामले मनाइएको छ । महोत्तरीको प्रायः सबै जलाशयमा भव्यताका साथ पण्डालहरू सजाइएको छ । साथै, सुरक्षा व्यवस्थासमेत चुस्त पारिएको छ । जलेश्वर, मटिहानी, पिपरा, रामगोपालपुर, गौशाला, बर्दिबास, समसी, भंगहासहित महोत्तरीका प्रायः सबै पालिकाको जलाशय छठ गीतले गुञ्जायमान छ । छठमा भाकल गरेकाहरूले पमरिया नचाउने, दण्ड प्रणामलगायत आ-आफ्नो भाकलअनुसार सूर्य देवतालाई खुसी पार्ने गर्छन् । छठप्रतिको आस्था र विश्वास बढ्दो छ । सोही कारण मिथिलालगायत नेपालका अधिकांश भेगमा यो पर्व मनाउन थालिएको छ । छठमा मधेशी समुदायसँगै पहाडी समुदायको समेत आस्था बढ्दै गएको छ ।

हेटौँडामा साझा उत्सव बन्दै छठ

मकवानपुरमा **पोष्टराज अधिकारी**

कुनै समय मधेशी समुदायमा सीमित रहेको छठ पर्व पछिल्लो समय हेटौँडामा सबै समुदायको साझा धार्मिक तथा सांस्कृतिक उत्सवका रूपमा स्थापित हुँदै गएको छ । करिब ४६ वर्षअघि दुई-तीन परिवारबाट सुरु भएको छठमा अहिले विभिन्न जातजाति, भाषाभाषी र समुदायका मानिसको सहभागिता बढ्दै गएको छ । हेटौँडा उपमहानगरपालिका- १ स्थित राप्ती नदी तटमा आइतबार साँझ अस्ताउँदो सूर्यलाई अर्घ्य दिन व्रतालु तथा भक्तजनको ठुलो उपस्थिति थियो । छठ पूजा मूल समारोह समितिका अनुसार यस वर्ष करिब ४० हजार भक्तजन तथा दर्शनार्थी र एक हजार पाँच सयदेखि दुई हजारसम्म व्रतालु सहभागी भएका छन् ।

हेटौँडामा ०३७ देखि राप्ती तटमा छठ पर्व मनाउन थालिएको हो । सुरुमा दुई-तीन परिवारले मनाउने गरेको यो पर्व अहिले हेटौँडाकै ठुलो धार्मिक तथा सांस्कृतिक उत्सवका रूपमा विस्तार भएको छ । पछिल्ला वर्षमा तराईका जिल्लाबाट विभिन्न पेसा, व्यवसाय र रोजगारीका सिलसिलामा हेटौँडामा बसोबास गर्नेको संख्या बढेसँगै छठको रौनक पनि बढ्दै गएको आयोजक बताउँछन् ।

छठ पूजा मूल समारोह समितिका कोषाध्यक्ष राजदेव बानियाँका अनुसार अहिले छठ मधेसी समुदायमा मात्र सीमित छैन । पहाड, मधेश र हिमालका विभिन्न समुदायका मानिससमेत छठ पूजामा सहभागी हुन थालेका छन् । 'छठ पर्वले तराई, पहाड र हिमाललाई जोड्ने काम गरेको छ । यो कुनै एउटा समुदायको मात्र नभएर सबै नेपालीको साझा पर्वका रूपमा विकास हुँदै गएको छ,' उनले भने, 'राप्ती तटमा छठ पूजा गर्ने भक्तजनको संख्या हरेक वर्ष बढ्दै गएको छ ।'

छठमा विभिन्न समुदायको सहभागिता बढ्दै जाँदा पर्वले धार्मिक आस्थासँगै सामाजिक सद्भाव र सांस्कृतिक एकताको सन्देश पनि प्रवाह गरिरहेको छ । एकै ठाउँमा भेला भएर सूर्यदेवको उपासना गर्ने, प्रसाद चढाउने र पर्वको खुसी साटासाट गर्ने परम्पराले समुदायबिचको सम्बन्धलाई समेत बलियो बनाउँदै लगेको छ । छठ पूजा समितिका संयोजक रविरञ्जन गुप्ताका अनुसार



हेटौँडामा छठ पर्वको सुरुवात ०३७ मा भएको हो । सीमित परिवारबाट सुरु भएको पर्वमा अहिले हजारौँ भक्तजनको सहभागिता हुने गरेको छ । यस वर्ष छठ पूजाका लागि राप्ती तटमा पण्डाल निर्माण, सजावट, सरसफाइ, पार्किङ र सुरक्षा व्यवस्थापन गरिएको थियो । पूजा व्यवस्थापनका लागि हेटौँडा उपमहानगरपालिका र बागमती प्रदेशको सामाजिक विकास मन्त्रालयले आर्थिक सहयोग उपलब्ध गराउनुका साथै विभिन्न संघसंस्थाहरूबाट सहयोग भएको आयोजकले जनाएको छ ।

अपि पावर कम्पनी लिमिटेड
API POWER COMPANY LIMITED
4th Floor-Trade Tower, Thapathali, Kathmandu, Nepal

UNAUDITED FINANCIAL STATEMENTS FOR THE FIRST QUARTER
FISCAL YEAR 2083/84 ENDED 31ST ASHWIN 2083 (17TH OCTOBER 2026)

Fig in NPR

Particulars	This Quarter Ending Ashwin End 2083	Previous Quarter Ending Asadh End 2083	Corresponding Previous Year Quarter Ending Ashwin end 2082
Assets			
Non Current Assets			
Property, plant and equipment	20,562,557	21,420,977	16,746,213
Right of use assets	39,659,188	40,127,712	10,759,304
Intangible assets	10,684,321,227	10,786,741,140	11,093,842,399
Project work-in-progress	558,952,668	553,762,462	277,800,489
Investment in Subsidiaries and Associates	2,900,220,830	2,886,453,542	1,646,159,115
Other investments	78,446,379	41,207,845	38,906,706
Other non-current assets	-	-	2,587,308
Total Non Current Assets	**14,282,162,851**	**14,329,713,679**	**13,086,801,533**
Current Assets			
Trade receivables	392,495,090	312,722,015	360,059,741
Cash and cash equivalents	129,082,514	100,675,712	54,113,479
Other financial assets	48,831,020	50,703,811	285,669,173
Other current assets	303,995,661	219,158,370	126,773,434
Current tax assets (net)	-	2,796,744	-
Total Current Assets	**874,404,285**	**686,056,651**	**826,615,828**
Total Assets	**15,156,567,136**	**15,015,770,330**	**13,913,417,361**
Equity & Liabilities			
Equity			
Equity Share Capital	6,379,724,199	6,379,724,199	6,075,927,807
Retained Earnings	1,049,112,584	797,854,002	459,463,847
Total Equity	**7,428,836,783**	**7,177,578,201**	**6,535,391,654**
Liabilities			
Non-Current Liabilities			
Non-Current Borrowings	5,825,288,940	5,953,930,960	5,672,338,411
Deferred tax liabilities (net)	78,351,155	91,892,334	(547,768)
Other non-current liabilities	35,734,018	35,734,018	14,444,561
Provisions		-	-
Total Non-Current Liabilities	**5,939,374,113**	**6,081,557,312**	**5,686,235,205**
Current Liabilities			
Current Borrowings	1,444,506,945	1,433,048,736	1,081,009,135
Other financial liabilities	310,178,099	248,453,267	452,977,237
Other current liabilities	22,537,362	62,388,306	156,661,644
Current tax Liabilities (net)	6,512,540	-	1,142,491
Provisions	4,621,293	12,744,509	-
Total Current Liabilities	**1,788,356,239**	**1,756,634,817**	**1,691,790,507**
Total Liabilities	**7,727,730,352**	**7,838,192,129**	**7,378,025,712**
Total Equity and Liabilities	**15,156,567,136**	**15,015,770,330**	**13,913,417,361**

Particulars	This Quarter Ending Ashwin End 2083	Previous Quarter Ending Asadh End 2083	Corresponding Previous Year Quarter Ending Ashwin end 2082
Revenue from operations	561,018,358	1,766,558,181	538,459,207
Cost of sales	(47,826,148)	(240,513,745)	(59,257,441)
Gross Profit	**513,192,210**	**1,526,044,436**	**479,201,767**
Other Income	1,552,581	8,953,946	2,000
Administrative Expenses	(9,423,465)	(30,955,913)	(8,206,693)
Depreciation and Amortisation Expense	(104,067,089)	(415,760,352)	(103,557,453)
Profit from Operation	**401,254,238**	**1,088,282,117**	**367,439,621**
Finance Income	-	3,812,321	77,963
Finance Costs	(108,206,776)	(431,519,298)	(116,658,940)
Fair Value Gain / (Loss) on Investment through FVTPL	(44,899,854)	365,761,117	-
Profit before staff bonus and tax	**248,147,607**	**1,026,336,257**	**250,858,644**
Staff Bonus	(5,860,949)	(13,211,503)	(5,017,173)
Profit before tax	**242,286,658**	**1,013,124,754**	**245,841,471**
Current Tax	(10,377,607)	(20,292,305)	(19,491)
Deferred Tax	13,541,179	(91,518,788)	28,700
Profit/(Loss) For the Period	**245,450,230**	**901,313,661**	**245,850,680**
Other Comprehensive Income			
Items that will not be reclassified to profit or loss			
(a) Remeasurement of defined benefit plans	-	-	-
(b) Equity instruments classified at FVTOCI	-	-	-
Income Tax Relating to Above Items	-	-	-
Other Comprehensive Income (net of tax)	-	-	-
Total Comprehensive Income for the year	**245,450,230**	**901,313,661**	**245,850,680**

Ratios	This Quarter Ending Ashwin End 2083	Previous Quarter Ending Asadh End 2083	Corresponding Previous Year Quarter Ending Ashwin end 2082
Earnings per share (in Rs. Annualized)	15.39	14.13	16.19
Market value per share	345.00	320.70	270.20
Price Earning Ratio	22.42	22.70	16.69
Current Ratio	0.49	0.39	0.49
Return on Assets (Annualized)	6.48%	6.00%	7.07%
Net worth per share (in Rs.)	116.44	112.51	107.56

Notes:
1. The above mentioned figures are subject to change during statutory audit of the books of accounts.
2. Previous period figures have been reclassified / adjusted wherever considered necessary.

FIRST QUARTER DISCLOSURE AS OF 17th OCTOBER, 2026
AS PER SECURITIES REGISTRATION AND ISSUE REGULATIONS, 2073

1. **Financial Statements**
   - The unaudited financial statements for the first quarter and the financial ratios have been published along with this report.
   - Important Financial Ratios: As attached in the unaudited financial statements.
   - Naugad Gad Hydropower Plant (8.5 MW) successfully completed ten years of commercial operation on Bhadra 02, 2082. In accordance with the provisions of Income Tax Act 2058, hydropower companies are granted a full income tax exemption for the first ten years of commercial operation, followed by a 50% tax concession for the subsequent five years. Therefore, effective from FY 2082/83, Naugad Gad Hydropower Plant is subject to 50% of the applicable income tax rate i.e. 12.5% on its taxable profits. Besides this, income tax on other taxable income has been provisioned @ 21.25%.
   - API has opted to account for its investments at cost for:
     i. unquoted securities and,
     ii. quoted securities that are not freely tradeable and,
     at fair value through profit and loss at quoted market value as at the date of reporting period for freely tradeable quoted securities.
     Previous period figures have been reclassified / adjusted / restated wherever considered necessary.
2. **Management's Analysis**
   - The Company is commercially operating the following projects:
     i. 8.5 MW Naugad Gad Small Hydropower Project
     ii. 8.00 MW Upper Naugad Gad Small Hydropower Project
     iii. 4.00 MW Chandranigahpur Solar PV Project
     iv. 1.00 MW Dhalkebar Solar PV Project
     v. 1.00 MW Simara Solar PV Project
     vi. 40.00 MW Mathillo Chameliya Hydropower Project
   - All the projects are operating smoothly and revenue growth compared to previous fiscal year is seen. Pertaining to favorable hydrological conditions, additional revenue growth is forseen in the upcoming fiscal year as well.
   - The company is constructing 8.0 MW Parwanipur Solar PV project in Bara District.
3. **Analysis of Shares Transaction**
   - Shares of the company were actively traded during the quarter.
   - Major highlights of share transaction during the quarter are as follows: Maximum Price – NPR 355.00, Minimum Price – NPR 305.00, Closing Price – NPR 345.00, No of Transaction Days – 61, Total Transactions – 32,720 Total Traded Volume – 1,28,88,836 Total Turnover – NPR 4,33,47,78,615.90
4. **Problems and Challenges**
   Internal Risk
   - Retention of skilled human resources
   - To manage the overhead cost and maintain the operational efficiency
   External Risk
   - Lack of political commitment in development of hydroelectric projects
   - Delay of statutory approvals
   - Hydrological Risks
5. **Corporate Governance**
   Board of Directors, Audit Committee and Team Management are committed to strengthening the corporate governance within the Company.
6. **Declaration**
   I, the Managing Director of the Company, hereby individually accept responsibility for the accuracy of the information and details contained in this report. Also hereby declare that to the best of my knowledge and belief, the information contained in this report is true, accurate and complete and there are no other matters concealed the omission of which shall adversely affect the informed investment decision by the investors.

विद्यालयको पाठ्यक्रममै जलवायु शिक्षा अनिवार्य गर्छौं : शिक्षामन्त्री

काठमाडौं/ शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले जलवायु परिवर्तनको असर न्यूनीकरण गर्न भौतिक पूर्वाधारको पुनर्संरचनासँगै विद्यालय तहको पाठ्यक्रममै जलवायु शिक्षालाई अनिवार्य रूपमा समावेश गर्ने प्रक्रिया अघि बढाइएको बताएका छन् । टर्कीको एन्टाल्यामा आयोजित जलवायु परिवर्तनसम्बन्धी विश्व सम्मेलन (कोप-३१) अन्तर्गत 'एन्टाल्या कार्ययोजना प्रोटोकल : हरित शिक्षाको केन्द्रमा बालबालिका, युवा र शिक्षकहरू' विषयक उच्चस्तरीय मन्त्रीस्तरीय उद्घाटन सत्रको समूहगत छलफलमा सहभागी हुँदै मन्त्री पोखरेलले नेपालले शिक्षा प्रणालीमार्फत जलवायु अनुकूलनको दीर्घकालीन आधार तयार पारिरहेको जानकारी दिएका हुन् ।



मन्त्री पोखरेलले जलवायु संकटका कारण शैक्षिक क्षेत्र दोहोरो मारमा परेको विश्लेषण प्रस्तुत गरे। एकातर्फ हिमालमा हिमताल विस्फोट, पहाडमा पहिरो तथा तराईमा बाढी र अत्यधिक तापक्रम (हिट वेभ) का कारण पठनपाठन अवरुद्ध भइरहेको छ भने अर्कातर्फ विगतमा विपत् जोखिम मूल्यांकन नगरी बनाइएका भौतिक संरचनाहरू असुरक्षित बनेको उनले बताए । केही महिनाअघि नेपालमा नदीको सतह सामान्य उचाइभन्दा निकै माथिसम्म पुगी केही सेकेन्डभित्रै बस्तीसहित विद्यालय भवनमा क्षति पुगेको उदाहरण दिँदै उनले अब यी कुराहरूको मूल्यांकनमा आधारित पूर्वाधार विकास अपरिहार्य भएको बताए । बाढीबाट पुरिएका स्कुल र बस्तीहरूको अवस्था देखाउँदै मन्त्री पोखरेलले प्रस्तुति दिएका थिए ।

यसै सन्दर्भमा यसअघि काठमाडौं महानगरपालिकाका ९० वटा विद्यालयमा गरिएको सफल परीक्षण (पाइलट प्रोजेक्ट)को सिकाइका आधारमा हाल देशभरका करिब २७ हजार सामुदायिक विद्यालयको भौतिक संरचना, विपत् जोखिम र राष्ट्रिय भवन संहिताअनुसार न्यूनतम ६० प्रतिशत खुला क्षेत्र भए नभएको विस्तृत अध्ययन भइरहेको उनले बताए । उक्त अध्ययनपछि बन्ने गुरुयोजनाले सुरक्षित विद्यालय निर्माण गर्नुका साथै राज्यको स्रोतसाधनको समेत दिगो व्यवस्थापन गर्ने उनको भनाइ थियो । जलवायु परिवर्तनको दीर्घकालीन प्रभावबाट विश्वका कुनै पनि सभ्यता अछुतो नरहने भएकाले वैचारिक विभाजनभन्दा माथि उठेर शैक्षिक र वैज्ञानिक सहकार्यमार्फत विश्व समुदाय एकजुट हुनुपर्नेमा उनले जोड दिए ।

चोरी गर्ने र चोरीको सुन किन्ने पाँचजना पक्राउ

काठमाडौं/ तिहारको मौका छोपेर सुनका गरगहनासहितका सामान चोरी गर्ने तथा चोरीका गहना किन्नेलाई प्रहरीले पक्राउ गरेको छ । २४ कात्तिक राति १२:२० बजेतिर ललितपुरको टीकाथलीस्थित घरबाट चोरी गर्ने तीनसहित प्रहरीले पाँचजनालाई पक्राउ गरेको हो । काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयले घरमा प्रवेश गरी चोरी गर्ने महोत्तरीको सोनमा गाउँपालिका- ६ घर भई काठमाडौं-१४, कालीमाटी बस्ने बद्री राय यादवका छोरा ३३ वर्षीय बिटु भन्ने प्रमोदकुमार यादव तथा काठमाडौं- ३२, जडीबुटी बस्ने भारत बिहारको मोतीहारीका सुरेश गिरीका छोरा २० वर्षीय करन गिरी र बिहार समस्तीपुर फुलबरिया थाना बारोकका सियाचरण गिरीका छोरा २७ वर्षीय स्टार भन्ने गोकुल गिरीलाई पक्राउ गरेको छ ।

यसैगरी, सुनसरी इनरुवा- १ घर भई काठमाडौं कपन बस्ने नीरजकुमार साहका छोरा २३ वर्षीय अनुराग सोनी साह र दोलखा मेलुङ- २ घर भई कागेश्वरी मनोहरा हात्तीडाँडा बस्ने वीरेन्द्र चौधरीकी छोरी २१ वर्षीय अनिता चौधरी खड्कासमेत पक्राउ परेका छन् । साहले चोरीको सुन किनेको तथा चौधरीले सुन बेच्न सहयोग गरेको प्रहरीले जनाएको छ । उनीहरूले घरभाडामा बस्ने सशान्त साह र तेजेन्द्रकुमार चौधरीको कोठामा कोही नभएको मौका पारी ढोकाको ताला फोडी सुनचाँदीका गरगहना, ल्यापटप तथा नगद चोरी गरेको प्रहरीले जनाएको छ । शुक्रबार अपराह्न ५ बजेतिर काठमाडौं उपत्यकाका विभिन्न स्थानबाट चोरीका सामानसहित पक्राउ परेका उनीहरूलाई थप अनुसन्धानका लागि प्रहरी वृत्त सातदोबाटो, ललितपुर पठाइएको छ ।

कारागारका पर्खालबाहिरको जीवन

सजाय भोगिरहेको व्यक्ति भएकै कारण उसको अवस्था जाँच्न, उसको अधिकार रक्षा गर्न वा सम्भावित अन्याय सच्याउन राज्य उदासीन हुन मिल्दैन



● वीणा झा

अग्रलेख

कारागारको अग्लो पर्खालभित्र कैद भएको मानिसको जीवनसँगै बाहिर एउटा परिवार पनि कैद भइरहेको हुन्छ । कतै वृद्ध आमाबुबा छोराछोरी फर्कने प्रतीक्षामा छन्, कतै बालबालिका आफ्ना अभिभावकको अभावमा हुर्किरहेका छन्, कतै श्रीमती वा श्रीमान् परिवारको जिम्मेवारी एक्लै बोकेर संघर्ष गरिरहेका छन् । कतिपय परिवार आर्थिक संकटमा छन्, कतिपयले सामाजिक अपमान सहिरहेका छन् । कारागारभित्र बस्नेमध्ये कतिपयले गम्भीर अपराध गरेर गल्तीको परिणाम भोगिरहेका हुनछन् । तर, कतै अनुसन्धान, प्रमाणको मूल्यांकन वा न्यायिक प्रक्रियामा भएको सम्भावित त्रुटिका कारण अन्याय भोगिरहेका मानिस पनि हुन सक्छन् । उनीहरूमध्ये को कस्तो अवस्थामा छ भन्ने निष्पक्ष पहिचान गर्नु नै राज्यको जिम्मेवारी हो ।

सजायको उद्देश्य मानिसलाई सधैँका लागि समाजबाट अलग गर्नु हो कि उसलाई जिम्मेवार नागरिकका रूपमा फर्काउनु पनि हो ? सजायको उद्देश्य सुधार र पुनर्स्थापना पनि हो भने कारागारको ढोका बन्द गर्ने निर्णयसँगै भविष्यमा त्यो ढोका कसरी, कहिले र कुन आधारमा खुल्न सक्छ भन्ने न्यायपूर्ण व्यवस्था पनि निर्माण गर्नुपर्छ ।

न्यायप्रणालीप्रति नागरिकको विश्वास लोकतान्त्रिक राज्यको आधार हो । तर, त्यो विश्वास कायम राख्न न्यायिक संस्थाहरूको स्वतन्त्रता मात्र पर्याप्त हुँदैन, निष्पक्षता र निर्भीकतासँगै दक्षता, जिम्मेवारी र त्रुटि सच्याउने प्रभावकारी संयन्त्र पनि आवश्यक हुन्छन् । ताकि न्यायको नाममा कुनै सम्भावित अन्याय हुन नपाओस् किनकि फौजदारी न्यायको सर्वमान्य सिद्धान्त दशजना दोषी छुटे पनि एकजना निर्दोषले सजाय नपाओस् भन्ने हो । जब निर्दोषले सजाय पाउने र अन्याय महसुस गर्ने अवस्था सिर्जना हुन्छ तब समाज दीर्घरोगी बन्दै जान्छ र समाजमा बस्ने हरेकको जीवनलाई कुनै न कुनै रूपले नकारात्मक असर पार्छ ।

अनुसन्धानका क्रममा प्रमाण संकलनमा पर्ने अभाव र प्रभावका असर, सरकारी वकिलको मिसिलमा भएका सबै महत्त्वपूर्ण प्रमाणको समुचित निष्पक्ष विश्लेषण गर्न सक्ने क्षमता, प्रतिरक्षामा उभिएका कानुन व्यवसायीका प्रस्तुति, मिसिलभित्रका महत्त्वपूर्ण प्रमाण, बयानबिचको विरोधाभास वा कानुनी प्रश्नको मूल्यांकनमा त्रुटिको सम्भावना रहन्छ । यी सम्भावना उल्लेख गर्नु कुनै व्यक्ति वा संस्थामाथि प्रमाणविनाको आरोप लगाउनु होइन । न्यायप्रणालीलाई मानवीय त्रुटिबाट मुक्त राख्ने कुनै जादुई उपाय छैन । तर, त्रुटि भएको हुन सक्ने विश्वसनीय आधार देखिएपछि त्यसलाई परीक्षण गर्ने बाटो प्रभावकारी बनाउनु राज्यको कर्तव्य हो ।

न्यायको केन्द्रमा अभियुक्त वा कैदी मात्र होइन, पीडित र समग्र समाज पनि छन् । निर्दोषलाई अन्यायपूर्वक कैदमा राख्नु र दोषीलाई कानुनविपरीत छुट दिनु दुवै अन्याय हो । त्यसैले समाधान भावनामा आधारित एकपक्षीय निर्णय होइन, प्रमाण, कानुन र मानव मर्यादामा आधारित निष्पक्ष प्रक्रिया हो । न्यायिक स्वतन्त्रताको सम्मान गर्दै गम्भीर त्रुटि भएका फैसलालाई कानुनी प्रक्रियाबाट चुनौती दिन सकिने, आवश्यक परे पुनरावलोकन गर्न सकिने र गल्ती पुष्टि भएमा शीघ्र सुधार गर्न सकिने व्यवस्था अझ प्रभावकारी बनाउनुपर्छ ।

कैदका दिन गन्ने मात्र होइन, बन्दीलाई समाजमा फर्किने बाटो देखाउनुका साथै पुनः अपराध नगर्ने वातावरण पनि राज्यले सिर्जना गर्नुपर्छ । नेपालमा सार्वजनिक बिदाका दिनलाई कैद अवधिबाट घटाउने विषयलाई पनि यही दृष्टिकोणबाट हेर्नुपर्छ । सार्वजनिक बिदाका दिन स्वतः कैद छुट अधिकार हो भन्ने अर्थ लगाउन मिल्दैन । कैद गणना, राम्रो आचरणका आधारमा छुट र राष्ट्रपतिबाट सजाय माफी वा कटौती फरक कानुनी विषय हुन् । सार्वजनिक बिदालाई कैदबाट घटाउने व्यवस्था प्रस्ताव गरिन्छ भने त्यसको कानुनी आधार, सार्वजनिक सुरक्षा, समानता र सजायको उद्देश्यबारे अध्ययन गर्नुपर्छ । बिदाको दिन मात्र आधार बनाएर छुट दिनु पर्याप्त नहुन सक्छ । तर, पारदर्शी नियम, स्पष्ट सीमा र सुधारसँग सम्बन्धित उद्देश्यसहित यस्तो प्रस्तावको मूल्यांकन गर्न सकिन्छ ।

सजाय भोगिरहेको व्यक्तिले शिक्षा हासिल गरेको छ, सिप सिकेको छ, आफ्नो व्यवहारमा सुधार गरेको छ र रिहाइपछि समाजमा जिम्मेवार जीवन बिताउने तयारी गरेको छ भने कानुनले अनुमति दिएको सीमाभित्र त्यस्तो प्रगतिलाई मूल्यांकन गर्ने व्यवस्था हुनुपर्छ । यसको अर्थ सबै कैदीलाई समान रूपमा समयअगावै रिहा गर्नुपर्छ भन्ने होइन । गम्भीर अपराधमा दोषी ठहर भएकाहरूका हकमा अपराधको प्रकृति, पीडितको सुरक्षा, पुनः अपराधको जोखिम र प्रचलित कानुनी प्रतिबन्धलाई गम्भीरतापूर्वक लिनुपर्छ । सुधारात्मक अवसर दिनु र सजाय माफी दिनु एउटै होइन ।

भारतका केही राज्यमा, विशेष गरी राजस्थानमा, खुला कारागारको अभ्यासले योग्य कैदीलाई निश्चित सर्तमा काम गर्ने र समुदायसँग सम्बन्ध कायम राख्ने अवसर दिन्छ । खुला कारागारको उद्देश्य सुरक्षा जोखिमको उचित व्यवस्थापन गर्दै कैदीलाई जिम्मेवार जीवनको अभ्यास गराउनु हो । भारतमा खुला सुधारात्मक संस्थासम्बन्धी साझा मापदण्ड विकास गर्ने प्रयास पनि अघि बढाइएको छ । नेपालमा पनि सबैभन्दा पहिले उपयुक्त कैदीको छनोट, सुरक्षा मूल्यांकन, काम र सिपको अवसर, परिवारसँग सम्पर्क तथा नियमित अनुगमनसहित खुला कारागारको विस्तारबारे गम्भीर अध्ययन गर्न सकिन्छ ।

नेपालमा कारागार सुधारका लागि हाल भइरहेका प्रयास : हाम्रा कारागारमा रहेका कैदीबन्दीको मानवअधिकार रक्षा र अनुसन्धान/फैसलाका त्रुटिका



कारण सिर्जित समस्या समाधान गर्न नेपालमा केही नीतिगत र भौतिक सुधारका प्रयासहरू भइरहेका छन् :

खुला कारागारको अभ्यास : सरकारले बाँकेको गनापुरमा खुला कारागार सञ्चालनमा ल्याएको छ । यस व्यवस्थाअन्तर्गत तोकिएको कैद अवधि (तेम्रो दुईतिहाइ) भुक्तान गरिसकेका र असल चालचलन भएका कैदीलाई कारागारबाहिर बसेर रोजगारी वा श्रम गर्ने र परिवारसँग बस्ने अनुमति दिइन्छ, जसले गर्दा जेलको चाप घट्छ ।

फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐनको कार्यान्वयन : यस ऐनमा कारागार सजायको सट्टा 'सामुदायिक सेवा'मा पठाउन सक्ने र सप्ताहान्त वा रात्रिकालीन समयमा मात्र जेलमा बस्नुपर्नेजस्ता आधुनिक सुधारवादी व्यवस्था छन् । यद्यपि, आवश्यक नियमावली र पूर्वाधार अभावमा यी व्यवस्था अझै पूर्ण रूपमा लागू हुन सकेका छैनन् ।

> सजायको उद्देश्य सुधार र पुनर्स्थापना पनि हो भने कारागारको ढोका बन्द गर्ने निर्णयसँगै भविष्यमा त्यो ढोका कसरी, कहिले र कुन आधारमा खुल्न सक्छ भन्ने न्यायपूर्ण व्यवस्था पनि निर्माण गर्नुपर्छ ।

कानुनी सहायताको विस्तार : गरिब, असहाय वा कानुनी पहुँच नभएका कैदीबन्दी, जसले अनुसन्धान वा फैसलाको त्रुटिविरुद्ध माथिल्लो अदालतमा लड्न सक्दैनन्, उनीहरूका लागि प्रत्येक जिल्ला अदालतमा वैतनिक वकिलको व्यवस्था गरिएको छ । नेपाल बार एसोसिएसन र विभिन्न मानव अधिकारवादी संस्थाले पनि निःशुल्क कानुनी परामर्श दिँदै आएका छन् ।

निरीक्षण र अनुगमन : राष्ट्रिय मानव अधिकार आयोग र महान्यायाधिवक्ता कार्यालयले नियमित रूपमा कारागारहरूको अनुगमन गरी अनुसन्धानमा भएका त्रुटि वा गैरकानुनी थुनामा रहेका व्यक्तिको पहिचान गरी सरकारलाई सिफारिस गर्ने गर्छन् ।

अबका पाँच प्राथमिकता : नेपालको फौजदारी न्यायप्रणालीमा अनुसन्धान अधिकारी (प्रहरी), अभियोजनकर्ता (सरकारी वकिल) र अदालतको समन्वयमा सुधार नभएसम्म फैसलाका त्रुटि पूर्ण रूपमा रोक्न कठिन छ । तर, सजाय भुक्तान गरिरहेका कैदीहरूको मानव अधिकार सुनिश्चित गर्न र सुधारगृहका रूपमा कारागारलाई विकास गर्न कानुनी संरचना परिमार्जन हुँदै छन् ।

पहिलो, न्यायिक त्रुटि सच्याउने प्रक्रिया प्रभावकारी बनाऔँ । महत्त्वपूर्ण नयाँ प्रमाण, गम्भीर प्रक्रियागत त्रुटि वा फैसलाको विश्वसनीयतामा असर पार्ने आधार प्रस्तुत भएका मुद्दाको पुनरावलोकन कानुनबमोजिम समयमै हुन सक्ने व्यवस्था सुदृढ गरिनुपर्छ । लामो समयदेखि कैदमा रहेका, कानुनी सहायता पाउन नसकेका वा मुद्दा बुझ्न कठिनाइ भएका व्यक्तिको अवस्थाको पहिचान गर्न स्वतन्त्र कानुनी समीक्षा कार्यक्रम सञ्चालन गर्न सकिन्छ ।

दोस्रो, कैद छुटलाई पारदर्शी बनाऔँ । मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५९ लगायत प्रचलित कानुनी व्यवस्थाअनुसार छुटको योग्यता, निषेध, निर्णय प्रक्रिया र आधार स्पष्ट हुनुपर्छ । अपराधको प्रकृति र कानुनी प्रतिबन्धको सम्मान गर्दै सुधारको प्रमाण, पुनः अपराधको जोखिम र सार्वजनिक सुरक्षालाई व्यवस्थित रूपमा मूल्यांकन गरिनुपर्छ । छुट राजनीतिक कृपा वा पहुँचको पुरस्कार बन्नुहुँदैन ।

तेस्रो, परिवार र समाजसँगको सम्बन्ध जोगाऔँ । परिवारसँग सुरक्षित सम्पर्क, शिक्षा, सिप विकास, मनोसामाजिक परामर्श र रिहाइपछिको रोजगारी सहयोगलाई कारागार व्यवस्थापनको नियमित अंग बनाइनुपर्छ । यसले कैदीलाई मात्र होइन, उसमाथि निर्भर निर्दोष परिवारका सदस्यलाई पनि सहयोग पुऱ्याउँछ ।

चौथो, पीडितको न्याय र सुरक्षा सुनिश्चित गरौँ । विशेषतः गम्भीर हिंसा र यौन हिंसाका मुद्दामा पीडितको गोपनीयता, सुरक्षा र कानुनबमोजिम आफ्नो चिन्ता प्रस्तुत गर्न पाउने अवसरलाई महत्त्व दिनुपर्छ । पुनर्स्थापनाका नाममा पीडितलाई दबाब दिनु वा उनीहरूको पीडालाई गौण बनाउनु स्वीकार्य हुँदैन ।

पाँचौँ, कारागारबाट फर्कने व्यक्तिलाई समाजले स्वीकार गर्न सक्ने वातावरण बनाऔँ । सजाय भुक्तान गरिसकेको व्यक्तिलाई जीवनभर सामाजिक बहिष्कारमा राख्ने हो भने पुनर्स्थापनाको उद्देश्य अधुरो रहन्छ । कानुनले लगाएका प्रतिबन्धको पालना गर्दै सिप, रोजगारी र सामुदायिक सहभागिताको अवसर उपलब्ध गराउनुपर्छ । गल्तीबाट सिकेर फर्कने व्यक्तिलाई जिम्मेवार जीवन जिउन प्रेरित गर्नु समाजको हितमा हुन्छ ।

कारागारभित्रको मौन आवाज : कल्पना गरौँ, एउटा कैदीले वर्षौँदेखि आफ्नो परिवार भेट्ने, छोराछोरीको भविष्यबारे सोच्ने र समाजमा फर्केर नयाँ जीवन सुरु गर्ने सपना बोकेको छ । अर्को व्यक्ति आफ्नो मुद्दामा कुनै महत्त्वपूर्ण प्रमाणको निष्पक्ष मूल्यांकन भएन कि भन्ने प्रश्न बोकेर कानुनी बाटो खोजिरहेको छ । अर्कोले आफ्नो गल्ती स्वीकार गरेर सिप सिकिरहेको छ र रिहाइपछि परिवारको जिम्मेवारी सम्हाल्ने तयारी गर्दै छ । यी सबै व्यक्तिका अवस्था एउटै होइनन् । तर, उनीहरू सबैका लागि न्यायपूर्ण प्रक्रिया, मानवीय व्यवहार र कानुनसम्मत भविष्यको सम्भावना आवश्यक छ । कारागारभित्रका मानिसको आवाज बाहिर कम सुनिन्छ । उनीहरूले भोगेका प्रत्येक कठिनाइ अन्याय नै हो भन्न मिल्दैन, कानुनअनुसार सजाय भोग्नु पनि न्यायप्रणालीको हिस्सा हो । तर, सजाय भोगिरहेको व्यक्ति भएकै कारण उसको अवस्था जाँच्न, उसको अधिकार रक्षा गर्न वा सम्भावित अन्याय सच्याउन राज्य उदासीन हुन मिल्दैन । कसैले उनीहरूको पक्षमा बोल्नु भनेको अपराधको पक्षमा बोल्नु होइन । यो न्यायको पक्षमा बोल्नु हो ।

निष्कर्ष : न्यायले ढोका बन्द गर्दा पनि आशाको झ्याल खुला राख्नुपर्छ । राज्यको वास्तविक चरित्र उसले शक्तिशालीलाई कसरी व्यवहार गर्छ भन्नेमा मात्र होइन, स्वतन्त्रता गुमाएका र आफ्नो आवाज प्रभावकारी रूपमा उठाउन नसक्ने मानिसलाई कसरी व्यवहार गर्छ भन्नेमा पनि देखिन्छ । निर्दोष व्यक्ति अन्यायपूर्वक कैदमा परेको छ भने उसलाई न्याय दिलाउनु राज्यको कर्तव्य हो । दोषी ठहर भएको व्यक्तिले सुधारको बाटो रोजेको छ भने कानुनले अनुमति दिएको सीमाभित्र उसलाई पुनर्स्थापनाको अवसर दिनु समाजकै हितमा हुन्छ । पीडितलाई न्याय र सुरक्षा दिनु, सार्वजनिक जोखिम नियन्त्रण गर्नु र कैदीको आधारभूत मर्यादा जोगाउनु राज्यका जिम्मेवारी हुन् ।

कारागारभित्र रहेका मानिसले राज्यबाट दया माग्निरहेका छैनन् । उनीहरू कानुनअनुसार न्याय, निष्पक्ष व्यवहार र भविष्यको सम्भावना खोजिरहेका छन् । उनीहरूमध्ये कसैले सजाय भोगिरहेका छन्, कसैले पुनर्स्थापनाको अवसर पर्खिरहेका छन् र कसैले आफ्नो मुद्दाको निष्पक्ष पुनः परीक्षणको आशा राखेका छन् । राज्यले उनीहरूको आवाज सुन्नुपर्छ । समाजले पनि सजाय र सुधारबिचको सम्बन्ध बुझ्नुपर्छ ।

(झा अधिवक्ता हुन्)

---

३ प्रश्न

राजनीतिक विश्लेषक **रोशन जनकपुरी**लाई



मधेशमा चार वर्षमा छैटौँ सरकार बन्ने अवस्था आउनुले के संकेत गर्छ ?

राजनीतिक दल र तिनका नेतृत्वमा गैरराजनीतिक चरित्र हाबी भएको संकेत हो यो । जब राजनीतिमा अवसरवाद र पैसा हाबी हुन थाल्छ तब हुने यस्तै हो । जनताप्रतिको प्रतिबद्धता र वैचारिक इमानदारी नभएपछि राजनीति यस्तै खिचातानीमा अल्झिन्छ । मधेश प्रदेशमा देखिएको सरकार परिवर्तनको यो लिगलिगे दौडले दलहरू आगामी स्थानीय तह तथा प्रदेशको निर्वाचनलाई समेत ध्यानमा राखेर यो तानातान गरिरहेका छन् भन्ने संकेत गर्छ । सबैले आगामी निर्वाचनको लाभहानिको जोडघटाउ गरेरै मधेश सरकारमा जान तँछाडमछाड गरेका हुन सक्छन् । पछिल्लो संघीय निर्वाचनमा मधेशको परिणामले पनि उनीहरूलाई मधेशमा केन्द्रित हुन दबाब दिएको हुन सक्छ ।

संघको राजनीतिक अंकगणितमा यति ठुलो परिवर्तन आउँदा पनि पुराना दलहरू किन नचेतेका होलान् ?

राजनीतिमा विचार र जनप्रतिबद्धता नभएपछि गैरराजनीतिक चरित्र हाबी हुन्छ । दलहरूभित्र तिनका नेतृत्वमा गैरराजनीतिक चरित्र मौलाउँदै गएको छ । प्रदेशको राजनीतिमा पार्टी केन्द्रको प्रत्यक्ष दबाब र प्रभाव रहनु अन्यथा होइन । तर, जनताप्रति प्रतिबद्धता राजनीतिमा नभएपछि राजनीतिक दल र तिनका नेतृत्व सुधिने अपेक्षा गर्नु व्यर्थ हो ।

यस्तो राजनीतिक खिचातानीले प्रदेश संरचनाप्रति नै प्रश्न उठ्ने अवस्था नआउला र ?

दलहरूको यस्तो पदीय छिनाझप्टीका कारण संघीयताविरोधीले प्रश्न उठाउने मौका त पाउँछन् । तर, जसले जस्तोसुकै प्रश्न उठाए पनि संघीयता देशलाई चाहिएकै छ । संघीयताकै कारण गाउँगाउँमा केही न केही विकासका काम पनि भएकै छन् । संघीयता बोझ होइन, आवश्यकता हो । तर, जनताप्रति प्रतिबद्ध मान्छेहरू जनप्रतिनिधि बनेर पुग्न नसक्नुको परिणाम हो, यो अव्यवस्था । दल र नेतृत्वमा राजनीतिक चरित्र बलियो हुने हो भने यस्तो अवस्था आउने थिएन । प्रश्न संघीयता आवश्यक छ या छैन भन्ने होइन, प्रश्न दल र तिनका नेतृत्वमा राजनीतिक चरित्र छ या छैन भन्ने हो ।

प्रेरक प्रसंग

सुकरात र शिष्य

महान् दार्शनिक सुकरातको अनुहार वर्तमानमा चलेको सुन्दरताको परिभाषाभित्र पर्दैनथ्यो । एक दिन उनी कोठामा बसेर एउटा गहिरो भाँडामा राखेको पानीमा आफ्नो अनुहार हेरिरहेका थिए । एक शिष्य उनको कोठामा प्रवेश गरे । सुकरातले पानीमा अनुहार हेरिरहेको देख्दा उनलाई हाँसो उठ्यो । उनी मन्द मुस्कुराए । यो देख्दा सुकरातले उनको हाँसोको कारण बुझे । उनले शिष्यलाई भने- तिमी किन मुस्कुराइरहेका छौ, मैले त्यसको कारण बुझेँ । तिमी पक्कै पनि मजस्तो कुरूप व्यक्तिले किन पानीमा अनुहार हेरिरहेको होला भनेर मुस्कुराएका हौ, हैन त ?



सुकरातको प्रश्नले शिष्य लज्जित भए । उनले यस प्रश्नको कुनै उत्तर दिन सकेनन् । तर, सुकरातले फेरि अगाडि भने– म हरेक दिन यसैगरी पानीमा आफ्नो कुरूपताको दर्शन गर्छु । यसबाट मलाई जहिल्यै जीवनमा सत्कर्मद्वारा आफ्नो कुरूपता ढाक्ने प्रेरणा प्राप्त हुन्छ । अनि, जहिल्यै सत्कर्मबाट आफ्नो कुरूपता ढाक्ने प्रयास गर्छु ।

सुकरातको विचारबाट शिष्य निकै प्रभावित भए । तर, उनको मनमा अझै एउटा शंका उब्जियो । त्यसको समाधानका लागि उनले सुकरातसित सोधे- गुरुदेव, त्यसो भए सुन्दर मानिसचाहिँ पानीमा आफ्नो अनुहार किन हेर्छन् त ? उनीहरूलाई त यसको आवश्यकता नहुनुपर्ने हो नि ? सुकरातले जवाफ दिए- यस्तो होइन, सुन्दर मानिसले पनि पानीमा आफ्नो अनुहार हेर्ने गर्नुपर्छ । र, उनीहरूले जति सुन्दर आफ्नो अनुहार छ, त्यति नै सुन्दर कर्म गर्नुपर्छ भन्ने सोच्न सक्नुपर्छ । जसले गर्दा कुनै खराब कर्मले उनीहरूको सुन्दरतालाई ढाक्न नपाओस् र कर्मका कारण उनीहरूले कहिल्यै कुरूप कहलिन नपरोस् ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

दलहरू सुध्रियून्

मधेश प्रदेशमा निर्वाचनपछिको चार वर्षको अवधिमा छैटौँ सरकार बन्दै गरेको समाचार पढियो । पुराना दलहरूलाई कुसी कति प्यारो छ र त्यसका लागि उनीहरू केसम्म गर्न पछि पर्दैनन् भन्ने प्रश्नको ज्वलन्त जवाफ हो यो । एउटा प्रदेशमा पाँच वर्षका लागि हुने आवधिक निर्वाचनपछि जसको सरकार बने पनि सबैले उसलाई प्रदेश निर्माणमा सघाउने र उसले पनि सबै दलको सहयोग हुने गरे राम्रो हुन्थ्यो र ? संघीय राजनीतिमा आकाश-जमिनको परिवर्तन आइसक्दा पनि अर्को स्थानीय र प्रदेशको निर्वाचन मुखमै भए पनि पुराना दलहरूले आफूलाई सच्याउन नचाहेको देख्दा पनि अचम्म लाग्छ । प्रदेश सरकारलाई यति धेरै गिजोलिराख्नुपर्ने थियो र ? आखिर प्रदेशलाई राम्रो बनाउन सब दल सुधिएर अघि बढे हुन्थ्यो र ?

● **नमिता विक**, शान्तिगोरेटो, काठमाडौं

छठ पर्वको शुभकामना

विशेष गरी, मधेशमा र पहाडी क्षेत्रमा पनि धुमधामसाथ मनाइने छठ पर्वको सबैमा शुभकामना छ । विशेष गरी सामाजिक विभेद मेटाउने, धनी र गरिबबिचको खाडलको परवाह नगर्ने, स्थानीय उत्पादनहरूको उपभोग गर्ने आपसी सद्भाव र भाइचाला अभिवृद्धि गर्ने छठ पर्व अहिले मधेशको सीमाबाट माथि उठेर पहाडी क्षेत्रमा समेत प्रवेश गरिसकेको छ । यस पर्वले सबैमा हर्ष, उल्लास, सुख, समृद्धि र सुस्वास्थ्य दिलाओस्, फेरि पनि सबैमा शुभकामना छ ।

● **वरदान भारती**, पुल्चोक, ललितपुर

कारबाही गरेर के हुन्छ ?

एमाले अध्यक्ष केपी ओलीले पार्टीका विभिन्न जिम्मेवारीमा बसेर भोट बदल्ने नेता, कार्यकर्तालाई तत्काल कारबाही गर्न निर्देशन दिएको समाचार पढियो । तर, आफ्ना नेता, कार्यकर्ता त्यसरी भोट बदल्ने अवस्थामा कसरी पुगे, त्यसबारे छानबिन गरी कारण पत्ता लगाएर त्यसको निराकरण नगरेसम्म यसरी कारबाही गर्दैमा केही हुँदैन । यसले झनै पार्टीप्रति नेता, कार्यकर्ताको वितृष्णा बढाउनेमा शंका छैन । त्यसैले, कारबाही गर्नुअघि एमाले नेतृत्व आफू सुधिरयोस् ।

● **गौरव पन्त**, स्युचाटार, काठमाडौं

जनकपुर-अयोध्या रेलका फाइदा

प्रधानमन्त्री बालेन्द्र शाहको निकटभविष्यमा हुने भारत भ्रमणलाई लिएर यतिखेर अनेक चर्चा चलिरहेका छन् । यसैबिच भारत सरकारले दुई देशको सम्बन्ध मजबुत बनाउन भारतीय भूमिमा रहेको भगवान् रामको जन्मस्थल अयोध्या र नेपालमा रहेको माता सीताको जन्मस्थल जनकपुरलाई जोड्ने गरी भारतीय रेल चलाउने कुरा चर्चामा आएको छ । दुवै देशका प्रधानमन्त्रीले सो रेल सेवाको शुभारम्भ गर्ने बताइएको छ । यसबाट एउटा फाइदा र एउटा बेफाइदा हुने संकेत देखिएको छ । फाइदा भनेको जनकपुरको पर्यटकीय मूल्य बढ्नु हो । प्रचार-प्रसार बढ्नु हो । धेरैजसो भारतीय नागरिकलाई रामजन्मभूमि अयोध्याबारे थाहा छ, तर माता सीताको जन्मस्थलबारे थाहा छैन । यो रेल सेवा सञ्चालनले माता सीताको जन्मस्थल जनकपुरबारे धेरैलाई थाहा हुन्छ र उनीहरू दर्शनका लागि जनकपुर आउने वातावरण बन्छ । जसबाट जनकपुरको धार्मिक महत्त्व बढ्नुको साथै पर्यटनसम्बद्ध व्यापार-व्यवसाय पनि बढ्छ ।


सँगसँगै यस रेल सेवाबाट बेफाइदा पनि छ । अहिलेसम्म नेपालबाट राम जन्मभूमि अयोध्यासम्म धेरैजसो नेपाली नेपालकै पर्यटकीय बसबाट जाने गर्थे । त्यसबाट नेपाली बसलाई फाइदा हुने, नेपाली कर्मचारीले रोजगारी पाउने गर्थे, तर रेल चलेपछि केवल भारतीय रेललाई मात्र फाइदा हुने निश्चित छ । नेपाली पर्यटकीय बसको कमाइ सुक्छ । त्यसैले, दुवै देशलाई समान फाइदा पुग्ने गरी नेपाली पक्षले गम्भीरतापूर्वक विचार-विमर्श गरोस् ।

● **गोपाल देवकोटा**, चाबहिल, काठमाडौं
gopaldevkota@gmail.com

---

३० वर्षदेखि भारतीय प्रमाणित गर्ने प्रयासमा सोनिया

सोनिया गान्धी भारतीय नभएको भन्दै दसकौँदेखि प्रश्न उठाइन्थ्यो, अहिले उनी आफैँ आफ्नो कथा सुनाउन अघि सरेकी छिन्



देश/विदेश

● करणजित कौर
(डिजिटल मिडिया प्लाटफर्म आरेकी पूर्वसम्पादक कौर लेखक, सम्पादक तथा पोडकास्टर हुन्)

३० वर्षे सार्वजनिक जीवनमा सोनिया गान्धिमाथि निकै संगीन आरोप लाग्यो । कंग्रेसको नेतृत्व गर्दा कहिले उनलाई विदेशी शक्तिहरूको इसारामा चल्ने कठपुतली भनियो भने कहिले उनैलाई अरूलाई आफ्नो इसारामा नचाएको आरोप लाग्यो । कहिले उनलाई भारतीय राजनीतिमा आफ्नो अलग स्थान बनाउन असफल महिला भनियो भने कहिले कम्तीमा दुई प्रधानमन्त्रीलाई आफ्नो इसारामा चलाउने शक्तिको भोको र धुर्त महिला भनियो । अत्यन्त कम बोल्ने अन्तरमुखी स्वभावकी सोनिया अहिले ५४४ पृष्ठ लामो आत्मकथा 'बिलंगिङ : अ जर्नी अफ लभ'का साथ आफ्नो कथा आफैँ भन्न अघि सरेकी छिन् ।

पुस्तकबारे नयाँ खोलिएको इन्स्टाग्राम एकाउन्टमा पोस्ट गरिएको एक भिडियोमा सोनियाले आफ्नी छोरी प्रियंका र नातिनी मिरायासँग खुलेर कुराकानी गरेकी छिन् । कुराकानीका क्रममा प्रियंका पिता राजीवसँग पुरानो दिल्लीमा पटका किन्न गएका प्रसंगमा उप्काउँछिन् । त्यस्तै, घरकी जेठी महिलाका रूपमा सोनियाले पर्वको समयमा निभाउने गरेका भूमिकाको चर्चा हुन्छ । प्रियंकाले यो प्रसंग जानेरै उठाएको हुनुपर्छ । आखिर, भारतका दक्षिणपन्थीलाई उनकी आमालाई उनी विदेशी मूलकी भएको सम्झना गराउन कहिल्यै कुनै कारण आवश्यक परेको देखिँदैन । विगत तीन दशकदेखि, तिनले सोनियाका लागि कहिले 'बार डान्सर', 'विदेशी बुहारी' र 'इटालियन चस्मा'जस्ता पगरी जोड्दै आएका छन् । यी आरोपले समयक्रममा दक्षिणपन्थीहरूको राजनीतिक उत्थानमा सघाउ पुऱ्याएको पनि देखियो ।

'बिलंगिङ : अ जर्नी अफ लभ'को प्रकाशन आफैँले सोनिया पनि प्रतिद्वन्द्वीप्रति कति सतर्क छिन् भन्ने देखाएको छ । पुस्तकलाई लिएर यो वर्षका कम्तीमा दुई महिना पहिले पुस्तक छाप्ने सहमति जनाएको प्रकाशनगृह 'पेन्गुइन च्यान्डम हाउस-इन्डिया' र सोनियाबिच विवाद देखियो । विवाद मुख्यतः पुस्तकमा वर्तमान प्रधानमन्त्री नरेन्द्र मोदीको १२ वर्षे शासननकाल, आरएसएसको इतिहास, पछिल्लो समय देशमा बढेका साम्प्रदायिक दंगा र अल्पसंख्यकको दुर्दशाबारे उनले के लेख्न सक्छिन् र के लेख्न सक्दिनन् भन्नेबारे केन्द्रित रहेको बताइन्छ ।

अन्ततः पेन्गुइन पछि हटेपछि अहिले अर्को प्रकाशनगृह 'हार्पर-कोलिन्स'ले पुस्तक बजारमा ल्याएको छ । सोनियाले पेन्गुइनसँगको विवादलाई आफ्नो पुस्तकमाथि सेन्सरसिपको प्रयास भएको बताएकी छिन् । यद्यपि, पेन्गुइनले भने विवाद सम्पादकीय भिन्नतामा आधारित रहेको भनेर प्रतिरक्षा गरेको छ ।

भारतमा राजनीतिक आत्मकथाबाट त्यति धेरै अपेक्षा गरिँदैन । पुरुष नेताले सामान्यतया आफ्नो राजनीतिक करिअरको अन्तिम चरणमा आफ्नो विरासतलाई राम्रोसँग प्रस्तुत गर्न यस्ता पुस्तक लेख्छन् । सोनियाका हकमा उनको जीवन पहिल्यैदेखि मिडियादेखि संसद्सम्म अन्य विभिन्न पक्षको निरन्तर निगरानीमा रहेको लुकेको छैन ।

सन् २०१२ मा छापिएको पत्रकार तवलिन सिंहद्वारा लिखित पुस्तक 'दरबार'ले यसअघि सोनियाबारे जनमत निर्माणमा प्रमुख भूमिका खेलेको थियो । लामो समयदेखि गान्धी परिवारसँग नजिक रहेकी तवलिनलाई भित्री कथा



थाहा थियो । तर, सोनियाबारे उनको विवादास्पद प्रोफाइल 'इन्डिया टुडे'मा छापिएपछि गान्धी परिवारसँग उनको सम्बन्धमा चिसोपन आयो । सोही लेखले सोनियालाई मनमोहन सिंहको शासनको 'सिंहासनपछाडिको वास्तविक शक्ति' भएको र आफ्ना पतिका विरोधीलाई हटाउनमा केन्द्रित भएको आरोप पनि लगायो ।

लामो समय मौन रहेकी सोनियाले अहिले आफ्नो कथा आफैँले भनेर आफ्नो भाष्यमाथि नियन्त्रण लिने र आफ्नो पक्ष प्रस्तुत गर्ने विकल्प रोजिन् । यसो गर्न उनलाई लगभग तीन दशक लागेको भए पनि, उनीसँग सतर्क रहनुका उचित कारण छन् । जस्तो सन् २०१७ मा 'द एट्लान्टिक'को एक लेखमा रघु कर्नाडले सन् १९९८ मा कांग्रेस पार्टीको नेतृत्व सम्हाल्दा सोनियाले विदेशी पहिचान लुकाउन गरेका प्रयासबारे लेखेका छन् । 'कांग्रेस अध्यक्षका रूपमा सफल हुन सोनियाले आफ्नो विदेशी पहिचान लुकाउन आवश्यक ठानिन् । उनी हल्का रंगको साडीमा मात्र देखिन थालिन् । उनले उच्चारण स्पष्ट नभएको अवस्थामा समेत चुनावी च्यालीमा हिन्दीमा सम्बोधन गर्ने गर्थिन् । आफूलाई श्रीमती गान्धीका रूपमा प्रस्तुत गर्न सोनियाले आफूलाई पुनः आविष्कार गर्नुपऱ्यो ।'

भारतीय समाजमा घुलमिल हुने उनका हरेक प्रयासलाई उल्टै दक्षिणपन्थीहरूले उनी वास्तवमै कति विदेशी हुन् भनेर औँल्याउने गरेका छन् । वर्षौँदेखि सोनियालाई उनी भारतीय भएको प्रमाणित गर्न आग्रह गरिने गरेको छ । तर, कुन सबुतपछि उनी सक्कली भारतीय हुने हुन् ? के ६ दशकदेखि भारतमा बस्नु पर्याप्त छैन ? जुन समय उनका कैयौँ आलोचकको भन्दा लामो छ । के भारतमै उनका पति र सासूको अन्तिम संस्कार गर्नु पर्याप्त छैन ? अझ भारतमै आफ्ना दुई सन्तान हुर्काउनु र तिनलाई अहिले लोकसभाका सदस्यसम्म बनाउनुको पनि कुनै गन्ति हुँदैन ?

सन् २००१ मा, सर्वोच्च अदालतमा सोनिया गान्धीको नागरिकतालाई चुनौती दिँदै मुद्दा पर्दा अदालतले खारेज गरेको थिय

जिप दुर्घटनामा तीनजनाको मृत्यु

मुगु/ मुगुमा जिप दुर्घटना हुँदा तीनजनाको मृत्यु भएको छ । दुईजना घाइते भएका छन् । छायानाथ रारा नगरपालिका- ७, टोप्लास्थित ताल्चा रारा कच्ची सडक खण्डमा सुर्खेतबाट रारातर्फ जाँदै गरेको जिप आइतबार दिउँसो दुर्घटना भएको हो । बा.१७च १८६४ नम्बरको हाइलक्स गाडी अचानक



सडकबाट अन्दाजी ६०० मिटर तल खस्दा दुर्घटना भएको जिप्रका मुगुले जनाएको छ । मृत्यु हुनेमा काठमाडौं कलंकीका ५० वर्षीय विजय बस्नेत, ५४ वर्षीय रमेश बिडारी र ५० वर्षीय पूर्णबहादुर थापा छन् । त्यस्तै, ललितपुरकी ५४ वर्षीया अञ्जु थापा र ५८ वर्षीय कञ्चन थापा घाइते भएका छन् । उनीहरू रारा जाँदै थिए । जिप ललितपुर महानगरपालिका-१५ बस्ने ५८ वर्षीय कञ्चन थापाले चलाएका थिए । घाइतेहरूलाई उद्धार गरी अस्पताल लगिएको डिएसपी रविराज थपलियाले बताए । चालकलाई नियन्त्रणमा लिई अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

देउवा समूह सुदूरपश्चिम प्रदेश अधिवेशनको तयारीमा

धनगढीमा **तेजराज भट्ट**



पार्टीको १५औं नियमित महाधिवेशनका नाममा समानान्तर महाधिवेशनको तयारी गरिरहेको काग्रेस इतर पक्षले सुदूरपश्चिम प्रदेश अधिवेशन मिति तय गरेको छ । पार्टीका निवर्तमान सभापति शेरबहादुर देउवाको गृह प्रदेशमा इतर पक्षले आगामी १५-१६ मंसिरमा महाधिवेशन गर्ने गरी तयारी अगाडि बढाएको छ ।

काग्रेस प्रदेश सभापति वीरबहादुर बलायरले विज्ञप्ति जारी गर्दै प्रदेश अधिवेशनको मिति तय भएको बताएका छन् । नियमित महाधिवेशनको तयारीअन्तर्गत सुदूरपश्चिमका नौवटै जिल्लाका सबै वडा, पालिका, प्रदेश र प्रतिनिधिसभा निर्वाचन क्षेत्रका अधिवेशन सम्पन्न भइसकेको जानकारी दिँदै उनले जिल्ला अधिवेशनहरू सम्पन्न हुने क्रममा रहेको उल्लेख गरेका छन् ।

बलायरका अनुसार १५ मंसिर बिहान ११ बजे धनगढीस्थित सौराइ क्वायरमा प्रदेश अधिवेशनको उद्घाटन गर्ने तय भएको छ । अधिवेशनको उद्घाटन गर्न निवर्तमान सभापति शेरबहादुर देउवालाई बोलाउने तयारी छ । काग्रेस निवर्तमान केन्द्रीय सदस्य नृपबहादुर वडले देउवाको गृह प्रदेश भएकाले अधिवेशन उद्घाटन गर्न उनलाई बोलाउन लागिएको बताए । प्रदेशको नेतृत्व कसले गर्ने भन्नेबारे अब छलफल हुने वडले बताए ।

नियमित महाविधेशन पक्षले सुदूरपश्चिम प्रदेशका नौमध्ये ६ वटा जिल्लामा अधिवेशन सम्पन्न गरेको छ । बाँकी रहेका कैलाली, कञ्चनपुर र अछाममा केही दिनमै जिल्ला अधिवेशन हुने निवर्तमान केन्द्रीय सदस्य वडले दाबी गरे । नियमित महाधिवेशन पक्षले अधिवेशनमार्फत डोटीमा विजय खड्का, बाजुरामा धनराज पण्डित, बझाङमा हर्कजंग सिंह, दार्चुलामा सुरेन्द्रराज अवस्थी र बैतडीमा वीरबहादुर विष्टको नेतृत्वमा नयाँ कार्यसमिति चयन गरेको छ ।

देउवाको गृहजिल्ला डडेल्धुरामा जिल्ला उपसभापति डिल्लीराज जोशीको नेतृत्वमा कार्यसमिति चयन भएको छ । जिल्ला सभापति भीमबहादुर साउद संस्थापन पक्षमा छन् । आन्तरिक विवादले देउवाको गृहप्रदेश सुदूरपश्चिममा पनि काग्रेसमा स्पष्ट दुई धार देखिएको छ । प्रदेश सभापति बलायर, महामन्त्रीसमेत रहेका प्रदेश सभा सदस्य मेघराज खड्कालगायत प्रदेशका पदाधिकारी तथा काग्रेस सुदूरपश्चिम प्रदेश संसदीय दलका नेतासमेत रहेका निवर्तमान मुख्यमन्त्री कमलबहादुर शाहसहित बहुमत प्रदेश सभा सदस्य देउवा पक्षमा खुलेर लागेका छन् । अर्का महामन्त्री नरनारायण शाह संस्थापन पक्षमा छन् । विगतमा पार्टीमा प्रभावशाली र शीर्ष तहमा रहेका रमेश लेखक, एनपी सावदलगायत नेताहरू पनि देउवा पक्षमा छन् । अधिकांश जिल्ला सभापति भने संस्थापन पक्षमा छन् । नौ जिल्लामध्ये कैलालीका सभापति नारायणदत्त भट्ट, कञ्चनपुरका सभापति पदम बोगटी र डोटीका सभापति नरेन्द्रबहादुर सिंह देउवा पक्षमा खुलेर लागेका छन् । यी तीनै जिल्लामा काग्रेसले जिल्ला सभापतिहरूको जिम्मेवारी खोसेर कार्यवाहक सभापतिको जिम्मेवारी अन्य पदाधिकारीलाई दिएको छ ।

Liberty Energy Company Ltd.
लिबर्टी ईनर्जी कम्पनी लि.

रजिष्टर्ड कार्यालय : का.म.न.पा.-१०, बुढानगर, काठमाडौं
Email: liberty@libertyenergy.com.np | Web:www.libertyenergy.com.np

UNAUDITED FINANCIAL STATEMENTS FOR THE FIRST QUARTER, FISCAL YEAR 2083/84 ENDED ASHOJ END, 2083

(In NPR)

Particulars	Current quarter ending Ashoj end 2083	Previous quarter ending Ashadh end 2083	Corresponding previous year quarter ending Ashoj end 2082
Assets			
Non-Current Assets			
Property, plant and equipment	50,165,009.16	51,617,768.22	49,259,342.36
Intangible Assets	5,430,886,265.57	5,491,589,481.08	5,659,036,569.39
Project work-in progress			-
Intangible assets			
Financial Assets			
Other Investments	175,529,000.00	170,409,000.00	170,409,000.00
Other non-current assets	331,802.03	338,528.33	8,045,000.00
Deferred tax assets			
Total Non-Current Assets	**5,656,912,076.75**	**5,713,954,777.63**	**5,886,749,911.76**
Current Assets			
Inventories	8,900,689.05	7,868,290.18	10,098,201.51
Financial Assets			
Cash and cash equivalents	128,615,645.10	61,651,945.84	34,665,007.83
Other current assets	42,545,693.15	47,050,394.05	33,255,961.50
Trade and other receivables	164,252,925.48	128,421,560.14	85,917,125.82
Total Current Assets	**344,314,952.78**	**244,992,190.21**	**163,936,296.66**
Total Assets	**6,001,227,029.55**	**5,958,946,967.84**	**6,050,686,208.42**
Equity and Liabilities			
Equity			
Equity share capital	2,250,000,000.00	2,250,000,000.00	2,250,000,000.00
Share Premium	73,744,118.35	73,744,118.35	73,744,118.35
Retained Earnings	(660,466,567.69)	(739,869,921.45)	(753,414,849.10)
Total Equity	**1,663,277,550.66**	**1,583,874,196.90**	**1,570,329,269.25**
Liabilities			
Non-Current Liabilities			
Financial Liabilities			
Long Term Borrowing	4,328,934,171.40	4,363,508,413.00	3,597,646,726.64
Other Financial Liabilities			
Deferred Tax Liabilities			
Other Non-Current Liabilities			
Total Non-Current Liabilities	**4,328,934,171.40**	**4,363,508,413.00**	**3,597,646,726.64**
Current Liabilities			
Financial Liabilities			
Short Term Borrowing	-	-	869,850,566.59
Trade Payables and other payables	7,193,219.98	9,051,618.09	11,272,164.80
Other Financial Liabilities			
Provisions	986,925.77	986,925.77	636,413.07
Other Current Liabilities	835,161.74	1,525,814.08	951,068.07
Total Current Liabilities	**9,015,307.49**	**11,564,357.94**	**882,710,212.53**
Total Liabilities	**4,337,949,478.89**	**4,375,072,770.94**	**4,480,356,939.17**
Total Equity and Liabilities	**6,001,227,029.55**	**5,958,946,967.84**	**6,050,686,208.42**

(In NPR)

Statement of Profit or Loss and Other Comprehensive Income	"Current quarter ending Ashoj end 2083"	"Previous quarter ending Ashadh end 2083"	"Corresponding previous quarter ending Ashoj end 2082"
Revenue from Electricity Generation	235,047,017.37	174,518,232.50	147,468,266.42
Cost of sales			
Generation and Distribution Expenses	21,517,824.23	20,612,243.71	17,029,569.31
Gross Profit	**213,529,193.14**	**153,905,988.79**	**130,438,697.11**
Depreciation and Amortization	58,418,833.66	56,821,207.64	60,445,941.71
Other Income	29,570.34	36,601.44	83,327.36
" Administrative and Other Operating Expenses "	6,139,906.02	5,179,164.57	7,115,042.26
Impairment loss on investment			
Gain/(loss) on Disposal	-	1,268,700.78	
Profit from operation	**149,000,023.80**	**93,210,918.80**	**62,961,040.50**
Finance Income			
Finance Costs	64,997,369.63	67,969,973.79	79,350,660.04
Profit Before tax	**84,002,654.17**	**25,240,945.01**	**(16,389,619.54)**
Income tax Expense			
Current Tax			
Deferred Tax			
Profit / (loss) for the quarter	**84,002,654.17**	**25,240,945.01**	**(16,389,619.54)**
Other comprehensive gain / (loss) for the quarter, net of tax			
Total comprehensive gain / (loss) for the quarter, net of tax	**84,002,654.17**	**25,240,945.01**	**(16,389,619.54)**

Note:The figures are regrouped and rearranged where necessary.
The Unaudited Financial figure are subject to change from external auditors and Regulatory Authority.

"FIRST QUARTER DISCLOSURE AS OF ASHOJ END, 2083 AS PER SECURITIES REGISTRATION AND ISSUANCE REGULATION Annexure -14 (Related to Sub regulation 1 of Regulation 26)"

1. FINANCIAL STATEMENT
   - The unaudited financial statement for the first quarter has been published as a part of this report.
   - **Key Financial Ratios at the end of the quarter:**

Period	Earnings Per Share	Net Worth Per Share	Current Ratio	P/E Ratio	Return on Assets
This quarter end	3.73	73.92	38.19	61.87	1.40%
Previous quarter end	1.12	70.39	21.19	223.21	0.42%
Corresponding previous year quarter end	(0.73)	69.79	0.19	(263.58)	(0.27%)

2. MANAGEMENT ANALYSIS
   - **Any changes in the stock, income and liquidity during the quarter and reason for change, if any:**
     The Upper Dordi "A" Hydropower Project (25 MW) owned by company located in Lamjung district is commercially started from 17th Mangsir, 2079. The revenue from generation of electricity is for a period of 1st Shrawan 2083 to Ashoj end 2083. The project is in continuous operation during the end of current quarter.
   - **The statement of management analysis on the upcoming business plans:**
     The company owns the license for the development of other two Hydroelectric Project namely Badigad Khola Hydroelctric Project 24.60 MW located at Baglung and Lodo Khola Small Hydroelectric Project 1.60 MW located at Lamjung via subsidiary companies. The Company has established a subsidy company named Badigad Hydropower Ltd for the development of Badigad Khola Hydroelectric Project & Lipe Hydropower Ltd for the development of Lodo Khola Small Hydroelectric Project. The Generation License of both projects has been transferred to respective subsidiary companies.
     Also, the contingency provision of under operation project namely Upper Dordi A Hydroelectric Project is on process for removal as Electricity Regulatory Commission (ERC) has approved the change in PPA and revised PPA is due to be signed with NEA within few days.
   - **The analytical statement on the possible effect on company's profitability, stock and cash flow on the past experience:**
     The company has not perceived any significant events that could have affect in the company's financial except an event that could arise beyond our control.
3. STATEMENT RELATED TO LEGAL ACTION
   - Case filed by or against the company during the quarter, if any: None
   - Case filed by or against the company or its promoter or director for violation of the prevailing regulation or committing the criminal offence, if any: None
   - Case filed against the Promoter or Director on financial crime, if any: None
4. ANALYSIS OF SHARE TRANSACTION OF THE COMPANY
   - The major highlights of share transactions during the quarter are as follows:

Maximum Price	Minimum Price	Closing Price	Transaction days	Traded Volume	Turnover
260	208	239	61	1,93,89,092	4,72,16,67,756

5. PROBLEMS AND CHALLENGES
   Internal and External Problems
   - Non-dispatch of energy due to forced outage by NEA
   - Flood & low water risk in the rivers due to climate change
   - Inadequate existing transmission line network to be constructed by NEA

   Strategies
   - Reduce operation cost and maintain plant to generate optimum energy.
   - Plant operation with efficient way to reduce wear and tear of Plant and Equipment.
   - Request NEA to convert amended PPA clause to Take or Pay from contingency plan.
6. CORPORATE GOVERNANCE
   The company has regular meetings of Board of Directors and Board Committees in compliance with the Corporate Governance Guidelines, 2074 issued by the Securities Board of Nepal. Various rules, regulations and policies has been prepared for the proper functioning of the company.
7. DECLARATION OF CHIEF EXECUTIVE ON TRUTH, FACTFULNESS
   I, the Chairman of this company, take the responsibility of accuracy of the information and details mentioned in this report for the period First quarter of F.Y. 2083/84, hereby declare that the information and details provided in this report are true and tactfulness, based on facts and complete to best of my knowledge.

महालक्ष्मी विकास बैंक लिमिटेडको पुतलीसडक शाखा कार्यालय स्थानान्तरण हुने बारे सर्वसाधारण, ग्राहक महानुभावहरू तथा सरोकारवालाहरूलाई अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति २०८३/०७/३० गते)

काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं. २८ पुतलीसडक स्थित रहेको शाखा कार्यालय मिति २०८३ साल कार्तिक ३० गते (तदनुसार १६ नोभेम्बर, २०२६) सोमबारका दिन देखि सोही नगरपालिका वडा नं. २९ स्थित ५५० मीटर पूर्व तर्फ स्थानान्तरण भई सम्पूर्ण बैंकिङ कारोबार संचालन हुने भएको हुंदा सर्वसाधारण, ग्राहक महानुभावहरु तथा सरोकारवालाहरुलाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

शाखा	साबिकमा शाखा रहेको स्थान	स्थानान्तरण भएको स्थान
काठमाण्डौ	काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं. २८, पुतलीसडक	ऐ. जिल्ला, ऐ. महानगरपालिका वडा नं. २९, काठमाण्डौ पुतलीसडक स्थित साबिकको घरबाट ५५० मिटर पूर्व तर्फ

महालक्ष्मी विकास बैंक लि.
Mahalaxmi Bikas Bank Ltd.
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको राष्ट्रियस्तरको इजाजत प्राप्त संस्था)

केन्द्रीय कार्यालय दरबारमार्ग, काठमाण्डौ
फोन नं. ०१-५३६८५५३, ५३६८७१९

सामान्य प्रशासन विभाग थापाथली, काठमाण्डौ
फोन नं. ०१-५९१९५१९, EXT ४०३/४०४

सबल बैंक, सफल सहकार्य
www.mahalaxmibank.com

SYNERGY POWER DEVELOPMENT LIMITED
सिनर्जी पावर डेभलपमेन्ट लिमिटेड

Baluwatar, Kathmandu, Nepal

Unaudited Financial Statement

As on 1st Quarter of F/Y 2083/084 (2083/06/31)

Statement of Financial Position

In NPR

Particulars	This Quarter Ending	Previous Quarter Ending	Corresponding Previous Year Quarter Ending
Assets			
Non - Current Assets			
Plant, Properties and Equipment	1,023,067,657.61	1,032,977,217.42	1,076,353,730.63
Investments	594,194,000.00	594,194,000.00	594,194,000.00
Total Non Current Assets	**1,617,261,657.61**	**1,627,171,217.42**	**1,670,547,730.63**
Current Assets			
Loan, Advance and Deposits	9,904,405.78	25,897,230.00	9,078,165.49
Cash & Bank Balance	42,769,551.90	35,571,313.28	7,469,891.73
Trade and other receivables	52,124,270.50	106,719,879.95	102,873,804.37
Total Current Assets	**104,798,228.18**	**168,188,423.23**	**119,421,861.59**
Total Application of Fund	**1,722,059,885.79**	**1,795,359,640.65**	**1,789,969,592.22**
Equity			
Share Capital	1,330,848,750.00	1,330,848,750.00	1,209,862,500.00
Other Equity	26,565,902.94	26,565,902.94	26,565,902.94
Reserve and Surplus	73,573,882.96	95,690,347.17	181,648,732.63
Total Equity	**1,430,988,535.90**	**1,453,105,000.11**	**1,418,077,135.57**
Non Current Liabilities			
Secured Loan	270,831,917.06	304,225,600.90	344,838,852.12
Total Non Current Liabilities	**270,831,917.06**	**304,225,600.90**	**344,838,852.12**
Current Liabilities			
Trade and Other Payable	16,126,978.86	18,632,560.23	17,670,526.38
Provision	4,112,453.97	19,396,479.41	9,383,078.14
Total Current Liabilities	**20,239,432.83**	**38,029,039.64**	**27,053,604.52**
Total Equity and Liabilities	**1,722,059,885.79**	**1,795,359,640.65**	**1,789,969,592.21**

Statement of Profit & Loss and Other Comprehensive Income

In NPR

Particulars	This Quarter Ending	Previous Quarter Ending	Corresponding Previous Year Quarter Ending
Electricity Sales	4,898,791.02	230,469,110.59	82,573,330.21
Interest Income	35,907.91	75,587.88	7,507.93
Other Income	-	70,000.00	-
Gross Income	**4,934,698.93**	**230,614,698.47**	**82,580,838.14**
Project Expenses	1,961,852.95	16,841,351.15	3,376,692.52
Administrative and General Expenditure	2,781,501.87	11,522,562.25	3,803,313.92
Personnel Expenses	5,566,425.25	21,890,985.89	6,305,717.54
Depreciation & Amortization	12,935,636.68	57,866,176.73	14,466,544.18
Finance Expenses	4,775,342.26	22,601,753.51	6,305,717.54
Total Administration and other Expenses	**28,020,759.01**	**130,722,829.53**	**34,257,985.70**
Profit before Staff Bonus	**(23,086,060.08)**	**99,891,868.94**	**48,322,852.44**
Staff Bonus	-	1,939,647.94	938,307.81
CSR	-	969,823.97	469,153.91
Profit Before Taxes	(23,086,060.08)	96,982,397.03	46,915,390.72
Current Taxes	-	16,487,007.49	7,975,616.42
Profit After Taxes	**(23,086,060.08)**	**80,495,389.53**	**38,939,774.29**

Notes :
1. Previous year's figures have been regrouped/rearranged whenever necessary to make them comparable with the current year's classification/disclosure.
2. The unaudited Financial figure are subject to change from external auditors and Regulatory Authority.

धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को अनुसूची-१४ (नियम ३६ को उपनियम (१) संग सम्बन्धित)

आ.व. २०८३/०८४ को पहिलो त्रैमासिक प्रतिवेदन

१) वित्तिय विवरण :

क) आ.व. २०८३/०८४ को पहिलो त्रैमासिक अवधिको व्यवस्थापनद्वारा तयार गरिएको अपरिस्कृत वित्तिय विवरण (वासलात तथा नाफा नोक्सान हिसाब) यसै प्रतिवेदनको साथमा प्रकाशन गरिएको छ ।

ख) उक्त वासलातको आधारमा कम्पनीका प्रमुख वित्तिय अनुपात निम्नानुसार छ ।

प्रति शेयर आम्दानी (वार्षिकिकरण)	(६.९४)	**तरलता अनुपात**	५.१८
प्रति शेयर नेटवर्थ	१०७.५२	**बजार मूल्य प्रति शेयर**	रू ३५१.३०
मूल्य आम्दानी अनुपात	(५०.६३)	**कुल सम्पत्तिको प्रतिशेयर मूल्य**	रू १२९.४०

२) व्यवसायिक विश्लेषण :

क) यस त्रैमासिक अवधिमा संस्थाको मौज्दात र तरलतामा उल्लेखनिय परिवर्तन छैन् । कम्पनीको सिप्रिङ खोला जलविद्युत आयोजनाको हेडवर्कमा क्षति भई मिति २०८३/०४/०५ देखि आयोजना पूर्ण रुपमा बन्द रहेको हुँदा जलविद्युत आयोजनाको विद्युत बिक्री आम्दानी घट्न गएको छ । विद्युत बिक्री आम्दानी घट्न पुग्दा कम्पनीको वित्तीय सूचकांकहरुमा प्रत्यक्ष प्रभाव परेको छ । आयोजनामा भएको भौतिक क्षति तथा नाफामा भएको क्षति (Loss of profit) को बीमा दाबी प्रयोजनाका लागि सम्बन्धित इन्स्योरेन्स कम्पनीसँग प्रकृया अगाडि बढाईएको छ । भौगोलिक विकटता तथा वर्षायामको कारण पूर्ननिर्माणको कार्य शुरु हुन नसकेकोमा वर्षा रोकिए पश्चात पूर्ननिर्माणका कार्यहरु शुरु गरिएको छ ।

ख) यस कम्पनीले आफ्नो उद्देश्य बमोजिम उपर्युक्त जलविद्युत आयोजनाहरुको खोजी गरी लगानी विस्तार गर्ने नीति लिएको छ । सोही बमोजिम कम्पनीले गरेको लगानीको विवरण यस प्रकार रहेको छ ।

सि.नं.	कम्पनीको नाम	लगानी रकम रू.
१.	एपेक्स मकालु हाइड्रोपावर लि.	५२,५५,४४,०००/-
२.	गौरीशकर पावर डेभलपमेन्ट लि.	६,८६,५०,०००/-
	कुल लगानी	**५९,४१,९४,०००/-**

३) कानूनी कारवाही सम्बन्धि विवरण :

यस त्रैमासिक आवधिमा कम्पनीले अन्य कसैका विरुद्ध तथा अन्य कसैले यस कम्पनी विरुद्ध कानूनी कारवाही नभएको र यसका संस्थापक/सञ्चालक विरुद्ध पनि कानूनी कारवाही भएको जानकारी प्राप्त नभएको ।

४) संस्थाको शेयर कारोबार सम्बन्धी विवरण :

यस कम्पनीको धितोपत्रको यस त्रैमासिक अवधिको कारोबारको विवरण यस प्रकार रहेको छ ।
(नेपाल स्टक एक्सचेन्जको वेबसाइटका अनुसार)

शेयरको अधिकतम मूल्य (रू)	शेयरको न्यूनतम मूल्य (रू)	अन्तिम मूल्य (रू)	कारोबार भएको दिन	कारोबार संख्या	कुल कारोबार रकम (रू)
४१२.९०	३२६	३५१.३०	६१	८,६०५	९८,१५,६५,४५८.९०

५) समस्या र चुनौती :

कम्पनीमा आई पर्ने अन्य समस्या तथा चुनौती समाधानका उपायहरुका बारेमा सञ्चालक समितिले समय समयमा समिक्षा गरि आवश्यक रणनीति अवलम्बन गर्ने गरेको छ ।

६) संस्थागत सुशासन :

नियमनकारी निकायहरुबाट जारी गरिएका सुशासन सम्बन्धी व्यवस्थाहरु पूर्ण रुपमा पालना गरिएको छ । संस्थाको दिगो विकासका लागि संस्थागत सुशासन कायम राख्न व्यवस्थापन तथा सञ्चालक समिति प्रतिबद्ध रहेको छ ।

७) सत्य, तथ्य र पूर्णता सम्बन्धमा प्रबन्ध निर्देशकको उद्घोषण :

यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायी छु । साथै म यो उद्घोषण गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्णतामा आधारित छन् भनी विश्वास लिएको छु । लगानीकर्ताहरुलाई समुचित निर्णय लिन आवश्यक कुनै विवरण सूचना तथा जानकारीहरु लुकाईएको छैन् भन्ने कुरामा म विश्वस्त छु ।

गिनिज बुकमा नाम लेखाउने धोको साँचेका नेपाली मूर्तिकलाकार

आँखामा पट्टी बाँधेर ४० मिनेटमै १८ इन्चको बुद्धमूर्ति बनाउने मोरङका तुलसी मण्डलको धोको



विराटनगरमा **गणेश लम्साल**

व्यावसायिक रूपमा मूर्ति बनाएर जीविका चलाउने कलाकार देशमा धेरै छन् । तर, मोरङका एक युवा मूर्तिकलाकारको सपना अलि फरक छ । उनी आँखामा कालोपट्टी बाँधेर मूर्ति बनाउने आफ्नो अद्भुत सिपमार्फत विश्वकीर्तिमान कायम गर्दै गिनिज बुक अफ वर्ल्ड रेकर्डसमा नाम लेखाउन चाहन्छन् । मोरङको ग्रामीण क्षेत्र जहदा गाउँपालिका- २, डंग्राहा टोलका ३४ वर्षीय तुलसी मण्डलले ६ वर्षको उमेरदेखि नै मूर्ति बनाउन थालेका हुन् । अहिलेसम्म हजारौं मूर्ति बनाइसकेका उनी स्थानीयस्तरमा परिचित व्यावसायिक कलाकारसमेत हुन् । मूर्तिकलामै जीवन समर्पित गरेका तुलसीले आफ्नो थर नै कलाकारका रूपमा चिनाउन थालेका छन् ।

गिनिज बुकमा नाम लेखाउने लक्ष्यसहित उनले आँखामा कालोपट्टी बाँधेर ४० मिनेटभित्र १८ इन्च अग्लो गौतम बुद्धको मूर्ति बनाइसकेका छन् । तर, मूर्तिकलासम्बन्धी यस्तो विधा गिनिज बुकमा छुट्टै विधाका रूपमा सूचीकृत नभएको भन्दै आफूले विश्व कीर्तिमान दर्ता गराउन नसकेको उनको भनाइ छ । आफ्नो सिपलाई विश्वसामु चिनाउन र मूर्तिकलाको नयाँ विधालाई अन्तर्राष्ट्रिय कीर्तिमानमा स्थापित गर्न सरकार तथा विभिन्न संघसंस्थाको निरन्तर सहयोग खोजिरहेका छन् उनी । 'चाहेर पनि आफ्नो नाम गिनिज बुकमा दर्ता गराउन पाएको छैन । त्यसैले यो विधालाई सूचीकृत गराउन र आफ्नो सिपलाई विश्वकीर्तिमानका रूपमा स्थापित गर्न सरकार तथा सम्बन्धित संस्थाले सहयोग गरिदिनुपर्छ,' तुलसी भन्छन् ।

आँखामा पट्टी बाँधेर मूर्ति बनाउने विधामा पहिलो विश्वकीर्तिमान कायम गर्न सके नेपालको नाम अन्तर्राष्ट्रियस्तरमा चिनिने उनको विश्वास छ । बिएडसम्म अध्ययन गरेका तुलसी पेसाले शिक्षक हुन् । उनी स्थानीय सन्थाल आधारभूत माध्यमिक विद्यालयमा अध्यापन गर्छन् । शिक्षण पेसाबाट बचेको समय मूर्तिकलामा खर्चिने उनी सिमेन्ट, माटो, फाइबर र मार्बललगायत सामग्रीबाट मूर्ति बनाउँछन् । माटोबाहेकका दुई हजार पाँच सयभन्दा बढी मूर्ति बनाइसकेको उनको दाबी छ । मूर्तिकलाबाट उनले वार्षिक १० लाख रुपैयाँसम्म आम्दानी गर्दै आएका छन् । आफ्नो व्यवसाय विस्तार गर्ने क्रममा उनले स्थानीय युवालाई पनि काम दिएका छन् । करिब पाँच लाख रुपैयाँ खर्चेर घरमै मूर्ति निर्माण कारखाना स्थापना गरेका तुलसी आवश्यकताअनुसार निर्माणस्थलमै पुगेर ठुला तथा कलात्मक मूर्ति बनाउँछन् ।

तुलसीको सिपले नेपालमा मात्र होइन, भारतमा पनि पहिचान बनाएको छ । भारतको बिहार राज्यस्थित धार्मिकस्थल सुन्दरी मोठमा उनले सय फिट अग्लो भगवान् शिव-पार्वतीको कलात्मक मूर्ति निर्माण गरेका छन् । उक्त मूर्ति निर्माणमा देखाएको कलात्मक सिपको कदर गर्दै बिहारका उपमुख्यमन्त्रीले उनलाई उत्कृष्ट कलाकारका रूपमा सम्मानसमेत गरेका थिए । भारतमा उनको चर्चा फैलिँदै गए पनि नेपालमा भने उनी अझै अपेक्षित रूपमा परिचित हुन सकेका छैनन् । यद्यपि, कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीलगायत विभिन्न सामाजिक संघसंस्थाले उनलाई सम्मान गरेका छन ।

आजसम्म आफू व्यावसायिक मूर्तिकार भएको भन्दै छुट्टै विज्ञापन गर्नु नपरेको तुलसी बताउँछन् । आफ्नो काम र सिपकै कारण ग्राहकले उनलाई खोज्दै आउने गरेका छन् । विभिन्न ठाउँबाट मूर्ति निर्माणका अर्डर आउने भएकाले वर्षभरि कामको चाप हुने गरेको उनी बताउँछन् ।

राष्ट्रियस्तरमा ठुलो सम्मान नपाए पनि अब राष्ट्रिय प्रतियोगितामा सहभागी भएर आफ्नो सिप प्रदर्शन गर्ने उनको योजना छ । सरकारले चित्रकला तथा ललितकलाका अन्य विधालाई प्राथमिकता दिए पनि मूर्तिकलालाई पर्याप्त प्रोत्साहन नगरेको उनको गुनासो छ । यही कारण मूर्तिकारले आफ्नो सिपअनुसारको सम्मान र अवसर पाउन नसकेको उनी बताउँछन् ।

मूर्तिकलाको बजार र सम्भावना भने बढ्दै गएको उनको अनुभव छ । आधुनिक घर, महल, सामुदायिक भवन तथा मठमन्दिर निर्माणसँगै सजावटका लागि कलात्मक मूर्ति राख्ने चलन बढिरहेको छ । सार्वजनिक संस्था तथा निजी क्षेत्रले मानिस, जनावर, वनस्पति, देवीदेवता र विभिन्न आधुनिक आकृतिका मूर्ति बनाउन लगाउने गरेका छन् ।

हुआङको पतनले अमेरिका–चीन सम्बन्धमा ल्याउनेछ दरार

वासिंटनसँगको सम्बन्ध सुधारमा प्रयासरत चीनलाई बहुराष्ट्रिय प्रविधि कम्पनी एनभिडियाका सिइओ जेन्सेन हुआङ जोडिएको काण्डले पुऱ्यायो धक्का

सामान्य परिस्थितिमा हालै एनभिडियाको सिइओ पदबाट राजीनामा दिएका जेन्सेन हुआङको विवाहेत्तर सम्बन्ध व्यक्तिगत लज्जाको विषय मात्र हुने थियो। तर, यस प्रकरणमा एकजना शक्तिशाली व्यक्तिको संलग्नताले अमेरिका-चीन प्रविधि सम्बन्ध नै गम्भीर संकटमा धकेलिने खतरा बढेको छ। हुआङले आफूले विवाहेत्तर सम्बन्ध राखेको स्वीकार गरेका छन्। उनले कम्तीमा तीन महिलासँग सम्बन्ध राखेका थिए, जसमा हुआङले नेतृत्व गरिरहेका एनभिडियाका दुई कर्मचारीसमेत छन्। चीनको हितमा काम गरिरहेको आशंकामा परेकी एलिससँग जेन्सेनको सम्बन्धले सबैको ध्यान तानेको छ। आखिर एलिससँगको सम्बन्ध र बिहीबार उनको राजीनामाले कसरी चीन-अमेरिका सम्बन्धमै असर पर्न सक्छ ?

बृहत्तर रूपमा चीनप्रतिको अमेरिकी नीति लामो समयदेखि दुई खेमामा विभाजित छ। यसमा एकातर्फ 'सतर्क रहनुपर्ने पक्ष' छ, जसको नेतृत्व राष्ट्रिय सुरक्षामा कडा अडान राख्नेहरूले गर्छन्। यो समूह चीनले बौद्धिक सम्पत्ति चोरी गरेको इतिहास, महत्त्वपूर्ण आपूर्ति शृंखलामाथि उसको नियन्त्रण, बेइजिङको आर्थिक शक्ति र कृत्रिम बुद्धिमत्ता (एआई) जस्ता प्रमुख प्रविधिमा अमेरिकालाई उछिन्ने बेइजिङको क्षमतालाई लिएर चिन्तित छ।



● जेम्स पाल्मर

विभिन्न पुस्तकका लेखक पाल्मर हाल 'फरेन पोलिसी'का उप-सम्पादक हुन्।

अर्कोतर्फ, 'अवसर छोप्नुपर्ने पक्ष'छ , जसले चीनसँगको सम्बन्धबाट प्राप्त हुन सक्ने फाइदामा ध्यान केन्द्रित गर्छ। यो खेमाले प्रविधि बिक्री गर्ने, विशाल चिनियाँ बजारमा पहुँच कायम राख्ने तथा दुई देशबिच सहकार्य र आपसी लगानीका बाटा खोज्नुपर्ने वकालत गर्छ। यी दुई पक्षबिचको तनावले कहिलेकाहीं राम्रो नीति निर्माणमा मद्दत पुऱ्याउन सक्छ, विशेषगरी जब दुवै पक्षले एक-अर्कासँग बौद्धिक र तार्किक बहस गर्छन्। यस्तो स्वस्थ बहस 'असल नियत'मा आधारित हुन्छ। अर्थात्, दुवै पक्षले अमेरिकाको आधारभूत राष्ट्रिय हित कायम राख्नुपर्ने विश्वास गर्छन्। यसका लागि 'सतर्क रहने पक्ष'का तर्क 'जातीय पूर्वाग्रहयुक्त त्रास'मा परिणत हुनुहुँदैन भने 'अवसर छोप्नुपर्ने पक्ष' 'व्यक्तिगत लोभ'मा बहकिनु हुँदैन।

एनभिडियासँग जोडिएको बहस केही समयदेखि तीव्र रहँदै आएको छ। पछिल्लो समय अमेरिका-चीन सम्बन्धमा 'उन्नत चिप'भन्दा बढी महत्त्वपूर्ण विषय अरू कुनै छैन। अमेरिका-चीन प्रतिस्पर्धाका क्षेत्र जस्तै- आपूर्ति शृंखला वा महत्त्वपूर्ण खनिजमा चीनको अग्रता भए पनि अत्याधुनिक चिपमा भने अझै पनि अमेरिकाको पकड बलियो छ। यो कुरालाई यही तथ्यले पनि पुष्टि गर्छ कि विश्वव्यापी 'कम्प्युट' क्षमताको करिब ७५ प्रतिशत हिस्सा अमेरिका एक्लैसँग छ। जबकि, चीनसँग १५ प्रतिशत मात्र छ। अमेरिकाको अग्रता ताइवानसँगको अमेरिकाको गठबन्धनमा टिकेको छ, जहाँ चिप निर्माता कम्पनी 'टिएसएमसी' छ। त्यसबाहेक अमेरिकाको अग्रतामा 'एनभिडिया'जस्ता कम्पनीको पनि भूमिका छ, जसले पछिल्लो समयको सबैभन्दा अत्याधुनिक चिपको डिजाइन र बिक्री गर्छन्।



वास्तवमा चीनप्रति अमेरिकी नीति लामो समयदेखि दुई खेमामा विभाजित छ। एकातर्फ 'सावधान रहनुपर्ने पक्ष' छ र यसको नेतृत्व राष्ट्रिय सुरक्षामा कडा अडान राख्नेहरूले गर्छन्। अर्कोतर्फ, 'अवसर छोप्नुपर्ने पक्ष' छ, जसले बेइजिङसँगको सम्बन्धबाट प्राप्त हुन सक्ने फाइदामा ध्यान केन्द्रित गर्छ।

चीनको अत्याधुनिक चिपसम्मको पहुँचलाई कसरी व्यवस्थापन गर्ने भन्ने विषयमा अमेरिकामा वर्षौंसम्म बहस चल्दै आएको छ। यस बहसमा पनि एकातिर सावधानी अपनाउने पक्ष छ भने अर्कोतिर अवसरको रूपमा हेर्ने पक्ष। अवसर देख्ने पक्षधरले चीनको अमेरिकामाथिको निर्भरता राम्रो भएको तर्क गर्दै आएका छन्। तिनका अनुसार चीनले सबैभन्दा अत्याधुनिक चिपबाहेक सबै कुरा अमेरिकाबाट किनिरहयो भने ऊ अमेरिकी कम्पनीमाथि निर्भर रहनेछ। अर्थात्, यस पक्षधरका अनुसार यदि चीनलाई यी प्रविधिबाट पूर्ण रूपमा वञ्चित गरियो भने उसले सम्पूर्ण स्रोतलाई यी उद्योग खडा गर्न लगाउनेछ। यद्यपि, सावधानी अपनाउने दृष्टिकोण भएका समूहले भने बेइजिङलाई सबैखालका अत्याधुनिक चिप किन्नबाट रोक्नुपर्ने भन्दै आएको छ। यसले मात्र अमेरिकी अग्रता कायम रहिरहने तिनको बुझाइ छ।

गत वर्ष 'एनभिडिया'ले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसँग गरेको एक सम्झौताले यी सबै तर्क र 'असल नियत'सम्बन्धी मान्यतालाई पूर्ण रूपमा खण्डित गरिदियो। ट्रम्पले त्यतिबेला 'एनभिडिया'लाई चीनमा अत्यन्तै उन्नत 'एच-२००' चिप बेच्न अनुमति दिए। यो अनुमति दिने काम कुनै तार्किक बहसमार्फत नभई चीनमा बेचिने चिपबाट हुने आयको २५ प्रतिशत हिस्सा ह्वाइट हाउसलाई दिने प्रस्तावपछि सम्भव भएको थियो। अझ खतरनाक त उक्त राजस्व रकमको कुनै स्पष्ट निगरानी वा लेखाजोखाको व्यवस्थासमेत गरिएको थिएन। यसका साथै, 'एनभिडिया'का प्रमुख हुआङले ट्रम्प-समर्थित विभिन्न कदमका लागि दुई करोड ६० लाख अमेरिकी डलर सहयोग पनि दिए, जसमा ह्वाइट हाउसको 'बलरुम' (विशाल नृत्य कक्ष) निर्माण कार्यसमेत समावेश थियो।

यो सम्झौता सुरुदेखि नै दूषित थियो, तर राष्ट्रिय सुरक्षाका कट्टर समर्थकसमेत ट्रम्पको प्रतिशोधको डरले चुपचाप बसे। अहिले भने स्थिति बदलिएको छ। नयाँ आउँदै गरेको डेमोक्र्याटिक कंग्रेसमा राष्ट्रिय सुरक्षाप्रति चिन्तित रिपब्लिकनको पनि साथ छ। परिणामस्वरूप यस्ता सम्झौताको कठोर छानबिन हुने देखिएको छ।

एलिस र जेन्सेनविरुद्ध लागेका जासुसीका आरोपले यस विषयमा हुने छानबिनलाई अझ तीव्र बनाएका छन्। त्यस्तै, उनी जासुस हुन सक्ने पहिले नै ह्वाइट हाउसलाई चेतावनी दिइएको तर तिनको बेवास्ता गरेको देखिएको विषयले पनि यसलाई थप गम्भीर बनाएको छ। यदि दोस्रोपटक गुप्तचर निकाले चेतावनी दिएपछि पनि ट्रम्पले एनभिडियाको सेयरमा 'सर्टिङ' (मूल्य घट्ने अनुमानमा गरिने लगानी) गरेर नाफा कमाएको कुरा प्रमाणित भयो भने यो प्रकरण ट्रम्पका लागि निकै घातक बन्ने निश्चित छ। एलिसले जेन्सेन हुआङका निर्णयलाई कहिल्यै प्रभावित गरिनन्। यसका बाबजुद आगामी अनुसन्धानमा हुआङलाई बेइजिङको प्रभावमा परेको व्यक्तिका रूपमा चित्रण गर्न सजिलो हुनेछ।

हुआङको पतनले चिप बिक्रीको विरोध गर्नेहरूलाई एनभिडियाजस्ता कम्पनीलाई चिनियाँ सम्राज्यको 'औजार' बनेको आरोप लगाउने मौका दिनेछ। यसमा ह्वाइट हाउसले 'सहजीकरण' गरिदिएको भनेर आरोप खेप्नुपर्ने हुन्छ। हुआङप्रति ट्रम्पको निरन्तर र दृढ समर्थनले विरोधीलाई ट्रम्पविरुद्ध थप बलियो हतियार प्रदान गरेको छ। अमेरिकी मध्यावधि निर्वाचनको नतिजापछि रिपब्लिकनहरू आफैं संकटमा छन्। यस्तो वेला कम्पनीहरूले अब ट्रम्पको संरक्षणमा मात्र भर पर्न सक्ने अवस्था छैन।

दीर्घकालमा यो काण्डमा अनुसन्धान हुँदै जाँदा चार ट्रिलियन डलर मूल्यबराबरको एनभिडिया कम्पनीसँग जोडिएको भ्रष्टाचार र प्रतिबन्ध छल्ने कार्यको अझ ठुलो सञ्जाललाई उजागर गर्न सक्छ। एनभिडियाको सबैभन्दा उन्नत चिप शृंखला 'ब्ल्याकवेल'लाई चीनमा निर्यात गर्न प्रतिबन्ध लगाइएको छ। तैपनि, चिनियाँ एआई क्षेत्रमा यसको प्रयोग भइरहेका संकेत प्रशस्त भेटिएका छन्। अमेरिकी राष्ट्रिय सुरक्षा अधिकारीमध्ये केहीले सम्भवतः यस प्रकरणमा को-को दोषी छन् भन्ने प्रमाण समेटिएका कागजात सार्वजनिक गर्न सही समयको प्रतीक्षा गरिरहेका हुन सक्छन्।

एलिस हुआङको कम्पनी 'मेगास्पिड'को सम्पत्ति सन् २०२३ मा तीन करोड ३० लाख डलर रहेकोमा सन् २०२४ मा तीन अर्ब डलर पुग्यो। कम्पनीको सम्पत्तिमा एक्कासि भएको उछालले त्यहाँ चिनियाँ सरकारको लगानी रहेको संकेत गर्छ। (मेगास्पिडले कुनै पनि गलत काम गरेको अस्वीकार गरेको छ। उसले अमेरिकी आपराधिक अनुसन्धानमा पूर्ण सहयोग गर्ने प्रतिबद्धता जनाएको छ।)

उसो त अमेरिकी चिप निर्यातको प्रतिबन्ध छल्ने शंका गरिएका कम्पनीमाथि कारबाही प्रक्रिया अघि बढिसकेको छ। तर, अब जेन्सेन हुआङ र एलिस हुआङ दुवैका गतिविधिमाथि हुने पूर्ण संघीय अनुसन्धानले अझ धेरै लुकेका तथ्य बाहिर ल्याउन सक्छ।

चीनले घटना बाहिरिएसँगै सधैंझैं जासुसी कार्यमा आफ्नो संलग्नता अस्वीकार गरेको छ। उसले अमेरिकालाई नयाँ प्राविधिक प्रतिबन्ध नलगाउन आग्रह गरेको छ। तर, सम्भावित नयाँ प्रतिबन्ध मात्रै होइन, आगामी दिनमा जुनसुकै स्तरका चिप वा चीनसँग सम्बन्धित सम्झौतामा अनिवार्य कडा निगरानी हुनेछ। बेइजिङले यसलाई 'खेलको हिस्सा'का रूपमा स्वाभाविक रूपमा स्वीकार गर्ने आशा मात्र गर्न सकिन्छ। अन्यथा, उसले पनि बदलास्वरूप पहिले नै कडा रहेका 'प्रतिबन्ध-विरोधी' नियमलाई अझ कडा बनाउने वा अमेरिकाका लागि अत्यावश्यक खनिज पदार्थको आपूर्ति रोक्नेजस्ता कदम चाल्न सक्छ।

अमेरिकी पक्षमा पनि एउटै घटनामाथि अत्यधिक केन्द्रित हुने जोखिम पनि छ। यो कुरा अमेरिकी गुप्तचर निकायको एउटा पुरानो बानी हो। उदाहरणका लागि, सन् २००० को दशकको सुरुतिर चिनियाँ गुप्तचर निकायले एकजना युवा अमेरिकीलाई आफ्नो जासुसी सञ्जालमा भर्ती गरेको घटना बाहिरियो। त्यसपछि, चीनमा काम गरेर वा पढेर फर्किएका सबै अमेरिकी नागरिकका लागि 'सुरक्षा अनुमति' प्रक्रिया निकै कठोर बनाइयो। यस्तै कुराको पुनरावृत्ति हुन सक्छ। यो कुरा अमेरिकाभित्र संवेदनशील प्रविधि क्षेत्रमा कार्यरत चिनियाँ मूलका व्यक्तिप्रति जातीय पूर्वाग्रहका रूपमा कार्यान्वयन हुन सक्छ। यस प्रकरणले कम्तीमा पनि अमेरिकी व्यवसायीलाई आफ्ना चिनियाँ समकक्षीसँग शारीरिक सम्पर्क त परको कुरा जारी कारोबार वा सम्बन्धमा समेत थप सतर्क हुन प्रेरित गर्न सक्छ।

फरेन पोलिसीबाट

बंगलादेशमा झन् गम्भीर बन्दै दादुराको प्रकोप

मार्चको मध्यदेखि अक्टोबर ९ सम्म बंगलादेशमा दादुराका दुई लाख दुई हजार शंकास्पद बिरामी फेला परेका छन्। संक्रमितमध्ये एक हजार एक सय ४७ जनाको मृत्यु भएको छ।

बंगलादेशमा देखिएको दादुरा संकट अहिले विश्वकै सबैभन्दा गम्भीर दादुरा प्रकोपमा परिणत भएको छ। यो संकट घट्नुको साटो दिनानुदिन बढ्दै गएको तथ्यले धेरैलाई थप चिन्तित बनाएको छ। संकटको विकराल अवस्थालाई यही कुराले पनि इंगित गर्छ कि यसको यकिन अवस्था मूल्यांकन गर्न सरकारले केही समयअघि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विज्ञहरूको एउटा स्वतन्त्र समिति गठन गरेको थियो। समितिले अक्टोबर २६ मा सरकारलाई एक प्रतिवेदन बुझायो। प्रतिवेदनले दादुराको अहिले देखिएको प्रकोपलाई 'देशमा खोप प्रणाली खस्कँदै गएको कुराको बलियो प्रमाण र चेतावनीको संकेत' भनी उल्लेख गरेको छ।

प्रतिवेदनले प्रकोपविरुद्ध सरकारलाई तत्काल कदम चाल्न चेतावनी पनि दिएको छ। कदम चाल्न ढिलो गरिए बंगलादेशमा अन्य गम्भीर रोगहरूको समेत ठुलो प्रकोप फैलिन सक्ने समितिले औंल्याएको छ।

नयाँ प्रकोपका रूपमा विकास हुन सक्ने रोगहरूमा लहरे खोकी, डिप्थेरिया(भ्यागुते रोग) र पोलियो रोग रहेको प्रतिवेदनमा उल्लेख छ। उल्लेखनीय रूपमा विश्वमा अहिले अफगानिस्तान र पाकिस्तान गरी केवल दुई देशमा मात्र पोलियो नियन्त्रणबाहिर रहेका छन्।

विज्ञहरू समितिको प्रतिवेदन सार्वजनिक हुनु केही दिनअघि समाचार एजेन्सी 'रोयटर्स'ले बंगलादेशमा दादुराको भयानक अवस्थाबारे लेखेको थियो। विश्व स्वास्थ्य संगठन(डब्लुएचओ)का तथ्यांकको आधारमा लेखिएको रोयटर्सको समाचारमा मार्चको मध्यदेखि अक्टोबर ९ सम्म बंगलादेशमा दादुराका दुई लाख दुई हजार शंकास्पद बिरामी फेला परेको उल्लेख छ। संक्रमितमध्ये एक हजार एक सय ४७ जनाको मृत्यु भएको समाचारमा भनिएको छ। मर्नेहरूको ९४ प्रतिशत अंश पाँच वर्षमुनिका बालबालिका थिए।

उता भर्खरै बंगलादेशको सरकारले सार्वजनिक गरेको तथ्यांकअनुसार, मार्च महिनायता दादुराको प्रकोपका कारण देशमा एक हजार दुई सयभन्दा बढी बालबालिकाको मृत्यु भइसकेको छ। पछिल्लो समय मृत्यु दरमा उछाल आइरहेको तथ्यांकलाई ध्यान दिँदा यस संकटलाई उचित ढंगले सम्बोधन नगरिए मृत्युदर अझ बढ्न सक्ने चिन्ता थपेको छ।

विज्ञहरूका अनुसार, यो प्रकोपको जड सन् २०२४ को राजनीतिक अस्थिरतामा रहेको छ। त्यस वर्ष जुलाई-अगस्टमा उठेको ठुलो जनआन्दोलनका कारण तत्कालीन प्रधानमन्त्री सेख हसिना सत्ताच्युत भएकी थिइन्। त्यसपछि देश लामो समय अशान्तिपूर्ण संक्रमणमा रह्यो। त्यस अवधिमा विकासोन्मुख



● माइकल कुगेलम्यान

कुगेलम्यान 'फरेन पोलिसी एट्लान्टिक काउन्सिल'का दक्षिण एसिया मामिलाका वरिष्ठ फेलो हुन्।

देशहरूमध्ये प्रभावकारी मानिने बंगलादेशको खोप अभियानहरूमा अवरोध पुग्यो। केही तथ्याकंले त्यसवेला बिथोलिएको खोप प्रणाली अझै पनि पुरानै लयमा फर्कन नसकेको देखाउँछ।

अहिलेको संकटलाई तथ्यांक संकलनमा देखिएको कमजोरीले थप जटिल बनाएको छ, जसका कारण

विश्वमा अहिले अफगानिस्तान र पाकिस्तानमा मात्र पोलियो नियन्त्रणबाहिर छ



लाखौं बालबालिका खोप पाउनबाट वञ्चित भएका छन्। यसै वर्ष गठन भएको नयाँ सरकारले नयाँ खोप अभियान हतारमा अघि बढाउँदा र पर्याप्त पूर्वतयारीबिना कार्यक्रम सञ्चालन गर्दा यी जटिलता सिर्जना भएका हुन्।

पछिल्लो समय विज्ञहरूको चेतावनीलाई बंगलादेश सरकारले गम्भीरतापूर्वक लिएको छ। उसले तत्काल प्रतिक्रिया जनाउँदै आवश्यक संख्यामा खोपकर्मीलाई भर्ना गर्ने प्रक्रियालाई तीव्र बनाउने प्रतिबद्धता व्यक्त गरेको छ। एक अध्ययन प्रतिवेदनअनुसार बंगलादेशमा खोपकर्मीको संख्या आवश्यकभन्दा ४० प्रतिशत कम छ।

सुरुमा सामान्य स्वास्थ्य ठानिएको दादुराको प्रकोप अहिले तीव्रगतिमा एउटा प्रमुख नीतिगत चुनौती बन्दै गएको छ। यसले आर्थिक दबाब र ऊर्जाको गम्भीर अभावसँग जुधिरहेको नयाँ सरकारमाथि थप कठिनाइ थपिदिएको छ। इरान युद्ध सुरु हुनुभन्दा केही दिनअघि मात्र पदभार ग्रहण गरेका प्रधानमन्त्री तारिक रहमानको यो समस्या निम्त्याउन कुनै भूमिका छैन। वर्तमान सरकारले विरासतमा पाएका अन्य चुनौतीजस्तै दादुरा प्रकोप पनि अगस्ट २०२४ देखि फेब्रुअरीको मध्यसम्म बंगलादेशको नेतृत्व गरेको अन्तरिम सरकारको पालामा देखापरेको थियो।

तर, स्वाभाविक रूपमा, यो समस्या समाधान गर्ने जिम्मेवारी पनि वर्तमान सरकारकै काँधमा छ। हुन त दादुराको प्रकोपले निम्त्याउन सक्ने असर सरकारले अहिले सामना गरिरहेका अन्य चुनौतीको तुलनामा त्यति ठुलो नहुन सक्छ। तर, यदि संक्रमितहरूको संख्या बढ्दै गयो र विज्ञहरूले चेतावनी दिएझैं खोपको अभावका कारण अन्य गम्भीर सरुवा रोग पनि पुनः देखापरे भने अवस्था अझ जटिल बन्न सक्छ।

जनस्वास्थ्यको बिग्रँदो अवस्थाले बंगलादेशको आर्थिक संकट समाधान गर्ने प्रयासलाई समेत थप जटिल बनाउन सक्छ। यसबाहेक, बालबालिकाको स्वास्थ्य जोगाउने प्रयासमा सरकार पछि परेको देखिन्छ। त्यस्तै, सरकार आधारभूत आवश्यकतासमेत पूरा गर्न असक्षम देखिएको कतिपयको गुनासो छ। बंगलादेशसँग सफलतापूर्वक खोप अभियान सञ्चालन गरेको ऐतिहासिक अनुभव छ। यसैको बलमा ढाकाले देशबाट पोलियो र नवजात शिशुमा हुने टिट्नस (धनुषटंकार) रोगलाई उन्मूलन गरिसकेको छ। साथै, रुबेला र हेपाटाइटिस-बीको प्रकोपलाई उल्लेख्य रूपमा घटाएको छ। कोभिड-१९ महामारीको वेला हासिल गरिएका ठुला सफलतासहित स्वास्थ्य क्षेत्रमा डिजिटलाइजेसनका प्रयास उलेख्य उपलब्धी हुन्।

तर, पछिल्लो चुनौती निकै कठिन समयमा आइपरेको छ। दसकौंसम्मको बलियो आर्थिक वृद्धिपछि बंगलादेशको अर्थतन्त्रमा सुस्तता देखिएको छ। सरकार एकपछि अर्को चुनौतीले थिचिएको समयमा अहिलेको स्वास्थ्य संकट समाधान गर्नु पहिलेको तुलनामा अझ गाह्रो हुनेछ।

फरेन पोलिसीबाट

इतिहासमा आज

नोभेम्बर १६



सन् १९८८ : बेनेजिर भुट्टो पाकिस्तानकी प्रधानमन्त्री बनिन्। मुस्लिम देशको पहिलो महिला प्रधानमन्त्री बनेकी भुट्टोले १९८८ देखि १९९० सम्म शासन गरेकी थिइन्। उनी सन् १९९३ देखि १९९६ सम्म दोस्रोपटक पनि प्रधानमन्त्री बनेकी थिइन्।

- **सन् १८६९** : युरोप र एसियालाई विनापानीजहाज जोड्ने स्युज नहरको निर्माण कार्य सन् १८६९ मा सम्पन्न भएको थियो। रेड सी र भूमध्यसागरलाई जोड्ने सो नहर निर्माण गर्न १० वर्ष लाग्यो।
- **सन् १९४५** : राष्ट्रसंघीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक संगठन (युनेस्को) राष्ट्र संघको एउटा अभिन्न अंगका रूपमा स्थापना भयो। युनेस्कोले शिक्षा, वैज्ञानिक सहकार्य र सांस्कृतिक आदानप्रदानमार्फत विश्वमा शान्ति र भलाइका लागि काम गर्छ।
- **सन् १९७३** : वाटरगेट काण्डका सन्दर्भमा आजकै दिन तत्कालीन अमेरिकी राष्ट्रपति रिचार्ड निक्सनले पत्रकार सम्मेलन गरी आफू निर्दोष भएको बताएका थिए।
- **सन् १९७३** : एथेन्समा तत्कालीन सेनाको जुन्ता सरकारविरुद्ध पोलिटेक्निक क्याम्पसका विद्यार्थीले आन्दोलन सुरु गरेका थिए। १७ नोभेम्बरमा ट्यांकसहित क्याम्पस पुगेको सेनाले अन्धाधुन्द लाठी प्रहार गऱ्यो। क्रान्तिको स्मरणमा अहिले पनि हरेक नोभेम्बर १७ मा देशमा विभिन्न कार्यक्रम मनाइन्छ।
- **सन् १९८८** : तत्कालीन सोभियत युनियनबाट इस्टोनियाले सार्वभौमसम्पन्न देश भएको घोषणा गऱ्यो। सिंगिङ क्रान्तिको एउटा अंशको रूपमा घोषित सो कानुनले सोभियत कानुनमाथि प्रभुत्व जमाएको थियो। हरेक १६ नोभेम्बरलाई इस्टोनियाले सार्वभौमसत्ता घोषणा वर्षको रूपमा मनाउँछ।
- **सन् २००१** : प्रसिद्ध पुस्तक ह्यारी पोटरमा आधारित चलचित्र निर्माण भयो। ह्यारी पोटर उपन्यासका लेखक जे के रोलिङ हुन्।

सर्वोत्कृष्ट अंक प्राप्त गरेका व्यक्तिले एआईबाट चिट चोरेको स्विकारे

सोल / दक्षिण कोरियाको प्रमाणित कर लेखापाल (सर्टिफाइड ट्याक्स एकाउन्टेन्सी) परीक्षामा सर्वोत्कृष्ट अंक प्राप्त गरेका एक व्यक्तिले सूक्ष्म क्यामेरा, मोबाइल फोन र एआई उपकरणको प्रयोग गरी चिट चोरेको स्वीकार गरेका छन्।



हान वन-सियोक नाम गरेका ती व्यक्तिले आफ्ना वकिल ली डन-होको युट्युब च्यानलमा राखिएको एक भिडियोमार्फत आफ्नो अपराध स्वीकार गरेका हुन्। उनले सियोल महानगर प्रहरी एजेन्सीसमक्ष पनि आफ्नो गल्ती स्वीकार गर्दै आफूले कसरी चिट चोरेका थिए भन्नेबारे विस्तृत विवरण दिएका छन्। ३४ वर्षीय हानले परीक्षाको पहिलो चरणमा ४०० पूर्णांकमध्ये ३९७.५ अंक प्राप्त गरेका थिए।

उनले १६० वटा प्रश्नमध्ये एउटा मात्र प्रश्न बिगारेका थिए। उनले प्राप्त गरेको अंकलाई लिएर दक्षिण कोरियामा सुरुमै शंका उब्जाएको थियो र अनलाइनमा विभिन्न अड्कलबाजी सुरु भएका थिए।

आइतबार सार्वजनिक गरिएको एउटा भिडियोमा हानले भने, 'मैले कर लेखा (ट्याक्स एकाउन्ट)सम्बन्धी परीक्षाको दुवै चरणमा इलेक्ट्रोनिक उपकरण र जेनेरेटिभ एआईको प्रयोग गरेर चिटिङ गरैं।'

उनले अगाडि थपे, 'मैले सूक्ष्म क्यामेराको सहायताले परीक्षाका प्रश्नको तस्बिर खिचेर एआईमा पठाएँ, अनि आफ्नो स्मार्टफोनमा उत्तर हेरेर परीक्षामा चिटिङ गरैं।'दक्षिण कोरियालीहरूको करिअरको मार्गमा राष्ट्रियस्तरका परीक्षाले असाध्यै ठुलो भूमिका खेल्छ। तसर्थ, यी परीक्षाको नतिजा र तिनलाई अनुचित ढंगले बढाएर देखाउने प्रयास अत्यन्त महत्त्वपूर्ण हुन्छन्।

जब परीक्षामा धाँधली गरेको आरोप बाहिर आउन थाल्यो, सुरुमा हानले कुनै पनि गलत काम नगरेको दाबी गरेका थिए। तर, परीक्षामा दोस्रो स्थान हासिल गर्ने उम्मेदवारको भावनाबारे सोचेपछि उनले आफ्नो विचार परिवर्तन गरेको बताए। उनले निष्पक्ष रूपमा परीक्षा उत्तीर्ण गरेका अन्य परीक्षार्थीहरूसँग माफीसमेत मागेका छन्।

बाँकेमा उन्नत जातका बोका पाउनै मुस्किल

बाँकेमा **विश्वराज पछ्लडङ्गा**

बिउका लागि समेत भारतबाट बोका ल्याउन नपाएपछि बाँकेका बाख्रापालक किसान मारमा परेका छन् । राम्रो जातको बिउ बोका ल्याउन नपाउँदा बाख्रा ख्याउटे हुँदै गएको कोहलपुर नगरपालिका- ११, वनखेतका कृषक युवराज गिरीले गुनासो गरे । 'ऋसका लागि उन्नत जातका बोका नपाउँदा बाख्रापालन व्यवसाय संकटमा पर्दै गएको छ,' उनले भने, 'अब पनि ल्याउन नपाउने हो भने बाख्रापालन नगरे पनि हुन्छ ।' लामो समयसम्म एउटै जातको ब्रिड हुँदा बाख्रा ख्याउटे हुँदै गएको उनको भनाइ छ ।

उन्नत जातका बोका खोज्दै बाँकेका विभिन्न ठाउँसहित पश्चिम बर्दिया, कैलाली र कञ्चनपुरसम्म पुगेको उनले बताए । 'बाँकेको भन्दा उता भनै साना बोका फेला परे,' उनले भने, 'बोका नपाउने समस्या बाँकेमा जटिल बन्दै गएको छ ।'

युवराज गिरीको जस्तै समस्या खजुरा गाउँपालिका- ४ का कृष्णप्रसाद पौडेलको पनि छ । पौडेलसँग ७० वटा बाख्रा छन् । बोयर जातको बोका ल्याए पनि अर्कै जातको परेको उनले बताए । 'उन्नत जातको बोका नपाउने हो भने ख्याउटे बाख्रा पाल्नुको कुनै अर्थ छैन । उचित मूल्य हाल्दासमेत पाउने अवस्था छैन,' उनले भने, 'एकजनाले बोयर जातको बोका भनेर अर्कै जातको दिएछ । अब त बाख्रापालन गर्न सकिँदैन भन्ने लाग्छ ।'

कृषि अनुसन्धान परिषद् (नार्क), खजुरा, बाख्रा युनिटसँग बोयर जातको बोका माग गरे पनि नपाएको उनले गुनासो गरे । 'बोयर जातको बोका मागेको चार वर्षभन्दा धेरै भइसक्यो । तर, अहिलेसम्म पाइएको छैन,' पौडेलले भने ।

उन्नत जातको बोका नपाउँदा राप्ती सोनारी गाउँपालिका- ५, बिनौनाका चन्द्रबहादुर बुढा पनि हैरान छन् । खरी जातका ४० वटा बाख्रापालन गर्दै आएका उनी उन्नत जातको बोकाको खोजीमा छन् । उन्नत जातको बोका नपाउँदा वर्षैपिच्छे ख्याउटे हुँदै गएको उनले बताए । 'उन्नत जातको बोका नपाउने बाख्रापालक किसानका लागि सबैभन्दा ठुलो चुनौती बनेको छ,' उनले भने, 'अब त बाख्रा पाल्न छाड्ने हो कि भन्ने लागेको छ ।'

उन्नत जातका बोका नपाएर खरी जातको बाख्रामा सीमित भएको राप्ती सोनारी गाउँपालिका- ६, फत्तेपुरका डम्बर बुढाथोकीले बताए । उनले सिरोही, बोयरलगायत उन्नत जातको बोका खोजे पनि नपाएको बताए । 'भारतबाट खसी, बोका ल्याउन पाइँदैन । नेपालमा खोजेर पनि पाइँदैन । बाख्रा होचा, पुड्का हुँदै गएपछि पाल्ने मन पनि मर्दै गएको छ,' उनले भने ।

राप्ती सोनारी गाउँपालिका- ८, ढकेरीका हिमबहादुर खड्का ले पनि उन्नत जातका बोका नपाउँदा बाख्रा पुड्का हुँदै गएको बताए । बोका नपाएका कारण बाख्राको संख्या घटाउँदै लगेको बताउँदै उनले यस्तै समस्या रहे बाख्रा व्यवसाय धरापमा पर्ने बताए । नार्क, बाख्रा युनिटका पशु चिकित्सक नारायण चौधरीले कृषकको मागअनुसार बोयर जातका बोका उत्पादन गर्न नसकेको बताए । उनले लुम्बिनी र कर्णाली प्रदेशमा बोका पठाउनुपर्ने भएकाले चाहेर पनि कृषकलाई दिन नसकेको बताए । 'सर्वसाधारणलाई बोका बिक्री गर्छौं, तर ऋसका लागि बाहिरका बाख्रालाई बोका लगाउँदैनौं,' उनले भने, 'माग धेरै छ, उत्पादन थोरै भएकाले चार-पाँच वर्ष कुर्नुपर्ने हुन्छ ।'

सामाजिक सुरक्षा कोषमा अनिवार्य दर्ता हुन मन्त्रीको आह्वान



काठमाडौं / सरकारले सामाजिक सुरक्षा कोषमा अनिवार्य रूपमा आबद्ध हुन रोजगारदाता र श्रमिकलाई आह्वान गरेको छ । सामाजिक सुरक्षामन्त्री सीता वादीले ऐनमा भएको व्यवस्था उल्लेख गर्दै सबै श्रमिक तथा रोजगारदातालाई कोषमा अनिवार्य आबद्ध हुन् आह्वान गरेकी हुन् ।

ऐन कार्यान्वयन हुनुअघि कायम रहेका रोजगारदाताका हकमा ६ महिनाभित्र र त्यसपछि स्थापना भएका रोजगारदाताले रोजगार सम्बन्ध कायम रहेका व्यक्तिलाई तीन महिनाभित्र कोषमा आबद्ध गराउनुपर्ने व्यवस्थाअनुसार अनिवार्य आबद्ध हुन आह्वान गरिएको हो । 'योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ अनुसार ३० असोज ०७४ भन्दा अगाडि कायम रहेका रोजगारदाताले ६ महिनापछि र त्यसपछि स्थापित रोजगारदाताले रोजगार सम्बन्ध कायम रहेका व्यक्तिलाई तीन महिनाभित्र अनियवार्य रूपमा सामाजिक सुरक्षा कोषमा आबद्ध गर्नुपर्छ,' मन्त्री वादीले भनेकी छिन्, 'श्रम ऐन, २०७४ को दफा ५२ देखि ५७ सम्मले पनि यही व्यवस्था गरेको छ ।'

सामाजिक सुरक्षासम्बन्धी विभिन्न व्यवस्थाअनुसार रोजगारदाताले श्रमिकको आधारभूत पारिश्रमिकबाट १० प्रतिशत कट्टा गरी आफूले समेत सोहीबराबर रकम थपेर कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । त्यस्तै, आधारभूत पारिश्रमिकको ८.३३ प्रतिशत रकम प्रत्येक महिना उपदानबापत कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ ।

सुनचाँदीको मूल्य घट्यो



काठमाडौं / स्थानीय बजारमा आइतबार सुनचाँदीको मूल्यमा गिरावट आएको छ । नेपाल सुनचाँदी व्यवसायी महासंघका अनुसार सुनको मूल्य प्रतितोला एक हजार पाँच सय रुपैयाँले घटेको हो । यससँगै सुन प्रतितोला दुई लाख ७० हजार दुई सय रुपैयाँमा कारोबार भयो । गत शुक्रबार प्रतितोला दुई लाख ७१ हजार सात सय रुपैयाँमा कारोबार भएको थियो । त्यस्तै, चाँदी प्रतितोला एक सय रुपैयाँले घटेर तीन हजार ६ सय रुपैयाँ कायम भयो । शुक्रबार चाँदी प्रतितोला तीन हजार सात सय रुपैयाँमा किनबेच भएको थियो ।

People's Power Ltd.
पिपुल्स पावर लिमिटेड

खुर्सानिटार, काठमाडौं, फोन नं.: ०१-४५३७५४४
इमेल: peoplespower@gmail.com, वेबसाइट: www.peoplespower.com.np

Unaudited Financial Results (Quarterly)
1st Quarter of financial Year 2083/84

Balance Sheet as on Ashoj end, 2083 (Unaudited) (NPR '000)

Particulars	This Quarter ending As at 31st Asoj, 2083	Previous Quarter ending As at 32nd Ashad, 2083	Corresponding Previous Year Quarter Ending
Assets			
Non-Current Assets:			
Properties, Plant & Equipments	529	128	108
Intangible Assets under IFRIC 12	857,057	865,311	889,915
Investments	-	-	
Prepaid Insurance	-	-	
Deferred Tax Assets	23	13	13
Total Non-Current Assets	**857,609**	**865,452**	**890,037**
Current Assets:			
Deposits	607	607	607
Other Loans & Advances	-	-	-
Trade Receivables	64,660	23,158	20,039
Sundry Debtors & other Current Assets	1,553	1,552	890
Inventories	15,333	-	-
Cash & Bank Balance	111,291	84,084	98,368
Preliminary Expenses	-	-	
Prepaid Expenses	-	-	
Total Current Assets	**193,444**	**109,402**	**119,904**
Total Assets	**1,051,053**	**974,855**	**1,009,941**
Equity		-	
Share Capital	948,900	948,900	948,900
Reserve and Surplus	24,422	(40,931)	(6,563)
Share Premium	65,476	65,476	65,476
Total Equity	**1,038,798**	**973,445**	**1,007,812**
Liabilities			
Non-Current Liabilities:			
Long Term Borrowings	-	-	-
Unsecured Loans	-	-	-
Total Non-Current Liabilities	-	-	-
Current Liabilities:			
Trade and Other Payables	22,890	1,410	2,014
Provision	609	-	115
Current portion of Long Term Borrowings	-	-	
Bridge Gap Loan	-	-	
Dividend Payable	-	-	
Deferred Tax Liabilities	-	-	
Total Current Liabilities	**23,500**	**1,410**	**2,129**
Total Liabilities	**23,500**	**1,410**	**2,129**
Total Equity and Liabilities	**1,062,297**	**974,855**	**1,009,941**

Profit & Loss Accounts for the period ended Asoj end, 2083 (Unaudited) (NPR '000)

Particulars	This Quarter Ending	Previous Quarter Ending	Corresponding Previous Year Quarter Ending
Revenue from Operations	39,943	89,890	31,751
Less: Direct Expenses	4,106	14,082	3,936
Gross Profit	**35,837**	**75,808**	**27,815**
Other Income	11,244	10	5
Administrative Expenses	25,721	61,734	3,995
Finance Income	-	-	-
Amortization of Intangible Assets	8,215	32,858	8,215
Depreciation	28	92	109
Finance Cost	-	2,897	2,897
Provision for Staff Bonus		-	-
Net Profit before Tax	**13,117**	**(21,763)**	**12,605**
Tax Expense			
Current Tax	-	-	-
Deffered Tax	-	-	-
Net Profit	**13,117**	**(21,763)**	**12,605**

धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूचि-१४(नियम २६ को उपनियम (१) संग सम्बन्धित।

पिपुल्स पावर लिमिटेडको आ.व. २०८३/०८४ को प्रथम त्रैमासिक अवधिको विवरण

१. वित्तीय विवरण

क) प्रथम त्रैमासिक अवधिको वासलात र नाफा/नोक्सान सम्बन्धी विवरण यसै साथ संलग्न गरिएको छ ।

ख) प्रमुख वित्तिय अनुपातहरु:

प्रति शेयर आम्दानी (EPS) **	१.३८	शेयरको बजार मुल्य रु.	३०२.१
प्रति शेयर नेटवर्थ (रु.)	१०९.४७	प्रति शेयर कूल सम्पत्तिको मुल्य (रु.)	११२
तरलता अनुपात	८.२३		

२. व्यवस्थापकीय विश्लेषण

यस आयोजना निर्माण कार्य सम्पन्न भइ मिति २०७९.०८.१२ गते देखी व्यापारिक उत्पादन शुरु भएको छ ।

३. कानुनी कारवाही सम्बन्धी विवरण

यस कम्पनी वा यसका संस्थापक वा सञ्चालकको विरुद्धमा कम्पनीको व्यवसायिक कारोबार सम्बन्धी कुनै पनि मुद्धा दायर नभएको ।

४. संगठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण

यस कम्पनीको प्रथम त्रैमासिक अवधिको शेयर कारोबार सम्बन्धी विवरण:

अधिकतम मुल्य (रु.)	३४८	कारोबार भएको कुल दिन	६१
न्युनतम मुल्य (रु.)	२८०.३	कारोबार संख्या	१९६५०५४
अन्तिम मुल्य (रु.)	३१८.५	कारोबार रकम (रु.)	३७४९३७१९१.७०

५. समस्या र चुनौती

यस कम्पनीले बहन गर्नु पर्ने बाह्य समस्या तथा चुनौतीमा पूर्वानुमान गरे भन्दा बाहिरको बाढी, पहिरो लगायत अन्य दैवी प्रकोपको चुनौती सदैव रहिरहनेहुन्छ । नदीमा जलको प्रवाहमा कमी हुन गएमा आयोजनाबाट हुने विद्युत उत्पादनमा असर पर्न सक्दछ ।

६. संस्थागत सुशासन

कम्पनीमा संस्थागत सुशासन राख्न व्यवस्थापन सदैव प्रतिबद्ध रहेको छ । कम्पनीको सञ्चालनलाई व्यवस्थित गर्न तथा विभिन्न जोखिमहरू न्युनिकरण गर्न समयानुकूल नीति निर्देशिकाहरु सञ्चालक समितिले पारित गरी लागू गर्दै आएको छ । साथै प्रचलित कानून, नियमन निकायहरुबाट प्राप्त निर्देशनहरु एवं लेखापरीक्षकको सुझाव अनुसार कार्य सम्पादन गरिदै आएको छ ।

७. सत्य, तथ्यता सम्बन्धमा अध्यक्ष कार्यकारी/प्रमुखको उद्घोषण

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन ।

ग्रीनलाईफ हाइड्रोपावर लिमिटेड
रजिष्टर्ड कार्यालय: का.म.न.पा.२८, कमलपोखरी, काठमाण्डौं
सम्पर्क नं. ०१-४५११३७३
Email: nepalgreenlife@gmail.com
Website: greenlifehydropower.com.np

Unaudited Statement of Financial Position
As on 31st Ashwin 2083 (17th October 2026)

Amount in NRs.

Particulars	Current Quarter ended 31st Ashwin 2083	Previous Quarter ended 32nd Asadh 2083	Corresponding Previous Year ended 31st Ashwin 2082
Non Current Assets			
Property, Plant and Equipment	6,351,032	6,936,308	7,013,419
Intangible Assets			
SCA Assets Under Development	11,518,692,013	11,285,467,262	10,414,522,634
Other Intangible Assets	25,511	26,189	-
Advances for SCA Assets Under Development	417,492,515	396,685,554	397,138,207
Financial Assets			
Other Financial Assets	2,607,500	2,607,500	2,607,500
Other Assets	-	-	-
Total Non Current Assets	**11,945,168,571**	**11,691,722,814**	**10,821,281,760**
Current Assets			
Inventories	-	-	-
Financial Assets			
Trade Receivables	-	-	-
Cash and Cash Equivalent	12,664,872	18,554,849	10,420,487
Other Financial Assets	-	-	-
Other Assets	3,814,279	7,679,571	1,924,834
Current Tax Assets (Net)	-	-	-
Total Current Assets	**16,479,152**	**26,234,420**	**12,345,321**
Total Assets	**11,961,647,723**	**11,717,957,234**	**10,833,627,081**
Liabilities and Equity			
Liabilities			
Non Current Liabilities			
Financial Liabilities			
Loans and Borrowings	8,327,307,140	8,150,684,838	7,862,674,028
Other Financial Liabilities	63,111,612	63,111,612	64,012,138
Lease Liability	259,858	563,766	1,425,013
Other Liabilities	476,986,802	476,986,802	427,610,802
Total Non Current Liabilities	**8,867,665,412**	**8,691,347,018**	**8,355,721,981**
Current Liabilities			
Financial Liabilities			
Loans and Borrowings	312,092,392	246,735,510	198,634,826
Trade Payables	-	-	-
Other Financial Liabilities	756,720,692	762,923,994	293,401,978
Total Current Liabilities	**1,068,813,084**	**1,009,659,504**	**492,036,804**
Total Liabilities	**9,936,478,496**	**9,701,006,522**	**8,847,758,785**
Equity			
Equity Share Capital	1,800,000,000	1,800,000,000	1,800,000,000
Retained Earnings and Reserves	225,169,227	216,950,712	185,868,296
Total Equity	**2,025,169,227**	**2,016,950,712**	**1,985,868,296**
Total Liabilities and Equity	**11,961,647,723**	**11,717,957,234**	**10,833,627,081**

Unaudited Income Statement
For the period 1st Shrawan 2083 to 31st Ashwin 2083

Amount in NRs.

Particulars	Current Quarter ended 31st Ashwin 2083	Previous Quarter ended 32nd Asadh 2083	Corresponding Previous Year ended 31st Ashwin 2082
Income			
Revenue from Operations			
Sales Revenue	-	-	-
Construction Revenue as per IFRIC-12	233,224,751	1,138,473,734	267,529,105
Cost of Sales			
Generation Expenses	-	-	-
Construction Cost as per IFRIC-12	220,023,350	1,074,031,824	252,385,949
Gross Profit	**13,201,401**	**64,441,909**	**15,143,157**
Other Income	-	4,117,445	-
Administrative Expenses	4,969,572	26,516,972	4,273,607
Profit from Operations	**8,231,829**	**42,042,383**	**10,869,550**
Finance Income	-	-	-
Finance Cost	13,314	136,598	46,181
Profit before Tax	**8,218,515**	**41,905,785**	**10,823,369**
Income Tax Expenses	-	-	-
Current Tax	-	-	-
Deferred Tax	-	-	-
Particulars	For the First Quarter Ending 31st Aswin 2083	For the Fourth Quarter Ending 32st Ashad 2083	For the First Quarter Ending 31st Aswin 2082
Continuing operations			
Revenue from Sale of Electricity	515,848,725	1,156,058,782	318,185,724
Other Revenue	60,628	67,185,612	34,816
Revenue	**515,909,353**	**1,223,244,394**	**318,220,540**
Cost of Sales	(126,874,171)	(452,238,463)	(115,969,719)
Gross Profit	**389,035,182**	**771,005,931**	**202,250,821**
Administrative Expenses	(26,697,294)	(130,777,023)	(18,674,164)
Operating Profit	**362,337,888**	**640,228,908**	**183,576,657**
Finance Cost	(123,622,051)	(593,509,133)	(176,961,407)
Other income / (Loss)	2,673,464	41,418,682	(51,640)
Profit before tax from Continuing Operations	**241,389,301**	**88,138,457**	**6,563,610**
Income tax expense			
Current Tax	-	(16,643,482)	-
Deferred Tax	-	(78,409)	-
Profit for the year from Continuing Operations	241,389,301	71,416,567	6,563,610
Discontinued Operations	-	-	-
Profit/(Loss) after tax for the year from discontinued operations	-	-	-
Profit for the year	**241,389,301**	**71,416,567**	**6,563,610**

Notes to the quarterly financial report:

1. Financial Statement of current quarter is prepared in accordance with Nepal Financial Reporting Standards (NFRS).
2. Project Assets (Reported as Intanglible Assets) is amortised over the useful life of the project license.
3. Above figures may vary upon otherwise direction made by Statutory auditor and Regulators.
4. Figures has been regrouped/reclassified/rearranged/restated whereever necessary.

धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ अनुसूचि-१४, (नियम २६ को उप नियम (१) सँग सम्बन्धित।

आ.ब. २०८३/२०८४ को पहिलो त्रैमासिकको अपरिष्कृत प्रतिवेदन

१. वित्तीय विवरण :

क. आ.ब. २०८३/०८४ को प्रथम त्रैमासिकको वासलात तथा नाफा नोक्सान हिसाब यसै साथ प्रकाशित गरिएको छ।

ख. उक्त वासलातको आधारमा कम्पनीको प्रमुख वित्तीय अनुपात निम्नानुसार छ।

विवरण	यस त्रैमासिक	गत त्रैमासिक	गत वर्षको यस त्रैमासिक
प्रतिशेयर आम्दानी	३०.१७	२.२३	०.८९
प्रतिशेयर नेटवर्थ	१०९.८७	१०२.२४	९२.३३
प्रतिशेयर क्रस सम्पत्ती मूल्य	३४६.५०	२९०.००	३४७.१०
मूल्य आम्दानी अनुपात	११.४८	१२९.९४	४२३.०६
तरलता अनुपात	२०.१६	८.९२	२.०७

२. व्यवस्थापकीय विश्लेषण :

क. यस पिपुल्स हाइड्रोपावर कम्पनी लि. ले निर्माण सम्पन्न गरेको सुपरदोर्दी जलविद्युत आयोजना 'ख' ५४ मे.वा. परियोजनाले नेपाल विद्युत प्राधिकरणले निर्माण गर्नु पर्ने ट्रान्समिसन लाईन (मर्स्याङ्दी करिडोर २२० के. भि.) समयमा सम्पन्न नगरेको कारणले Contingency Plan अन्तर्गत विद्युत बिक्री भईरहेकोले आम्दानीमा प्रत्यक्ष असर परेको छ तर हाल मर्स्याङ्दी करिडोर २२० के.भि (Bharatpur-Markinchock T/L) सम्पन्न भई राष्ट्रिय प्रसारण लाईनमा जोडिएकाले आयोजनालाई लगाएको Contingency Plan हटाउन NEA द्वारा विद्युत नियमन आयोगमा पेश भएकोमा नियमनघाट स्वीकृत प्राप्त भै सम्झौता संशोधनको प्रकृयामा रहेको।

ख. आयोजनामा लगाईएको वैकल्पीक व्यवस्थाको अन्त्य भए पश्चात् कम्पनीको आम्दानीमा उल्लेख वृद्धि हुने छ।

ग. कम्पनीले आफ्नो लगानी विस्तार गर्ने क्रममा सोलुखुम्बु जिल्ला अन्तरगतको इंखु खोलामा नेपाल सरकार विद्युत विकास विभागबाट अध्ययन भएको दुईवटा आयोजना इंखु खोला जलविद्युत आयोजना २१.४ मे.वा. र मिडल इंखु खोला जलविद्युत आयोजना २७.९ मे.वा मा क्रमशः ५०% र २५% स्वामित्व रहने उक्त आयोजनाहरूको विस्तृत अध्ययन अगाडी बढाईएको छ।

घ. कम्पनीको पूर्ण स्वामित्वमा रहेको ५७ मे.वा. को हिमचुली दोर्दी जलविद्युत आयोजना वर्षौं देखि एण्ड हुने प्रकृयामा रहेको छ।

ङ. कम्पनीले आयोजनाको लागि लिएको ऋण रकम घटाउने उद्देश्यका साथ आफ्नो चुक्ता पुँजीको १:१ को दरले हकप्रद शेयर निष्काशन गर्ने आ.व. २०८१/०८२ को वार्षिक साधारण सभाबाट पारित गरी विद्युत नियमन आयोगबाट मिति २०८२।१२।०५ गते स्वीकृत प्राप्त गरी नेपाल धितोपत्र बोर्डमा विवरण दर्ता भै स्वीकृतीको प्रकृयामा रहेको छ।

च. समिक्षा अवधिमा कम्पनीले नर्थ समिट हाईड्रो लि.ले प्रवर्द्धन गरेको त्यादी फिर्दी जलविद्युत आयोजना २१.४ मे.वा. र जनता एण्ड फोरष्ट्री लि.को संस्थापक शेयरमा लगानी गरिएको छ।

३. **कानुनी कारवाही सम्बन्धी विवरण:** यस त्रैमासिकमा संस्थाको संस्थापक र संचालक विरुद्ध कुनै मुद्दा मामिला परे/गरेको जानकारी नभएको।

४. **संस्थाको शेयर कारोवार सम्बन्धी विवरण :** धितोपत्र बजारमा संस्थाको शेयर कारोवार नियमानुसार सामान्य प्रकृतिबाट नै भएको छ। यस त्रैमासिक अवधिमा संस्थाको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोवार भएको कुल दिन तथा कारोवार संख्या स्टक एक्सचेन्ज लि.को वेवसाइट अनुसार :

अधिकतम मूल्य रु	३४६.५०	अन्तिम मूल्य रु	३४६.५०
न्यूनतम मूल्य रु	२२२.००	कारोवार दिन	६१
कारोवार संख्या	२४१५२	कारोवार शेयर कित्ता	८२२५७९४

५. **समस्या र चुनौती :**

क. कम्पनीकै नाममा दर्ता रहेको हिमचुली दोर्दी जलविद्युत आयोजना ५७ मे.वा को विद्युत खरिद बिक्री सम्झौता नेपाल विद्युत प्राधिकरणबाट नभएको कारण निर्माण कार्य अधिवद्दन नसकेकोसाथै उत्पादन अनुमति पत्रको लागि व्यय भार व्यहोर्नु परेको छ।

ख. देशमा तिव्र रुपमा बढ्दै गैरहेका हाईड्रोपावर परियोजना निर्माणले गर्दा दक्ष जनशक्तिको अभाव खड्किदै आएको छ।

ग. विश्व वातावरणमा आएको परीवर्तनले गर्दा सुख्खायाममा पानीको कमी हुने समस्य देखिएको छ।

घ. विदेशी मुद्रामा भएको भारी वृद्धिले गर्दा मर्मत सम्भार तथा पर्टपुर्जामा खर्च बढ्न गएको छ।

६. **संस्थागत सुशासन:**

संस्थागत सुशासनको लागि कम्पनीले पालना गर्नु पर्ने नीति, नियम पूर्ण रुपमा पालना गरेको छ।

७. **सत्य तथ्य सम्बन्धी प्रबन्ध संचालकको उद्घोषणा :**

यस अवधिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरूको शुद्धता सम्बन्धमा कम्पनीको तर्फबाट म उत्तरदायित्व लिन्छु। साथै म यो उद्घोषणा गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरू सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरूलाई उचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरू लुकाएको छैन।

वालुङ समुदायको फुटुक पर्व

मखुन्डोभित्र लुकेको साढे चार सय वर्षको इतिहास

ताप्लेजुङमा **केशवप्रसाद भट्टराई**



दसैँ र तिहारको बिचमा ताप्लेजुङको उत्तरी हिमाली बस्ती ओलाङचुङगोला लामाहरूको मन्त्रले गुञ्जिन्छ । पर्यटकीय बस्तीमा गाउँलेहरू गुम्बामा भेला हुन्छन् । कसैले देवताको त कसैले राक्षसको मखुन्डो लगउँछन् । धार्मिक मन्त्र गुञ्जिरहँदा मखुन्डो लगाएका लामाहरू युद्धको अभिनय गर्दै नाँच्छन् । नौ दिनसम्म चल्ने यो पर्वमा रात बित्दै जान्छ, तर गुम्बाको धार्मिक अनुष्ठान र सांस्कृतिक गतिविधि रोकिँदैन ।

ताप्लेजुङको ओलाङचुङगोलामा वालुङ समुदायको मौलिक फुटुक पर्व धार्मिक आस्था, ऐतिहासिक स्मृति र सांस्कृतिक पहिचानको संगमका रूपमा मनाइने गरिन्छ । दसैँको कोजाग्रत पूर्णिमादेखि तिहारको लक्ष्मीपूजा अर्थात् नौ दिन मनाइने यस पर्वमा विशेष पूजापाठ, देव नृत्य र सामुदायिक जमघट हुन्छ । नेपालका विभिन्न ठाउँमा तिहारको रौनक तथा हर्षोल्लास भइरहँदा ओलाङचुङगोलामा भने फुटुकको आफ्नै रौनक हुन्छ । समुदायका मानिस आफ्नो पुरानो परम्परा जोगाउन एक ठाउँमा भेला हुन्छन् । पुस्तौँदेखि चल्दै आएको धार्मिक विधि र नृत्य नयाँ पुस्तालाई देखाउने र सिकाउने अवसरका रूपमा पनि हेरिन्छ । वालुङ समुदायका मासिनहरू विश्वका विभिन्न ठाउँमा गए पनि सकेसम्म फुटुक पर्वमा ओलाङचुङगोला आइपुग्छन् । यस वर्ष फुटुकका लागि अमेरिका, जापान, दार्जिलिङलगायत ठाउँबाट ७० जना आइपुगेको फक्tाङलुङ गाउँपालिका- ७ का वडाध्यक्ष छेतेन शेर्पाले बताए ।

तिब्बतसँग जोडिएको वालुङको इतिहास

वालुङ समुदायको इतिहास तिब्बतसँग जोडिएको छ । वडाध्यक्ष शेर्पा यो समुदायको उद्गमस्थल तिब्बतको सिगात्सेनजिकको तानक गाउँ रहेको बताउँछन् । कालान्तरमा तमोर नदीको सिरानमा पर्ने ओलाङचुङगोला क्षेत्रमा बासोबास विस्तार गर्दै समुदायले आफ्नै भाषा, संस्कृति र परम्परा विकास गरेको वडाध्यक्ष शेर्पाले बताए । लोपोन्मुख जातिका रूपमा रहेको वालुङ समुदायको मुख्य थातथालो ओलाङचुङगोला हो । याङ्मा, घुन्सा, लुङथुङ र लेलेपआसपासका बस्तीसमेत यस क्षेत्रको सांस्कृतिक जीवनसँग जोडिएका छन् । तिब्बतसँगको पुरानो व्यापारिक सम्बन्ध, पशुपालन, गलैँचा बुनाइ र हिमाली जीवनशैली साथै कुटुम्बेली परम्पराले समुदायको पहिचान निर्माण गरेको छ ।

मखुन्डोमा देवता र राक्षसको युद्ध

फुटुक पर्वको सबैभन्दा आकर्षक पक्ष देव नृत्य हो । लामाहरूले देवता र राक्षसको मखुन्डो लगाएर युद्धको अभिनय गर्दै नृत्य प्रस्तुत गर्दछन् । रंगीन मखुन्डो, विशेष पोसाक र धार्मिक तालमा प्रस्तुत गरिने नृत्यले पर्वलाई विशिष्ट बनाउँछ । मखुन्डो लगाएर प्रस्तुत गरिने नृत्यलाई मनोरञ्जनका रूपमा मात्र होइन, देवता र राक्षसबिचको द्वन्द्वले धर्म र अधर्म तथा असल र खराबबिचको संघर्षलाई प्रतीकात्मक रूपमा प्रस्तुत गर्दछ ।

मध्यरातसम्म पूजा, गुम्बामा घिउको आगो

फुटुक पर्वको केन्द्र ओलाङचुङगोलास्थित ऐतिहासिक दिकिछ्योलिङ गुम्बा करिब साढे चार सय वर्ष पुरानो वालुङ समुदायको धार्मिक तथा सांस्कृतिक सम्पदाका रूपमा महत्त्वपूर्ण मानिन्छ । पर्वको अवधिभर लामाहरूले गुम्बामा विशेष पूजा, मन्त्रपाठ र धार्मिक अनुष्ठान गर्छन् । मध्यरातदेखि पूजापाठ सञ्चालन हुने वडाध्यक्ष शेर्पा बताउँछन् । गुम्बामा घिउ र तेल बालेर पूजा गर्ने परम्परा छ । त्यसबाट निस्कने धुँवा गुम्बाको धुरीभन्दा माथि पुगे शुभ हुने धार्मिक विश्वास छ । नौ दिन चल्ने यो पर्वको अन्तिम चार दिनलाई विशेष महत्त्व दिइन्छ । यी दिनमा देव नृत्य प्रस्तुत गरिन्छ र धार्मिक विधिबाट पर्व समापन गरिन्छ ।

पर्यटनको सम्भावना, संरक्षणको चुनौती

ओलाङचुङगोला प्राकृतिक सौन्दर्य र सांस्कृतिक विविधताले भरिएको हिमाली बस्ती हो । परम्परागत घर, ऐतिहासिक गुम्बा, हिमाली भूगोल, तमोर नदी र वालुङ समुदायको जीवनशैलीले यस क्षेत्रलाई पर्यटनको सम्भावनायुक्त गन्तव्य बनाएको छ । फुटुक पर्वलाई व्यवस्थित रूपमा पर्यटनसँग जोड्न सके स्थानीय होटेल, होमस्टे, स्थानीय परिकार, हस्तकला र गाइड सेवाबाट समुदायले आम्दानी गर्न सक्छ । पर्वको समयमा सांस्कृतिक अवलोकन, स्थानीय उत्पादनको प्रदर्शनी र वालुङ समुदायको इतिहासबारे जानकारी दिने कार्यक्रम सञ्चालन गर्न सकिन्छ ।

एमाले नेतृ...

पृष्ठ १ बाट क्रमशः

लिन नसक्ने उल्लेख गर्दै सिलवालले कार्यविधि सच्याएर निर्णय गर्नुपर्ने बताए ।

सेनाका अर्का पूर्वउपरथी होमनाथ दवाडीले पनि पूर्वराष्ट्रपति भण्डारीको सुरक्षाबाट सैनिक टोली फिर्ता गर्नुपर्ने बताए । 'पूर्वराष्ट्रपतिको मर्यादाबाट राजनीतिक कार्यकर्ताको मर्यादामा तल झरेका व्यक्तिलाई नेपाली सेनाको सुरक्षा दिइनु कुनै पनि हालतमा उपयुक्त हुँदैन,' उनले नयाँ पत्रिकासँग भने, 'विद्यमान कार्यविधिमा जेसुकै भए पनि पदको मर्यादा नराखेका पूर्वराष्ट्रपतिको सुरक्षामा सेना खटिनुहुँदैन । सरकारले कार्यविधि तत्काले सच्याएर सेना फिर्ता गरिहाल्नुपर्छ ।'

यो विषयमा प्रधानसेनापतिले सरकारसँग समन्वय गरेर निर्णय लिनुपर्ने दवाडीको भनाइ छ । 'म प्रधानसेनापति हुन्थेँ भने पूर्वराष्ट्रपति सक्रिय राजनीतिमा लागेको घोषणा गरेको पाँच मिनेटभित्रै सरकारसँग स्वीकृति मागेर सैनिक टोली निकालिदिन्थेँ,' उनले भने, 'यस्तो विषयमा प्रधानसेनापतिले निर्णय लिन किन डराउने ?'

सुरक्षा मामिला जानकार डा. इन्द्र अधिकारीले भण्डारी पूर्वराष्ट्रपतिका रूपमा रहँदा र राजनीतिक कार्यकर्ता भएर दलमा फर्केपछि आउने सुरक्षा चुनौतीका आयाम फरक भएकाले सेनाको सुरक्षा नाजायज भएको टिप्पणी गरिन् । 'विद्यादेवी भण्डारी पूर्वराष्ट्रपतिका रूपमा मात्रै कायम रहँदा आउने सुरक्षा चुनौती र राजनीतिक कार्यकर्ता भएर दलमा फर्केपछि आउने सुरक्षा चुनौतीका आयाम फरक हुन्छन्,' उनले भनिन्, 'राजनीतिक कार्यकर्ता भएबापत उत्पन्न हुने सुरक्षा चुनौतीका सन्दर्भमा उनको सुरक्षा दिने दायित्व नेपाल प्रहरी वा सशस्त्र प्रहरीको हुनुपर्छ, राष्ट्रिय सेनाको होइन । पदको गरिमाबाट च्यूत भएर राजनीतिमा लागेका पूर्वराष्ट्रपतिहरूको सुरक्षामा आज मात्र होइन, भविष्यमा पनि सैनिक टोली र सेनाको गाडी दुरुपयोग गरिनुहुँदैन ।'

नेपाली सेनाका प्रवक्ता सहायकरथी राजाराम बस्नेतले गृह मन्त्रालयले बनाएको 'विशिष्ट व्यक्तिहरूको सुरक्षा व्यवस्थापनसम्बन्धी कार्यविधि, २०८१' का आधारमा पूर्वराष्ट्रपतिहरूको सुरक्षामा नेपाली सेना खटिएको बताए । 'हामीले कार्यविधिअनुसार सुरक्षा दिएका हौँ,' उनले नयाँ पत्रिकासँग भने, 'पूर्वउपराष्ट्रपतिको सुरक्षामा चाहिँ नेपाली सेना हुँदैन ।'

पदबाट बिदा भएको पाँच वर्षसम्म ११ सदस्यीय सैनिक टोली रहने र त्यसपछि तीनजना खटिने भिआइपी सुरक्षा व्यवस्थापनसम्बन्धी कार्यविधिमा छ । विद्यमान सुरक्षा कार्यविधिअनुसार उनले २८ फागुन ०८४ पछि पनि तीनजना सैनिकको सुरक्षा पाउनेछिन् ।

हाल पूर्वराष्ट्रपति रामवरण यादवकहाँ तीनजना सैनिक छन् । यादव २०६५ साउन ८ देखि २०७२ कात्तिक १२ सम्म राष्ट्रपति थिए । २०७७ कात्तिकदेखि उनी पदबाट बिदा भएको पाँच वर्ष पुगेसँगै उनको सुरक्षामा तीनजना सैनिक खटिएका छन् । बहालवाला राष्ट्रपतिलाई नेपाली सेनाका सहायकरथीको नेतृत्वमा सुरक्षा हुँदै आएको छ ।

भण्डारीका स्वकीयसचिव राजकुमार राईले डेढ वर्षदेखि पूर्वराष्ट्रपति भण्डारीले कुनै पनि प्रकारको सरकारी सुविधा नलिएको बताए । 'सरकारले नै आवश्यक ठानेर उहाँको शान्ति-सुरक्षाको संवेदनशीलताका आधारमा सेना खटाएको हुन सक्छ । उहाँले गत वर्षदेखि नै राज्यबाट प्राप्त हुने बाँकी सबै सुविधा त्यागुभएको हो,' उनले भने ।

सुरक्षाबाहेक सरकारी सुविधा नै परित्याग

भण्डारीले पूर्वराष्ट्रपतिका रूपमा सुरक्षाबाहेक अन्य सरकारी सुविधा भने नलिएको उनको सचिवालयले जनाएको छ । सक्रिय राजनीतिमा जाने निर्णयसँगै १८ असार ०८२ देखि उनले पूर्वराष्ट्रपतिका रूपमा पाउने सरकारी सुविधा नलिएको सचिवालयको भनाइ छ । यसका लागि भण्डारीले गृह मन्त्रालयलाई पत्र नै पठाएकी थिइन् । त्यसअघि भने उनले सचिवालय सञ्चालनबापत राज्यबाट करिब डेढ लाख रुपैयाँ लिने गरेकी थिइन् ।

जेन-जी आन्दोलनका क्रममा भंगालस्थित निवास आगजनी गरिएपछि भण्डारी बालुवाटारस्थित जेठी छोरी उषाकिरण भण्डारीको निवासमा बस्दै आएकी छिन् । हाल उनको सचिवालय स्वकीयसचिव राजकुमार राईले हेर्दै आएका छन् । त्यस्तै, भतिजी मीना भण्डारीले पनि सचिवालय सञ्चालनमा सहयोग गर्छिन् ।

भण्डारी मुलुकको दोस्रो राष्ट्रपति हुन् । उनी ०७२ मा संविधान घोषणा भएपश्चात् निर्वाचित पहिलो राष्ट्रपति पनि हुन् । उनी सुरुमा ११ कात्तिक ०७२ मा व्यवस्थापिका-संसद्बाट राष्ट्रपतिमा निर्वाचित भइन् । उनी २९ फागुन ०७४ मा राष्ट्रपतिमा दोस्रो कार्यकालका लागि पुनः निर्वाचित भएकी थिइन् । कार्यकाल सकिएसँगै उनी २८ फागुन ०७९ मा निवृत्त भएकी थिइन् ।

अधिकांश सरकारी...

पृष्ठ १ बाट क्रमशः

लिनसमेत लाइनमै बस्नुपर्ने बाध्यता छ । अझ अधिकांश सरकारी अस्पतालको सफ्टवेयर बिग्रिने रोग पुरानै हो । सफ्टवेयर बिग्रिँदा उपचारका लागि अस्पतालमा पुगेका बिरामी घन्टौँसम्म लाइन बस्नुपर्ने अवस्था छ । वीर, त्रिवि शिक्षण, निजामती, पाटन अस्पताल र प्रसूति गृहले अनलाइन टिकट र टोकन दिने गरे पनि वेबसाइटमा आइरहने समस्याका कारण लाइन लाग्नै पुग्नुपर्ने बाध्यता छ ।

नीतिगत रूपमा डिजिटल हेल्थ तथा टेलिमेडिसिनलाई परिपक्व बनाउने कार्य नहुँदा स्वास्थ्य सेवा प्रभावकारी नभएको वीर अस्पतालका टेलिमेडिसिन शाखा प्रमुख डा. प्रकाश बुढाथोकीले बताए । 'टेलिमेडिसिनको सबैभन्दा महत्त्वपूर्ण भनेको इलेक्ट्रोनिक हेल्थ रेकर्ड हो, तर त्यसलाई पनि व्यवस्थित गर्न सकिएको छैन, हामीकहाँ हेल्थ सिस्टम प्रविधिमैत्री बन्न सकिरहेको छैन, सबैजसो बिरामी कागज नै बोकेर आउने र कागजमै डाक्टरले लेख्ने अनि हेर्ने चलन छ,' उनले भने, 'डिजिटल हेल्थ र टेलिमेडिसिनको क्षेत्रमा सरकारले ध्यान नै दिएन, एकातर्फ बजेटको कमी भयो, अर्कातर्फ डिजिटल हेल्थको अभ्यास कम भयो ।'

त्यति मात्रै होइन हाल अस्पतालहरूले बिरामीको भुक्तानीका लागि राखेको सफ्टवेयरसमेत समय-समयमा बिग्रने गरेको छ । जसका कारण बिरामी घन्टौँसम्म लाइन बस्नुपर्ने अवस्था छ । संघीय अस्पतालहरूमा सफ्टवेयर प्रणालीमा बिरामीको विवरण अध्यावधिक गर्ने, अनलाइन प्रणालीबाट रिपोर्ट हेर्न र बिरामीलाई सेवा दिने प्रणाली सहज नभएको स्वास्थ्य मन्त्रालयका सहप्रवक्ता डा. समीर अधिकारीले बताए । उनका अनुसार नेपालमा स्वास्थ्य संस्था टिजिटल तथा अनलाइन प्रणालीको हिसाबमा कमजोर छन् । संघीय अस्पतालमा पनि यसको अभ्यास कमजोर देखिन्छ ।

'डिजिटल सिस्टम भयो भने सेवा प्रवाहमा सजिलो हुन्छ, बिरामीले कागज नै बोकेर स्वास्थ्य संस्थामा गइराख्नुपर्दैन, हराउने समस्या पनि हुँदैन, कागजमा हुने खर्च पनि बचत हुन्छ,' उनले भने, 'अझ बिरामीको रिपोर्ट सुरक्षित राख्न र विश्लेषण गर्न सजिलो हुन्छ, तर हामीकहाँ यसलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न सकिरहेका छैनौँ ।'

उनका अनुसार डिजिटल हेल्थको मुख्य प्रणाली भने को 'इलेक्ट्रोनिक मेडिकल रेकर्ड' हो । जहाँ बिरामीका हरेक विवरण अस्पतालले डिजिटल रूपमा राख्छ । हाल केही निजी अस्पतालहरूले यस्तो प्रणाली कार्यान्वयनमा ल्याए पनि सरकारीमा भने लागू हुन सकेको छैन । कतिपय अस्पतालहरूले अस्पतालको पुरानो फाइल तथा अत्यावश्यक कागजात अनलाइन इन्ट्री गरे पनि बिरामीको विवरण राख्ने र उनीहरूलाई उपचारमा सहजता प्रदान गर्ने गरेका छैनन् । अझ सबैभन्दा बढी बिरामीको चाप हुने वीर, त्रिवि शिक्षण, शुक्रराज टुपिकल तथा सरुवा रोग, कान्ति बाल, निजामती, कीर्तिपुर फेक्ट, पाटन, थापाथली प्रसूति गृहजस्ता अस्पतालमा त झन् बिलिङ काउन्टरको सफ्टवेयरसमेत समय-समयमा बिग्रिँदा बिरामीलाई सास्ती हुने गरेको छ । यी अस्पतालमा अनलाइन टिकट तथा टोकन वितरण गर्ने नियम ल्याए पनि त्यो भरपर्दो छैन । जसका कारण बिहानैदेखि बिरामी अस्पतालमा लाइन लाग्न बाध्य हुने गरेका छन् ।

यसअघि सरकारले कोभिडको समय ०७७ मा दूर-चिकित्सा सेवा तथा अनलाइन स्वास्थ्य सेवा कार्यविधि, ०७७ तयार गरेको थियो । त्यति वेला भौतिक रूपमा सेवा प्रवाह गर्न कठिन हुने भएकाले मेडिकल काउन्सिलले पनि एउटा मापदण्ड बनाएको थियो र अनलाइन प्रणालीबाट सेवा दिने भनेको थियो । तर, त्यो पनि कार्यान्वयन हुन सकेको छैन ।

स्वास्थ्य मन्त्रालयका सहप्रवक्ता डा. समीर अधिकारले डिजिटल हेल्थ तथा अनलाइन स्वास्थ्य सेवाभन्दा टेलिमेडिसिन प्रभावकारी भएको बताए । 'हाल वीरको सबैभन्दा राम्रो टेलिमेडिसिन सेवा छ, तर अनलाइन स्वास्थ्य प्रणाली समग्रमा व्यवस्थित हुने क्रममै छ,' उनले भने, 'टेलि मेडिसिनबाट सहिद धर्मभक्त अंग प्रत्यारोपण केन्द्रले पनि मिर्गौलासम्बन्धी परामर्श दिइरहेको छ ।' बिरामी र चिकित्सक प्रत्यक्ष रूपमा एकैठाउँमा उपस्थित नभई सूचना तथा सञ्चार प्रविधिको सहयोगमा टाढैबाट प्रदान गरिने स्वास्थ्य सेवा टेलिमेडिसिन सेवा हो ।

स्वास्थ्य बिमा बोर्डका अध्यक्ष सुवास प्याकुरेलले नेपाल डिजिटल हेल्थमा भर्खर बामे सरेको बताए । 'डिजिटल हेल्थलाई व्यवस्थित बनाउन पहिलो चरणमा स्वास्थ्य मन्त्रालयले नै यसका कार्ययोजना बनाउनुपर्छ, मन्त्रालयभित्र यसको छुट्टै विभाग वा शाखा चाहिन्छ,' उनले भने, 'डिजिटल हेल्थका लागि हाल भएको कानुनले मात्रै पुग्दैन, अस्पतालको डेटा सेक्युर गर्नेसम्बन्धी कानुन बनाउनुपर्छ, स्वास्थ्य मन्त्रालयको आइटी विभागमा जनशक्ति बढाउनुपर्छ, स्थानीय तहसम्म कभरेज गर्ने गरी प्रदेश र संघसँग डेटा सेन्टर हुनुपर्छ, त्यो प्रदेश र संघको निगरानीमा राख्नुपर्छ ।' उनले डिजिटल हेल्थलाई लागू गर्न डाक्टर र नर्सलाई पनि प्रशिक्षणसहित रेगुलेट गर्ने अधिकार दिनुपर्ने बताए । उनका अनुसार हाल स्वास्थ्य बिमा बोर्डले पनि स्वास्थ्य बिमाको क्लेम तथा प्रमाणीकरण डिजिटल र एआईबाट गर्दै छ ।

स्वास्थ्यमन्त्री निशा मेहताका स्वास्थ्य सल्लाहकार डा. मनोहरलाल प्रधानले इएमआर (इलेक्ट्रोनिक मेडिकल रेकर्ड) कार्यान्वयन गर्न सबै सरकारी र निजी स्वास्थ्य संस्थालाई निर्देशन दिइसकेको बताए । उनका अनुसार यस्तो नियम लागू गर्न अस्पतालले सफ्टवेयर अनिवार्य राख्नुपर्ने र त्यसमा बिरामी रेकर्ड राख्ने र सेवा लिन आएका बिरामीलाई डिजिटल कार्ड दिएर पठाउनुपर्ने बताए । 'अस्पतालले डिजिटल रूपमा रेकर्ड राखे पनि बिरामीलाई कार्ड दिन्छन्, त्यसमा बिरामीको रेकर्ड हुन्छ, फाइल तथा कागज बोकेर हिँडिराख्नुपर्दैन,' उनले भने, 'बिरामी जहाँ गए पनि उसको रेकर्ड डिभाइस र कार्डमै हुन्छ, त्यसो गर्दै एउटै जाँच अस्पतालैपिच्छे गराउनुपर्दैन ।'

उनका अनुसार हाल पाटन, वीर, निजामती, टिचिङमा छिटो लागू गर्न निर्देशन भइसकेको छ । यसबाहेक चितवनको भरतपुर अस्पतालमा अनलाइन प्रणालीमै रिपोर्ट हेर्ने अभ्यास परीक्षणका रूपमा थालिएको डा. प्रधानको भनाइ छ ।

डिजिटल हेल्थको रोडम्याप नै बनेन

वीर अस्पताल टेलिमेडिसिन शाखाका प्रमुख डा. बुढाथोकीले हाल नेपालमा डिजिटल हेल्थको रोडम्याप नबनेको बताए । 'टेलिमेडिसिन, इलेक्ट्रोनिक मेडिकल रेकर्ड, इलेक्ट्रोनिक हेल्थ रेकर्ड, टेलिकन्सल्टेसन, मोबाइल स्वास्थ्य सेवा भनेर सेवा प्रदान भएको छ, तर डिजिटल हेल्थेको पूरै प्याकेज लागू हुन सकेको छैन,' उनले भने, 'स्वास्थ्य मन्त्रालयले निजी र सरकारी स्वास्थ्य संस्थालाई इलेक्ट्रोनिक मेडिकल रेकर्ड (इएमआर) राख्नु भनेको छ, तर यो पूर्ण रूपमा लागू भएको अवस्था छैन ।'

डा. बुढाथोकीका अनुसार सरकारले डिजिटल नेपालको फ्रेमवर्कभित्र डिजिटल हेल्थलाई पनि समेटेको छ । तर, कार्यान्वयन भने हुन सकेको छैन । मुख्यतः डिजिटल हेल्थसँग सम्बन्धित नीति नै बनेको छैन । यसबाहेक भिड व्यवस्थापनका लागि डिजिटल टोकन सिस्टम प्रभावकारी हुने भए पनि त्यसको कार्यान्वयन पनि व्यवस्थित छैन ।

कसरी बनाउन सकिन्छ डिजिटल हेल्थलाई प्रभावकारी ?

वीरका डा. बुढाथोकीका अनुसार डिजिटल हेल्थलाई प्रभावकारी रूपका कार्यान्वयन गर्न हरेक अस्पतालहरूमा भर पर्दो इन्टरनेट सेवा चाहिन्छ । हरेक अस्पताललाई लिंक गरेर एकै किसिमको सफ्टवेयर राखेर डेटा प्रणाली लागू गर्नुपर्छ । अस्पतालहरूमा डेस्कटप र फास्ट सेवा चाहिन्छ भने आइटीका जनशक्ति पनि थप्नुपर्छ । हाल अस्पतालपिच्छे फरक-फरक कम्पनीका सफ्टवेयरहरू प्रयोग गर्दै आएको अवस्था छ ।

'हामीकहाँ डिजिटल हेल्थ अभ्यासमा मात्रै सीमित छ, यही पनि प्रभावकारी कार्यान्वयन हुन सकेको छैन,' डा. बुढाथोकीले भने, 'अभ्यास गरिरहेको अवस्थामा पनि सिस्टम बिग्रने र बिरामीले दुःख पाउने अवस्था छ ।'

यस्ता छन् इलेक्ट्रोनिक मेडिकल रेकर्डका फाइदा

डा. बुढाथोकीका अनुसार इलेक्ट्रोनिक मेडिकल रेकर्ड स्वास्थ्य क्षेत्रमा भइरहेको डिजिटल रूपान्तरणको महत्त्वपूर्ण टुल्स हो । यसले बिरामीको स्वास्थ्यसम्बन्धी विवरण कागजी फाइलमा राख्नुको सट्टा कम्प्युटर वा डिजिटल प्रणालीमा सुरक्षित राख्ने व्यवस्था गर्छ । नेपालमा अस्पताल, स्वास्थ्य संस्था, सरकारी स्वास्थ्य कार्यक्रम तथा स्वास्थ्य सूचना प्रणालीलाई डिजिटल बनाउन सरकारले ध्यान नदिँदा यसको प्रयोग हुन सकेको छैन । अस्पतालहरूले बिरामीको स्वास्थ्यसम्बन्धी सम्पूर्ण विवरणलाई डिजिटल माध्यमबाट अभिलेख, व्यवस्थापन र प्रयोग गर्ने बानी बसालेका छैनन् ।

डिजिटल हेल्थ प्रणाली कार्यान्वयन गर्दा बिरामीको नाम, उमेर, ठेगाना र परिचय नम्बर, बिरामीको विगतको स्वास्थ्य अवस्था र रोगको इतिहास, चिकित्सकले गरेको परीक्षण र निदान, प्रयोगशालाको रिपोर्ट, चिकित्सकले लेखेको औषधि र उपचार, शल्यक्रिया तथा अस्पताल भर्नासम्बन्धी विवरण, खोप, गर्भावस्था तथा नियमित स्वास्थ्य परीक्षणको विवरण सबै अनलाइनमै हुन्छ । जसका कारण बिरामीको अवस्था बुझ्न र उपचार गर्न सहज पनि हुन्छ । बिरामीको विवरण हराउने जोखिम पनि हुँदैन ।

हाल विश्वका अधिकांश विकसित मुलुकहरूमा प्रयोग भएको इलेक्ट्रोनिक मेडिकल रेकर्ड सिस्टम नेपालमा पनि लागू गर्ने हो भने यसले सेवा दिने र लिने दुवैलाई सहज हुने डा. बुढाथोकीको भनाइ छ ।

आवश्यकता

मुस्ताङका लागि अनुभवी अलराउण्डर वेटर/ हाउसकिपर तथा अलराउण्डर कुक आवश्यक छ ।

सम्पर्क: ९७०००५३०७१ ९८६७८४९५८४

River Falls Power Limited

रिभर फल्स पावर लिमिटेड

Kathmandu, Nepal, Tel: +977-5902330, Email: riverfallshydropower@gmail.com

Web. www. riverfallshydro.com.np

Unaudited Financial Results (Quarterly)

1st Quarter of financial Year 2083/84

Balance Sheet as on Ashwin 31, 2083 (Unaudited) (NPR '000)

Particulars	This Quarter ending As at 31st Ashwin, 2083	Previous Quarter ending As at 32nd Ashad, 2083	Previous Year Quarter ending As at 31st Ashwin 2082
Assets			
Non-Current Assets:			
Properties, Plant & Equipments	2,198,003.23	2,204,381.59	2,249,080.42
Other Fixed Assets			
Work-in-Progress	-	-	-
Investments	214,398.00	214,398.00	214,341.00
Total Non-Current Assets	**2,412,401.23**	**2,418,779.59**	**2,463,421.42**
Current Assets:			
Deposits & Margin	-	-	21.78
Other Loans & Advances	340,936.16	340,078.46	141,252.41
Sundry Debtors	63,396.00	48,869.09	68,282.76
Cash & Bank Balance	47,056.07	31,422.53	16,204.21
Total Current Assets	**451,388.24**	**420,370.07**	**225,761.15**
Total Assets	**2,863,789.46**	**2,839,149.66**	**2,689,182.57**
Equity			
Share Capital	1,400,000.00	1,400,000.00	700,000.00
Reserve and Surplus	320,013.47	276,959.29	35,083.26
Total Equity	**1,720,013.47**	**1,676,959.29**	**735,083.26**
Liabilities			
Non-Current Liabilities:			
Secured Term Loans	1,098,108.16	1,108,057.84	1,529,517.54
Unsecured Loans	-	-	-
Total Non-Current Liabilities	**1,098,108.16**	**1,108,057.84**	**1,529,517.54**
Current Liabilities & Provisions:			
Trade and Other Payables	43,951.49	53,294.84	317,049.16
Short Term Loan	-	-	106,831.15
Deferred Tax Liabilities	63.30	63.30	60.25
Staff Bonus Provisions	1,653.05	774.40	641.21
Total Current Liabilities	**45,667.84**	**54,132.54**	**424,581.77**
Total Liabilities	**1,143,776.00**	**1,162,190.38**	**1,954,099.31**
Total Equity and Liabilities	**2,863,789.46**	**2,839,149.66**	**2,689,182.57**

Profit & Loss Accounts for the period ended Ashwin 31, 2083 (Unaudited) (NPR '000)

Particulars	This Quarter ending As at 31st Ashwin, 2083	Previous Quarter ending As at 32nd Ashad, 2083	Previous Year Quarter ending As at 31st Ashwin 2082
Revenue from Operations	96,450.74	264,331.18	100,681.18
Less: Direct Expenses	4,650.86	37,422.46	4,639.34
Gross Profit	**91,799.89**	**226,908.72**	**96,041.84**
Other Income	-	1.99	-
Administrative and Operating Costs	6,509.93	15,939.57	5,785.43
Financial Costs	26,406.17	112,485.64	43,275.10
Depreciation	14,950.95	59,765.60	14,920.86
Provision for Staff Bonus	878.66	774.40	641.21
Net Profit before Tax	**43,054.18**	**37,945.50**	**31,419.25**
Income Tax	-	-	
Net Profit	**43,054.18**	**37,945.50**	**31,419.25**

धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूचि-१४(नियम २६ को उपनियम (१) सँग सम्बन्धित)

रिभर फल्स पावर लिमिटेडको आ.व.२०८३/०८४ को पहिलो त्रैमासिक अवधिको विवरण

१. **वित्तीय विवरण**

क) पहिलो त्रैमासिक अवधिको वासलात र नाफा नोक्सान सम्बन्धी विवरण यसै साथ संलग्न गरिएको छ ।

ख) प्रमुख वित्तीय अनुपातहरु:

प्रति शेयर आम्दानी (Annulized)	१२.३०	शेयरको बजार मुल्य रु.	३३३.००
प्रति शेयर नेटवर्थ (रु.)	१२२.८६	प्रति शेयर कूल सम्पत्तिको मुल्य (रु.)	२०४.५६
तरलता अनुपात	९.८८	मुल्य आम्दानि अनुपात.	२७.०७

२. **व्यवस्थापकीय विश्लेषण**

यस आयोजनाले मिति २०८० साल श्रावण २५ गते देखि व्यापारिक उत्पादन शुरु गरेको छ ।

३. **कानुनी कारवाही सम्बन्धी विवरण**

यस कम्पनी वा यसका संस्थापक वा संचालकको विरुद्धमा कम्पनीको व्यवसायिक कारोबार सम्बन्धी कुनै पनि मुद्दा दायर नभएको ।

४. **संगठीत संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण**

यस कम्पनीको पहिलो त्रैमासिक अवधिको शेयर कारोबार सम्बन्धी विवरण यस प्रकार रहेको छ ।

अधिकतम मुल्य (रु.)	३६९.६०	कारोबार भएको कूल दिन	६१
न्यूनतम मुल्य (रु.)	३५.००	कारोबार शेयर संख्या	१,१७७,२१८
अन्तिम मुल्य (रु.)	३३३.००	कारोबार रकम (रु.)	३९४,१५१,९०५

५. **समस्या र चुनौती**

यस कम्पनीले बहन गर्नु पर्ने बाह्य समस्या र चुनौतीमा पूर्वानुमान गरे भन्दा बाहिरको बाढी, पहिरो लगायत अन्य दैविक प्रकोपको चुनौती सधै रहिरहने हुन्छ । नदीमा जलको प्रवाहमा कमी हुन गएमा आयोजनाबाट हुने विद्युत उत्पादनमा असर पर्न सक्दछ ।

६. **संस्थागत सुशासन**

कम्पनीमा संस्थागत सुशासन राख्न व्यवस्थापन सदैव प्रतिबद्ध रहेको छ । कम्पनीको सञ्चालनलाई व्यवस्थित गर्न तथा विभिन्न जोखिमहरु न्यूनिकरण गर्न समयानुकूल नीति निर्देशिकाहरु सञ्चालन सर्मितिले पारित गरी लागू गर्दै आएको छ । साथै प्रचलित कानुन, नियमन निकायहरुबाट प्राप्त निर्देशनहरु एवं लेखा परीक्षकको सुझाव अनुसार कार्य सम्पादन गरिदै आएको छ ।

७. **सत्य, तथ्यता सम्बन्धमा अध्यक्षको उदघोषण**

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उदघोषण गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन ।

Chilime Hydropower Company Limited

Chilime Tower, Dhumbarahi, Kathmandu

Invitation for Electronic Bids

Date of Re-Publication: 2083/07/30

Chilime Hydropower Company Limited invites electronic bids from eligible bidders for **Underground Powerhouse Debris Clearance Work for Bid Identification No: Re- CHPCL:2083/84-PH-FDCW-01. Bidding is open to all eligible as per Section V of bidding document** under National Competitive Bidding–Single Stage Two Envelope Bidding procedures. The estimated Amount excluding VAT & Provisional Sum is **NRs.2,74,76,849.42**. Bidding documents is available online and can be downloaded from the e-GP system: www.bolpatra.gov.np/egp. Interested bidders shall register in the e-GP system.

SN	Cost of SQ Document	Bid Security/ Cash Deposit Amount	Bank	A/C	Name of Office
1	NRs.5000.00 (Non-refundable)	NRS. 5,90,000.00	Muktinath Bikas Bank Limited	03010200231197000001	Chilime Hydro Power Co.Ltd

Eligible Bidders may obtain further information at the office of **Chilime Hydropower Company Limited, Kathmandu. Tel.:+ 977 (01) 4370773, 4370793. Fax:+ 977 (01) 4370720.**

Email:chpcl@chilime.com.np, chilimehcadoffice@gmail.com or may visit PPMO website www.bolpatra.gov.np

■ प्लेअफ समीकरण पूरा

लुम्बिनी र सुदूरपश्चिमले क्वालिफायर खेल्ने



काठमाडौंविरुद्ध ९९ रनमा आउट भएपछि निराश हुँदै पोखराका ब्याट्सम्यान कुशल भुर्तेल । तस्बिरः **अमुल थापा**/नयाँ पत्रिका

पोखरा एभेन्जर्ससँग ५५ रनले पराजित भएको काठमाडौं गोर्खाजले एलिमिनेटरमा चितवन राइनोजको सामना गर्ने

अंकतालिका

टोली	खेल	जित	हार	अंक	रनरेट
लुम्बिनी लायन्स	७	५	१	११	१.२५
सुदूरपश्चिम रोयल्स	७	५	२	१०	०.१३
काठमाडौं गोर्खाज	७	४	३	८	०.३६
चितवन राइनोज	७	३	३	७	०.०१
विराटनगर किंग्स	७	३	४	६	-०.४६
कर्णाली याक्स	७	३	४	६	-०.६४
पोखरा एभेन्जर्स	७	२	५	४	-०.१७
जनकपुर बोल्ट्स	७	२	५	४	-०.४२

रमेश सुवेदी/नयाँ पत्रिका

तेस्रो संस्करणको नेपाल प्रिमियर लिग (एनपिएल)को प्लेअफ समीकरण पूरा भएको छ । त्रिवि क्रिकेट मैदानमा लिग चरणका सबै २८ खेल सकिएपछि चालू सिजनको प्लेअफको समीकरण तयार भएको हो । पोखरा एभेन्जर्स र काठमाडौं गोर्खाजबिच लिग चरणको अन्तिम खेल थियो । यसअघि खेलअगाडि नै प्लेअफमा पुग्ने चारै टोलीको टुंगो लागिसकेको थियो । तर, दोस्रो र तेस्रो स्थानका लागि भने टुंगो लागेको थिएन ।

पोखराले काठमाडौंलाई ५५ रनले हराएपछि क्वालिफायर र एलिमिनेटर चरणमा प्रतिस्पर्धा गर्ने टोलीहरूको टुंगो लागेको छ ।

अब पहिलो क्वालिफायरमा साबिक विजेता लुम्बिनी लायन्स र दुईपटकको उपविजेता सुदूरपश्चिम रोयल्सबिच खेल हुनेछ । एलिमिनेटरमा काठमाडौंले चितवनको सामना गर्नेछ । शीर्ष स्थानमा रहेको लुम्बिनीले सर्वाधिक ११ अंक बनाएको छ । साबिक उपविजेता सुदूरपश्चिमले १० अंकका साथ दोस्रो स्थानमा रहँदै पहिलो क्वालिफायर खेल्ने पक्का गरेको हो । काठमाडौंले दोस्रो स्थान रक्षा गर्न पोखरालाई हराउनुपर्ने समीकरण थियो । तर, हारले काठमाडौं ८ अंकका साथ तेस्रो भयो । पोखरालाई हराउँदा काठमाडौंले रनरेटमा सुदूरपश्चिमलाई विस्थापित गर्ने थियो ।

प्लेअफ होडबाट बाहिरिसकेको पोखराले लिग चरणको अन्तिम खेलमा काठमाडौंलाई निराश बनाउँदा सुदूरपश्चिमको दोस्रो स्थान यथावत् रह्यो । क्वालिफायरमा पराजित हुने टोलीले काठमाडौं र चितवनबिचको विजेताविरुद्ध फाइनल प्रवेशका लागि प्रतिस्पर्धा गर्नेछ । एक किसिमले क्वालिफायरमा पराजित हुने टोलीलाई अन्तिम दुईमा पुग्ने अवसर छ । ८ अंकका साथ काठमाडौं तेस्रो स्थान भयो ।

७ अंक जोडेको चितवन चौथो भएको छ । पहिलो संस्करणको विजेता जनकपुर बोल्ट्स लगातार दोस्रोपटक पुछारमा रह्यो । जनकपुरले सात खेलमा दुई जित र पाँच हार निकाली ४ अंक जोडेको छ । पोखरासँग अंक बराबरी गरे पनि जनकपुर रनरेटमा कमजोर हुँदा आठ टोली सहभागी फ्रेन्चाइजमा आठौं स्थानमा रहेको हो । जनकपुरले काठमाडौं र पोखरालाई हराएको थियो । जनकपुरले लगातार चार खेल गुमाएको छ ।

कुशल चुके एक रनले शतक बनाउन

काठमाडौंविरुद्ध पोखराका पूर्वकप्तान कुशल भुर्तेल एक रनले शतकीय इनिङ्स खेल्न चुकेका छन् । एनपिएल क्रिकेट इतिहासमा शतक प्रहार गर्ने पहिलो नेपाली खेलाडी बन्नबाट उनी चुकेका हुन् । भुर्तेल ९९ रन बनाउँदै पेभेलियन फर्किए । उनले ५१ बलमा समान आठ चौका र छक्का प्रहार गरेका थिए । उनलाई १८औं ओभरमा काठमाडौंका कप्तान करण केसीले स्मित पटेलबाट क्याचआउट गराए । एनपिएलको प्रत्येक संस्करणमा पोखराका ब्याट्सम्यानले शतकीय इनिङ्स खेलेका छन् ।

चालू सिजनमा पोखराका युवराजसिंह सम्राले कर्णाली याक्सविरुद्धको खेलमा शतक प्रहार गरेका थिए । सन् २०२४ को सिजनमा पोखराका आन्द्रे गौसले लुम्बिनीविरुद्ध शतक लगाएका थिए । सन् २०२५ को सिजनमा पोखराका एडम रोसिङ्टनले कर्णालीसँगको प्रतिस्पर्धामा ५८ बलमा १०८ रन जोडेका थिए । त्यस सिजनमा एक मात्र शतक उनको नाममा रह्यो । त्रिवि क्रिकेट मैदानमा काठमाडौंविरुद्ध आक्रामक ब्याटिङ गरेको पोखराका लागि ओपनर युवराज सम्राले ५५ बलमा ८९ रनको योगदान दिए । उनले आठ चौका र पाँच छक्का प्रहार गरेका थिए । कुशल र युवराजले पोखरालाई १७-१ बाट २०३/२ को बलियो स्थितिमा राखे । दुवै ब्याट्सम्यान तीन बलको अन्तरमा पेभेलियन फर्केका थिए । युवराज र कुशलको उत्कृष्ट ब्याटिङ प्रदर्शनमा पोखराले २० ओभरमा तीन विकेट गुमाएर २२४ रन बनाएको थियो । प्रत्युत्तरमा काठमाडौंले १९.५ ओभरमा सबै विकेट गुमाएर १६९ रन बनाएको थियो । काठमाडौंका लागि अन्तिम ओभरमा सोनु देवकोटाले लगातार चार बलमा छक्का प्रहार गरी हारको अन्तर कम गरेका थिए । उनले १४ बलमा २९ रन जोडे ।

दिनेशको कसिलो बलिङ

२२५ रनको लक्ष्य पछ्याएको काठमाडौंविरुद्ध पोखराका दिनेश खरेलले घातक बलिङ गरेका थिए । उनले चार ओभरमा १८ रन खर्चेर सर्वाधिक चार विकेट लिए । उनले ७.६ ओभरमा साहिल पटेल, ९.१ ओभरमा बोसिस्टो, ११.२ ओभरमा सहान अचाचिगे तथा १६.२ ओभरमा करण केसीको विकेट लिँदै काठमाडौंलाई कमजोर अवस्थामा राखे ।

करण आउट हुँदा काठमाडौं १६.२ ओभरमा १२९/८ को स्थितिमा थियो । पोखराका लागि विपिन खत्रीले चार ओभरमा २८ रन दिएर तीन विकेट लिए । विपिनले १.५ ओभरमा भीम सार्की, १५.२ ओभरमा रसिद खान र १५.४ ओभरमा सन्तोष यादवको विकेट लिँदै काठमाडौंलाई १३७/७ को स्थितिमा राखे । काठमाडौंको ब्याटिङमा ओपनर सहिल पटेलले २३ बलमा चार चौका र एक छक्का प्रहार गरी ३४ रन बनाए । बोसिस्टोले २२ बलमा २६ तथा रसिदले २० बलमा २६ रन जोडे ।

खेल तालिका


क्वालिफायर १		
१ मंसिर	लुम्बिनी लायन्स-सुदूरपश्चिम रोयल्स	साँझ ५ बजे
इलिमिनेटर		
२ मंसिर	काठमाडौं गोर्खाज-चितवन राइनोज	साँझ ५ बजे
क्वालिफायर २		
३ मंसिर	क्वालिफायर १ को पराजित-इलिमिनेटको विजेता	साँझ ५ बजे
फाइनल		
५ मंसिर	क्वालिफायर १ - क्वालिफायर २ को विजेता	साँझ ५ बजे



खेलपछिको भनाइ

अन्तिममा पोखराको राम्रो भयो

● **कुशल भुर्तेल**, खेलाडी, पोखरा



तेस्रो सिजनको एनपिएलमा पोखराले अन्तिम समयमा राम्रो गऱ्यो । सुरुका प्रदर्शन खराब रहे । लिग चलिरहँदा कमब्याक गर्ने योजना थियो, तर सफल भएनौं । पोखराले वास्तवमा खराब प्रदर्शनका कारण नै पाँच खेल गुमाएको हो । यसअघि म जिम्बाबेसँगको टी-२० आईमा पनि ९९ रनमा आउट भएको थिएँ । यसपटक पनि यही स्कोरमा पेभेलियन फर्किदा दुःखी छु । काठमाडौंविरुद्ध सुरुदेखि नै आक्रामक ब्याटिङ गर्ने योजना बनाएका थियौं । एक किसिमले योजना सफल भयो ।

भुर्तेललाई ९९ रनमा आउट गर्ने योजना थियो

● **करण केसी**, कप्तान, काठमाडौं



कुशल ९९ रनमा खेलिरहेका थिए । मैले बलिङ गर्नुअघि उनलाई शतक बनाउन रोक्ने योजना बनेको थियो । त्यस ओभरमा कुनै योर्कर नफ्र्याँक्ने र आउटसाइड अफस्टम्प बलिङ गर्ने रणनीति बनाएँ । यसै योजनामा कुशल ९९ रनमा आउट भए । यस खेलमा जित आउँदा पहिलो क्वालिफायरमा पुग्ने थियौं । यद्यपि, इलिमिनेटर चरणमा रहँदा पनि केही फरक छैन । काठमाडौं त्यसका लागि तयार छ ।

एनपिएल एकै मैदानमा भइरहेको छ

● **चमिका करुनारत्ने**, कप्तान, पोखरा



नेपाल प्रिमियर लिगको यो तेस्रो सिजन हो । यो लिग एकै मैदानमा भइरहेको छ । लिगलाई थप उचाइमा पुऱ्याउन थप मैदानहरूको आवश्यकता भएको महसुस गरेको छ । यद्यपि, यहाँका क्युरेटरहरूले उत्कृष्ट काम गरेका छन् । विशेषतः काठमाडौंविरुद्धको खेलमा युवराज र कुशलले उत्कृष्ट ब्याटिङ प्रदर्शन गरे । उनीहरूले पोखरालाई खेलमा बलियो स्थितिमा पुऱ्याए । मेरो यो एनपिएल पहिलो यात्रा भए पनि एकदम खुसी छु । यहाँका दर्शकको कुरै नगरौं ।

■ विकेटको खुसी



कर्णाली याक्सविरुद्धको खेलमा चितवन राइनोजका समर्थक ।

पिचप्रति सिकन्दरको असन्तुष्टि

चितवन राइनोजका कप्तान सिकन्दर राजाले त्रिवि क्रिकेट मैदानको पिचप्रति सन्तुष्टि पोखेका छन् । कर्णाली याक्ससँग २४ रनले पराजित भएपछि सिकन्दरले त्रिविमा अन्तर्राष्ट्रिय प्रतिस्पर्धा गराउन थप सुधार हुनुपर्ने औंल्याएका हुन् । 'यहाँको पिच निकै खराब छ,' पोस्टम्याचमा उनले भने, 'विश्वका ठुला राष्ट्रसँग खेल्न यहाँको पिच सुधार गर्नुपर्छ ।' पछिल्लो समयमा बलरभन्दा पनि ब्याटिङ पिच बनिरहेको प्रसंग औंल्याएका छन् । ब्याटिङ पिचमा दर्शक खेल हेर्न आउने र बलिङ पिचमा समर्थक निराश हुने गरेको सिकन्दरको भनाइ छ । 'विश्वका हरेक क्रिकेटका पिच राम्रा छन्, त्यहाँ ब्याटिङलाई महत्त्व दिइएको छ,' उनले भने, 'जति धेरै मैदानमा रोमाञ्चकता बढ्छ तब मात्र क्रिकेटको स्तर माथि उठछ ।' उनले चौथो सिजनको एनपिएलमा पिच राम्रो हुने आशा गरेका छन् । 'राम्रो पिच हुँदा बलरलाई बलिङ गर्न र ब्याट्सम्यानलाई पनि सहज हुन्छ,' उनी भन्छन्, 'यसले बलर र ब्याट्सम्यानको आत्मविश्वास बढ्छ ।' फ्रेन्चाइज क्रिकेट लिग र देशको क्रिकेटलाई नयाँ उचाइमा लैजान राम्रो पिच बनाउनुको विकल्प नरहेको उनको भनाइ छ ।

रेकर्डले भरिएको पोखरा र काठमाडौंबिचको प्रतिस्पर्धा

श्रीलोचन राजोपाध्याय/नयाँ पत्रिका

क्यानडाका युवा ब्याट्सम्यान युवराज सम्राको आगमनपछि पोखरा एभेन्जर्सले तेस्रो सिजनको एनपिएलमा उत्कृष्ट नतिजा निकालेको छ । युवराजले चालू एनपिएलमा तीन खेलमा मात्र अवसर पाए । उनी तीनमध्ये दुई खेलमा आक्रामक रूपमा ब्याटिङ गर्न सफल भए । अहिले उनी सर्वाधिक रन बनाउने सूचीको शीर्ष स्थानमा छन् । युवराज मात्र नभएर पूर्वकप्तान कुशल भुर्तेल पनि अन्तिम समयमा फर्ममा आए । कुशल आफ्नै आक्रामक ब्याटिङको लयमा आउँदा पनि पोखरालाई केही फाइदा भएन ।

पोखरा प्लेअफ दौडबाट बाहिरिसकेको थियो । तर, पोखराले अन्तिम दुई खेलमा भने कीर्तिमानी प्रदर्शन गऱ्यो । पोखराले आफ्नो पाँचौं खेलमा कर्णाली याक्सविरुद्ध २१७ रनको योगफल बनाएको थियो । अन्तिम तथा सातौं खेलमा पोखराले एनपिएल इतिहासमै सर्वाधिक योगफल खडा गरेको छ । पोखराले प्लेअफ स्थान पक्का गरिसकेको काठमाडौं गोर्खाजविरुद्ध २२४ रनको विशाल योगफल खडा गऱ्यो ।

एनपिएलकै उच्च योगफल

एनपिएल इतिहासमा दोस्रो संस्करणमा विराटनगर किंग्सले पोखराविरुद्ध २२० रनको सर्वाधिक योगफल खडा गरेको थियो । त्यसवेला विराटनगरका लोकेश बमले ४८ बलमा ७२ रनको योगदान दिएका थिए । पोखराले आइतबार त्रिवि क्रिकेट मैदानमा काठमाडौंविरुद्ध २२४/३ को प्रदर्शन गऱ्यो । रसिद खानले बलिङ गरेको अन्तिम बलमा ६ रन जोडेपछि पोखराले विराटनगरको सर्वाधिक रेकर्ड तोडेको हो ।

१८६ रनको साझेदारी

काठमाडौंका बलरलाई निरीह बनाएको प्रतिस्पर्धामा कुशल र युवराजले दोस्रो विकेटका लागि कीर्तिमानी साझेदारी गरे । पोखराले ओपनर अर्जुन कुमालको विकेट गुमाउँदा स्कोर बोर्डमा १७ रन मात्र चढाएको थियो । युवराज र कुशल २.२ देखि १८.२ ओभरसम्म विस्फोटक रूपमा ब्याटिङ गर्दै दोस्रो विकेटका लागि १८६ रनको कीर्तिमानी साझेदारी गर्न सफल भए ।

यी दुवै खेलाडीले पहिलो संस्करणमा पोखराका आन्द्रे गौस र दिनेश खरेलबिच पहिलो विकेटका लागि बनेको १७६ रनको साझेदारी तोडेका थिए । दिनेश र गौसले लुम्बिनीविरुद्ध १७१ रनको लक्ष्य केवल १६.५ ओभरमा विनाक्षति पूरा गरेका थिए । सो खेलमा गौसले १०४ रन जोडेका थिए । दिनेशले ६१ रन बनाए । कुशल र युवराजले अघिल्लो खेलमा कर्णालीविरुद्ध दोस्रो विकेटका लागि १३६ रनको साझेदारी गरेका थिए ।



तीनपटक दुई सय कटाउने पोखरा

त्रिवि क्रिकेट मैदानमा गत साता स्पिनरमुखी पिच बनेको थियो । ब्याट्सम्यानले राम्रोसँग बाउन्ड्री लगाउन सकेका थिएनन् । दोस्रो ब्याटिङ गर्ने टोलीले सामान्य लक्ष्य पनि अन्तिम ओभरमा प्राप्त गरेको थियो । यसै कारण पिचबारे धेरै आलोचना भयो । तर, पोखराले लगातार खेलमा दुई सय रनको योगफल कटाएको छ । एनपिएल इतिहासमा पोखरा तीनपटक दुई सय रन कटाउने पहिलो टोली बनेको छ ।

गत सिजनमा पोखराले कर्णालीविरुद्ध दुई विकेट गुमाएर २०१ रन बनाएको थियो । चालू सिजनमा दुई खेलमा पोखराले दुई सयमाथिको योगफल बनायो । तेस्रो सिजनको १९औं खेलमा पोखराले कर्णालीविरुद्ध तीन विकेट गुमाएर २१७ रन बनाएको थियो । यस खेलमा ओपनर युवराजले ४८ बलमा १०२ रनको शतकीय इनिङ्स खेलेका थिए । आइतबार एनपिएलकै सर्वाधिक रनका रूपमा तीन विकेटको क्षतिमा २२४ रन जोड्यो ।

नेपाली खेलाडीको उच्च स्कोर

काठमाडौंविरुद्ध पोखराका कुशल १ रनले शतकीय इनिङ्स खेल्न चुके । तर, उनले एनपिएलमा नेपाली खेलाडीमध्ये सर्वाधिक व्यक्तिगत रन बनाउने रेकर्ड आफ्नो नाममा लेखाए । काठमाडौंका कप्तान करण केसीको ओभरमा उनी विकेटपछाडि पटेलबाट क्याच आउट भए । कुशल ९९ रनमा पेभेलियन फर्के । यसअघि लुम्बिनी लायन्सका कप्तान रोहित पौडेलले पोखराविरुद्ध नै ९५ रन बनाएका थिए ।

१५ छक्का र १८ चौका

पोखराले विशाल योगफल खडा गर्नुका पछाडि बाउन्ड्री प्रमुख रह्यो । पोखराले पहिलो इनिङ्समा चौका र छक्काको वर्षा गरेको थियो । सो इनिङ्समा ब्याट्सम्यानहरूले १५ छक्का र १८ चौका प्रहार गरेका थिए । पोखराले बाउन्ड्रीबाट सर्वाधिक रन जोड्ने कीर्तिमान बनायो । पोखराले छक्काबाट ९० रन र चौकाबाट ७२ रन बटुलेको थियो । चालू एनपिएलकै १९औं खेलमा पोखराले कर्णालीविरुद्ध २१७ रनको योगफल खडा गरेको थियो । यस खेलमा पोखराले बाउन्ड्रीबाट १४८ रन जोडेको थियो । जसमा १६ छक्काबाट र १३ चौका प्रहार भएको थियो ।

जितका साथ कर्णालीको यात्रा समाप्त

नयाँ पत्रिका

कर्णाली याक्सले अन्तिम खेलमा जितका साथ तेस्रो सिजनको एनपिएल यात्रा सकाएको छ । त्रिवि क्रिकेट मैदानमा कर्णालीले आइतबार चितवन राइनोजमाथि २४ रनको जित निकालेको हो । पहिलो ब्याटिङ गरेको कर्णालीले २० ओभरमा आठ विकेट गुमाएर १५३ रनको योगफल खडा गरेको थियो । प्रत्युत्तरमा चितवनले १९.१ ओभरमा सबै विकेट गुमाएर १२९ रन जोड्दा कर्णाली २४ रनले विजयी भयो । यसपटकको एनपिएलमा कर्णाली ६ अंकका साथ छैटौं स्थानमा सीमित भयो ।

चालू एनपिएलमा कर्णालीले सुरुवाती दुई खेलमा उत्कृष्ट प्रदर्शन गरेको थियो । पहिलो संस्करणको विजेता जनकपुर बोल्ट्सविरुद्ध १९ रनको जित निकालको कर्णालीले दोस्रो खेलमा अर्को सातदार प्रदर्शन गऱ्यो । कर्णालीले दोस्रो खेलमा विराटनगर किंग्सविरुद्ध खेल सकिनु एक बल बाँकी रहँदै चार विकेटको सनसनी जित हात पाऱ्यो । पहिलो दुई खेलबाट ४ अंक जोडेको कर्णालीको एक किसिमले प्लेअफ यात्रा सहज देखिएको थियो । तर, त्यसपछिका चार खेल कर्णालीका लागि पीडादायी बन्यो ।

कर्णालीले लगातार चार खेल गुमायो । यही चार खेल गुमाउँदा नै कर्णालीले प्लेअफ स्थान रक्षा गर्न नसकेको हो । कर्णालीले आफ्नो तेस्रो खेलमा काठमाडौंलाई चार विकेटले नतिजा सुम्पिएको थियो । यसैगरी चौथो खेलमा सुदूरपश्चिमबाट ३९ रनले पराजित भयो ।

चार खेलमा समान दुई जित र हार नतिजा व्यहोरेको कर्णालीको प्लेअफ आशा यथावत् थियो । त्यसवेलासम्म अन्य टोलीको नतिजा पनि मिश्रित आइरहेका थिए । तर, लिगमै कमजोर प्रदर्शन गरिरहेको पोखराविरुद्ध पनि कर्णालीले खेल गुमायो । पोखराले कर्णालीलाई ६३ रनले निराश बनायो । आफ्नो छैटौं खेलमा साबिक विजेता लुम्बिनी लायन्सबाट चार विकेटले पराजित हुँदा कार्णालीका प्लेअफको बाटो नै बन्द भयो ।



हुसेनको अलराउन्ड प्रदर्शन

कर्णालीले अन्तिम खेलमा जित निकाल्दा पाकिस्तानका हुसेन तलातले अलराउन्ड प्रदर्शन गरेका थिए । उनले ब्याटिङमा ३३ बलको सामना गरी ५१ रन जोडेका थिए । यसैगरी बलिङमा १७ रन खर्चेर चितवनका महत्त्वपूर्ण तीन विकेट हात पारे । प्लेअफ स्थान पक्का गरिसकेको चितवनविरुद्ध कर्णालीको मध्यक्रम ब्याटिङ कमजोर देखिएको थियो । सचित शर्मा (०), दीपक डुम्रे (७) र कप्तान डेभिड मिलर (५) रनमा आउट हुँदा कर्णाली ८.१ ओभरमा ५९/४ को अवस्थामा थियो । त्यसपछि हुसेनले इनिङ्स सम्हाले । उनले अन्तिमसम्म नटआउट रहँदै दुई चौका र तीन छक्का प्रहार गरे । उनी र गुल्सन झाले आठौं विकेटका लागि २६ रन जोडे । गुल्सनले ६ बलमा दुई छक्का र एक चौका प्रहार गरी १८ रन बनाए । ओपनर अरिफुल इस्लामले १५ बलमा चार चौका र दुई छक्का प्रहार गरी ३५ रन बनाए ।

चितवनको मध्यक्रम कमजोर

१५४ रनको लक्ष्य पछ्याएको चितवनको ओपनिङ उत्कृष्ट रह्यो । कमिल मिश्रा र देव खनालले पहिलो विकेटका लागि ३.४ ओभरमा ३५ रनको साझेदारी गरे । कर्णालीका सोमपाल कामीले देवलाई १४ रनमा बोल्ड गरे । देव आउट भएपछि पाकिस्तानका हुसेनले चितवनको मध्यक्रम र पुछारको ब्याटिङ कमजोर बनाए । उनले डानलाई पहिलो विकेटका रूपमा आउट गरे । त्यसपछि सलाहुदिन खान र कमल ऐरीलाई आउट गर्दै हुसेनले आफ्नो तीन विकेट पूरा गरे ।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com